
मेरो सम्झनामा

डा. डिल्लीरमण रेग्मी



कुमार नेपाल

मेरो सम्झनामा डा. डिल्लीरमण रेग्मी

(लेखसङ्ग्रह)

श्री दिल्ली रमण कल्याणी रेग्मी
मेमोरी पुस्तकालयलाई उपहार

कुमार नेपाल

प्रकाशक
दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल

प्रकाशक

दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल

२७२/७० गौरीघाट मार्ग

चाबहिल, काठमाडौं

फोन नं. ४४८६४७६

इमेल : dayitwa44@gmail.com

कृति : मेरो सम्झनामा डा. डिल्लीरमण रेग्मी

विधा : लेखसङ्ग्रह

लेखक : कुमार नेपाल

प्रकाशित प्रति : ५००

संस्करण : प्रथम, २०७७ मङ्सिर

ले-आउट : दीपेन्द्र बस्नेत

मुद्रण : सूर्योदय छापाखाना

हाँडिगाउँ, काठमाडौँ, फोन : ४४३४९७१

मूल्य रू. २००/-


Mero Samjhanama Dr. Dilliraman Regmi

by : Kumar Nepal

ISBN : 978-9937-9411-7-4

समर्पण







समर्पण

पूजनीय डा. डिल्लीरमण रेग्मी (बाबा)
मामू कल्याणी रेग्मी र नुतन रेग्मीप्रति
सादर समर्पण

नेपाल प्रज्ञा-प्रतिष्ठान

पत्र संख्या

चलानी नं.



शुभकामना

स्व. डिल्लीरमण रेग्मी बहुआयामिक व्यक्तित्वका धनी हुनुहुन्थ्यो । उहाँ राजनीतिज्ञ, इतिहासकार, परराष्ट्र मामिला विज्ञ आदि मात्र नभएर एक कुशल लेखक पनि हुनुहुन्थ्यो । नेपालको इतिहास, परराष्ट्र मामिला एवम् राजनीतिक तथा सामाजिक विषयमा थुप्रै पुस्तक लेखेका रेग्मीले नेपालको प्रजातान्त्रिक आन्दोलनमा पनि महत्त्वपूर्ण भूमिका खेल्नुभएको थियो । तत्कालीन समयमा अङ्ग्रेजी भाषामा पुस्तक लेख्न सक्ने नेपाली लेखकहरूमध्ये रेग्मीको नाम औंलामा गन्न सकिने नाम हो ।

उनै वहुप्रतिभाशाली स्वर्गीय व्यक्तित्ववारे लेखक कुमार नेपालले लेख सङ्ग्रह प्रकाशन गर्न लाग्नुभएको थाहा पाउँदा मलाई औधी खुसी लागेको छ । लेखकद्वारा यसअघि विभिन्न स्मृति ग्रन्थमा प्रकाशित भइसकेका लेखहरूसमेतलाई समावेश गरी यो पुस्तक प्रकाशन गर्न लागिएको रहेछ । त्यसो त पुस्तकमा स्वर्गीय रेग्मीसँग सम्वन्धित अन्य उल्लेखनीय सामग्रीसमेत समावेश गरिएका छन् ।

यस पुस्तकवाट स्वर्गीय रेग्मीको व्यक्तित्व र उहाँका योगदानवारे थप जानकारी हासिल गर्न सहज हुने मेरो विश्वास छ । अघिल्लो पुस्ताका अधिकांश मानिसहरू स्वर्गीय रेग्मीको व्यक्तित्ववारे जानकार नै छन् । यद्यपि स्वर्गीय रेग्मीसँग सम्वन्धित विविध विषयलाई मिहिन ढङ्गले उल्लेख गरिएकाले उहाँबारे जान्न चाहने सबैका लागि यो पुस्तक उपयोगी हुने देखिन्छ । नयाँ पुस्तालाई स्वर्गीय रेग्मीको योगदानबारे बुझाउनका लागि त यो निकै उपयोगी सामग्री बनेको छ ।

यस्ता बहुआयामिक व्यक्तित्वबारेको लेख सङ्ग्रह तयार गर्ने लेखक कुमार नेपाल तथा पुस्तक प्रकाशनको जिम्मेवारी लिने दायित्व वाङ्मय प्रतिष्ठानको कार्य निकै नै प्रशंसनीय छ । म यस पुस्तकको उच्च सफलताको कामना गर्दछु ।

गङ्गाप्रसाद उप्रेती

कुलपति

वि.सं. २०७७ असोज

कमलादी, काठमाडौं, नेपाल

फोन : ०१-४२२१२८३, ४२२१२४१, ४२२१२४२ फ्याक्स : ९७७-०१-४२४१७८६, ४२५७८८६

पो.ब.नं. : २३०५८, काठमाडौं, नेपाल

इमेल : office@nepalacademy.org.np वेबसाइट : www.nepalacademy.org.np



इन्दिरा दली

शुभेच्छा

डा. डिल्लीरमण रेग्मीजस्ता नेपालका बहुआयामिक तथा बहुप्रतिभाशाली लब्धप्रतिष्ठित बौद्धिक व्यक्तित्वका बारेमा 'मेरो सम्झनामा डा. डिल्लीरमण रेग्मी' शीर्षकको अति महत्त्वपूर्ण पुस्तक प्रकाशन गर्न लाग्नुभएकोमा यसका लेखक श्री कुमार नेपाललाई म सबभन्दा पहिले हार्दिक बधाई तथा धन्यवाद व्यक्त गर्दछु।

यस कृतिका लेखक कुमार नेपाल व्यक्तिगत जीवनमा सिधासाधा, मित एवम् मृदुभाषी हुनुहुन्छ तापनि मलाई उहाँको लेखन भने साह्रै नै टाठो र चनाखो लाग्यो। एक वर्षअघि मात्र उहाँले छोटा, मिठा, स्पष्ट र सकारात्मक सोचका ५७ वटा कविताहरूको सङ्ग्रह 'चोट' प्रकाशनमा ल्याउनुभएको थियो। यही एक वर्षको अवधिमा अब फेरि उहाँले अर्को नयाँ किताब निकाल्नलाग्नु खुसीको विषय हो।

त्यसो त यस कृतिमा समावेश भएका लेखहरू हालसाल लेखिएका भने होइनन्। यस कृतिमा नेपालको राजनीति, इतिहास, समाजसेवा तथा बौद्धिक क्षेत्रमा आफ्नो विशिष्ट स्थान बनाउन सफल डा. रेग्मीसँग सम्बन्धित विविध पक्षका बारेमा विश्लेषण गरेर वि.सं. २०६० देखि २०७४ सालका बिचमा लेखिएका नौवटा लेख र एउटा कविता पनि सङ्कलित छ र यी डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयबाट वेला वेलामा प्रकाशित भएका विभिन्न स्मृतिग्रन्थ तथा स्मारिकाहरूमा छापिइसकेका पनि हुन्। त्यस अतिरिक्त कृतिको अन्त्यमा डा. रेग्मीसँग सम्बन्धित अन्य महत्त्वपूर्ण जानकारी र रेग्मी स्वयम्ले स्थापना गर्नुभएको डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय र यसका विविध क्रियाकलाप आदिका बारेमा आवश्यक सूचनाहरू पनि सामेल गरिएको छ।

नेपाल सरकारको ३० वर्षभन्दा बढी लामो अधिकृत स्तरको सेवाबाट अवकाश लिएका यस कृतिका लेखकलाई डा. डिल्लीरमण रेग्मी आफैले बोलाएर उहाँको पुस्तकालयमा काम गर्नका लागि नियुक्त गर्नुभएको रहेछ। लेखकको भनाइमा डा. रेग्मीजस्ता महामानवसँग सङ्गत गर्न र समय बिताउन पाउनु आफ्नो पूर्वजन्मकै तपस्याको फल हो। रेग्मीजस्ता विद्वान् व्यक्तिको निकट रहेर काम गर्ने मौका पाउँदा उहाँबाट लेखकले ज्ञानगुनका धेरै नै कुरा सिक्ने अवसर पाउनुभएको रहेछ। लेखकका अनुसार रेग्मीले सधैं भन्ने गरेका विचारमध्ये केही यस्ता रहेछन् :

➢ सेवा नै धर्म हो, धर्म नै सेवा हो। धर्मका चार पाउ हुन्छन् र ती हुन् : दया, अहिंसा, सत्य र शान्ति।

➢ देउताको पूजापाठ गर्नु र मानिसको मृत्युपछि गरिने क्रियाकर्म, श्राद्ध आदि गर्नु रुढिवादी परम्परा मात्र हो, त्यो गर्नु आवश्यक छैन।

➢ ईश्वरको अस्तित्वको कुनै प्रमाण छैन।

➢ मूर्तिपूजाले ईश्वर प्राप्त हुँदैन। ईश्वर प्राप्त गर्न मानव शरीरलाई चिन्न र बुझ्न सक्नुपर्छ, मानव शरीर नै ईश्वरको प्रतिमूर्ति हो।

➢ परोपकार पुण्याय, पापाय परपीडनम्।

यसरी नै डा. रेग्मी महाकवि लक्ष्मीप्रसाद देवकोटाका निम्न पङ्क्तिहरू बारम्बार सम्झाउने गर्नुहुन्थ्यो रे :

- कुन मन्दिरमा जान्छौ यात्री कुन मन्दिरमा जाने हो ?
- कुन सामग्री पूजा गर्ने साथ कसोरी लाने हो ?
- मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन।

डा. रेग्मीको नजिकै बसेर काम गर्ने र सिक्ने मौका पाएकैले पनि होला, लेखकले रेग्मीलाई विभिन्न पाटामा बाँड़ेर विश्वशान्तिका पुजारी र अनुयायी, वरिष्ठ राजनीतिज्ञ, स्वतन्त्रता सेनानी, सशस्त्र जनआन्दोलन विरोधी तथा शान्तिका पथप्रदर्शक, सुप्रसिद्ध इतिहासकार, प्रजातन्त्रप्रेमी-प्रजातन्त्रवादी, इमानदार राष्ट्रवादी सेवक, दानवीर, कर्मवीर, विद्यावीर, समाजसेवी, पुस्तकालयप्रेमी आदि, आदि विशेषण दिएर व्याख्यासमेत गर्नुभएको छ।

यस कृतिको पहिलो लेख एक किसिमले डा.डिल्लीरमण रेग्मीको छोटो जीवनी नै हो । यसले परिचय, वंशावली, जन्म, शिक्षा, दाम्पत्य र गृहस्थी जीवन, राजनैतिक गतिविधि, लेखक तथा इतिहासकारका रूपमा रेग्मी, विचार र रुचि, पुस्तकालयको स्थापना, डा. डिल्लीरमण रेग्मी ट्रस्टको स्थापना, स्वर्गारोहण आदिको विवरण र व्याख्या गरेको छ । अन्य आठ लेखहरूले चाहिँ डा. रेग्मीका जीवनका विविध पक्षको चित्रण गरेका छन् । कृतिको अन्तमा प्रस्तुत कविता पनि डा. रेग्मीकै विषयमा केन्द्रित छ। कृतिमा पाठकहरूले डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयका संस्थापक डा. रेग्मीलाई विभिन्न सङ्घसंस्थाले प्रदान गरेका अभिनन्दन पत्रहरू, डा. रेग्मीका प्रमाणपत्रहरूको विवरण, डा.डिल्लीरमण रेग्मी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शान्ति पुरस्कार, डा. डिल्लीरमण रेग्मी युवा छात्र पुरस्कार लगायतका अन्य विविध विषयका बारेमा जानकारी पाउनेछन् ।

छोटोमा भन्नुपर्दा यस कृतिले एकातिर बहुआयामिक व्यक्तित्वका धनी, असाधारण प्रतिभा तथा तीक्ष्ण बुद्धि भएका प्रखर विद्वान् डा. डिल्लीरमण रेग्मीको जीवनका विविध पक्षका बारेमा र उहाँले स्थापना गरी नेपाल सरकारलाई हस्तान्तरण गरेर सोह्र, सत्र वर्षअघिदेखि नियमित रूपले सञ्चालन हुँदै आएको पुस्तकालय र यसका विभिन्न क्रियाकलापका बारेमा महत्त्वपूर्ण जानकारी गराउने काम गर्छ भने अर्कातिर विभिन्न अध्ययनकर्ता र अनुसन्धानकर्ताहरूलाई डा. रेग्मीका बारेमा अझ बढी गहन अध्ययन र अनुसन्धान गर्न सहयोग पुऱ्याउने र प्रेरित गर्ने काम गर्दछ ।

यसका साथै यस कृतिले नेपालका अन्य विद्वान् तथा अध्ययनकर्ताहरूलाई पनि आफूले सङ्कलन तथा प्रयोग गरेका महत्त्वपूर्ण ज्ञानसामग्रीहरू आफ्नो शेषपछि खेर नजाऊन् भनेर उचित प्रयोग गराउनका लागि सके आफैंले डा. रेग्मीले जसरी नै पुस्तकालय खोल्न, नसके पनि आफ्ना निजी महत्त्वपूर्ण ज्ञानसामग्रीहरू नेपालका ठूलठूला पुस्तकालयहरू जस्तैः त्रिवि केन्द्रीय पुस्तकालय, नेपाल राष्ट्रिय पुस्तकालय, मदन पुरस्कार पुस्तकालय आदिमा बेलैमा उपहारस्वरूप दिन प्रेरणा दिनेछ भन्ने विश्वास मैले लिएकी छु ।

यस पुस्तकले मलाई एउटा के कुराको अनुभूति गराएको छ भने डा. रेग्मीजस्ता अति प्रतिभाशाली र सक्षम राष्ट्रिय व्यक्तितत्व नेपालमा बिरलै

छन् र उहाँका बारेमा जे जति अध्ययन-अनुसन्धान हुनुपर्ने हो त्यति भएको छैन । त्यसैले यस विषयले अलि बढी नै प्राथमिकता पाउनुपर्ने हो भन्ने मलाई लागेको छ ।

अन्य सङ्घसंस्था वा व्यक्तिले यस विषयमा चासो नदिएको खण्डमा 'डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय'ले नै कतिपय विश्वविद्यालयका सम्बन्धित विभागहरूमा सम्पर्क राखी छलफल चलाएर विद्यार्थीहरूलाई छात्रवृत्ति दिने र रेग्मीका विभिन्न आयामहरूका बारेमा गहन अध्ययन-अनुसन्धान गराउने प्रयास गर्नु आवश्यक देखिन्छ ।

डा. रेग्मीको जीवनी र कार्यहरूका बारेमा किशोर तथा बालबालिकाहरूका लागि उपयोगी हुने सामग्रीहरू निर्माण गर्न पनि यस कृतिका लेखकका साथै अरू लेखकहरूको ध्यान जानु म जरुरी ठान्दछु । डा. रेग्मीको जीवनी र निजले गरेका महत्त्वपूर्ण कार्यहरूले नेपाली समाजका लागि लाभदायी काम गर्न बालबालिका र किशोरहरू अझ बढी प्रेरित र उत्साहित हुनेछन् भन्ने विश्वास मैले लिएकी छु ।


नेपालको लोकतान्त्रिक आन्दोलन, राजनीति र इतिहास लेखनको क्षेत्रमा आफ्नो छुट्टै विशिष्ट स्थान बनाउन सक्षम डा. डिल्लीरमण रेग्मीको जीवनी र कार्यलाई केलाउनु र पाठकहरूलाई चिनाउनु यस कृतिको विशेषता हो । त्यसैले म फेरि एकचोटि लेखक कुमार नेपाललाई डा. रेग्मीका विषयमा यति महत्त्वपूर्ण पुस्तक लेखेर पाठकसामु पुऱ्याउन खोज्नुभएकोमा हार्दिक बधाई र धन्यवाद दिन चाहन्छु । भविष्यमा पनि यस्तै महत्त्वपूर्ण कृतिहरू पाठकहरू समक्ष ल्याउन उहाँ सफल हुनुहुनेछ भन्ने आशासहित हार्दिक शुभकामना पनि व्यक्त गर्दछु ।

अन्तमा : यस पुस्तकालय परिसरभित्र मुख्य गेट अगाडि डा. रेग्मी आफैले निर्माण गर्न लगाउनुभएको स्तुपमा उहाँको इच्छा अनुसार उहाँको मृत्युपछि अस्तु खरानी राखिराखेको छ । मलाई लाग्छ, उक्त अस्तु याने डा. रेग्मीको आत्माले पुस्तकालयमा आउने हरेक पाठक तथा आगन्तुकलाई सधैँ स्वागत गरिरहेको भान हुन्छ ।

अध्यक्ष, डिल्लीरमण–कल्याणी रेग्मी स्मारक पुस्तकालय

३ मङ्सिर २०७७

'मेरो सम्झनामा डा. डिल्लीरमण रेग्मी' जीवनीपरक कृतिसन्दर्भ



ठाकुर शर्मा भण्डारी

स्रष्टा कुमार नेपालको जन्म २००६ साल भाद्र ३ गते ल.पु.म.न.पा वडा नं. ११ शङ्खमूल ललितपुरमा भएको हो। आमा पद्मकुमारी नेपाल एवं बुवा जयनिधि शर्मा नेपालका सुपुत्र कुमार नेपाल नेपाली साहित्यको क्षेत्रमा कवि एवं निबन्धकारको रूपमा पदार्पण भएको छ।

विए बिएडका अध्ययन गर्नुभएका कुमार नेपालले शिक्षा, प्रशासन, हुलाक प्राथमिक शिक्षक र जनसङ्ख्या शिक्षा तालिम लिनुभएको छ भने उहाँको वागमती सेवा समिति, चामुण्डा माई संरक्षण समिति, ज्येष्ठ नागरिक समाज नेपाल, पूर्व कर्मचारी परिषद्, मणीदो वचत तथा ऋण सहकारी संस्था, हातेमालो साहित्य प्रतिष्ठान, विभिन्न साहित्यिक प्रतिष्ठान आदि संस्थाहरूसँग पनि संलग्नता रहेको छ।

नेपाली साहित्यको क्षेत्रमा कुमार नेपालको 'चोट' कवितासङ्ग्रह दायित्व वाङ्मय प्रतिष्ठान, नेपालले २०७६ सालमा प्रकाशन गरेको थियो भने पुनः 'मेरो सम्झनामा डा. डिल्लीरमण रेग्मी' शीर्षकको पुस्तक दायित्व वाङ्मय प्रतिष्ठान, नेपालबाट प्रकाशनको सङ्घारमा रहेको छ।

विभिन्न साहित्यिक संस्थामा संलग्न कुमार नेपाल सरल एवं मृदुभाषी हुनुहुन्छ। उहाँले विभिन्न संस्थाहरूबाट पदक, पुरस्कार एवं सम्मान प्राप्त गर्नुभएको छ भने विभिन्न पत्र-पत्रिकाहरूमा लेख, रचना, कविता, कथा आदि प्रकाशित भएका छन्। कुमार नेपाल सरकारी सेवा ३० वर्षभन्दा बढी समय बितेको थियो भने हाल 'डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय'मा कार्यरत रहनुले जीवन अत्यन्त क्रियाशील रहेको देखिन्छ।

'मेरो सम्झनामा डा. डिल्लीरमण रेग्मी' पुस्तकभित्रका लेखहरूमा विश्वशान्तिका पुजारी, राजनीतिज्ञ, स्वतन्त्रता सेनानी, शान्तिका पथप्रदर्शक, सुप्रसिद्ध इतिहासकार, प्रजातन्त्रप्रेमी-प्रजातन्त्रवादी, इमानदार राष्ट्रवादी व्यक्तित्व, दानवीर, कर्मवीर, विद्यावीर, समाजसेवी, पुस्तकालयप्रेमी आदि विभिन्न उपाधिद्वारा श्रद्धा प्रकट गरिएको छ। कृतिमा नेपालको राजनीति, इतिहास, समाजसेवा तथा बौद्धिक व्यक्तित्व डा. रेग्मीसँग सम्बद्ध वि.सं. २०६० देखि २०७४ सालसम्म सृजना गरिएका नौवटा निबन्धात्मक लेख एउटा कवितासमेत यस पुस्तकमा समाविष्ट गरी प्रकाशनमा ल्याइएको छ। यी लेखहरू पहिले 'डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय'बाट प्रकाशित हुने विभिन्न स्मृतिग्रन्थ तथा स्मारिकाहरूमा आइसकेका हुन् । यसका साथै संस्थामा रहेका अन्य महत्त्वपूर्ण कुराहरूको जानकारी दिने प्रयास पनि भएको छ।

१) 'श्रद्धेय महामानव डा.डिल्लीरमण रेग्मीको सुमधुर सम्झना' शीर्षकको पहिलो लेख रहेको छ। यो प्रारम्भिक लेख डा.डिल्लीरमण रेग्मीको विषयमा लेखिएको सङ्क्षिप्त जीवनी हो, जसमा वंशावली, जन्म, शिक्षा, दाम्पत्य जीवनका आरोहावरोह, राजनैतिक गतिविधि, लेखक तथा इतिहासकारका रूपमा रेग्मी, विचार र रुचि, पुस्तकालयको स्थापना, डा.रेग्मी ट्रस्टको स्थापना, अन्त्यावस्थाको विवरण प्रस्तुत गरिएको छ। यसैगरी 'दानवीर तथा शान्तिका अनुयायी श्रद्धेय डा. डिल्लीरमण (बाबा)को स्मृतिमा' शीर्षकमा श्रीमद्भागवतको कथामा आधारित दानवीर बलिको कथाको प्रसङ्ग ल्याउँदै कर्मष्ठि डा. डिल्लीरमण रेग्मीको पनि दान गर्न अग्रसर हुने व्यक्तित्व भएको हुनाले आफ्नो सम्पत्तिलाई समाजका निम्ति समर्पण गरेर आफूले सङ्ग्रह गरेका पुस्तकहरूसहित सम्पूर्ण समर्पण गरी सरकारको संरक्षणमा ट्रष्ट रहोस् भन्ने चाहना राख्नुले एक कर्मवीर र दानवीरको संज्ञा उपयुक्त हुने कुरा बताइएको छ। पौराणिक ग्रन्थहरूमा राजा अम्बरीष, बलि, कर्णजस्ता अनेकौं व्यक्तित्वहरू देखिन्छन् र हज्जारौं वर्षदेखि जनमनमा बसेका उदाहरण छन् भने डा.डिल्लीरमण रेग्मी पनि वर्तमान समयका दानवीर हुन् भन्ने भावना कुमार नेपालको रहेको छ र अत्यन्त श्रद्धाभावका

साथ स्वतन्त्रता एवं शान्ति चाहने व्यक्तित्वको बारेमा विशद् चर्चा गरिएको छ।

२) 'शान्ति अहिंसाका पथप्रदर्शक डा.डिल्लीरमण रेग्मी (बाबा)' शीर्षकको लेखमा 'अन्तर्राष्ट्रिय शान्ति समझदारी प्रवर्द्धन तथा विकास'को सभापतित्व गर्नु, बुद्ध, महावीर, क्राइष्ट, महात्मा गान्धीजस्ता व्यक्तित्वको प्रभावबाट शान्ति र अहिंसालाई निरन्तरता दिनु, राजनीति क्षेत्रसँग सम्बद्ध विभिन्न पुस्तकहरूको प्रकाशन गर्नु, नेपालको प्रजातान्त्रिक आन्दोलनमा सक्रिय भई सबैलाई सहयोग गर्नु, तत्कालीन राजा महेन्द्रले प्रधानमन्त्रीजस्ता गरिमामय पदमा बस्न आग्रह गर्दा अस्वीकार गरी निरन्तर प्रजातन्त्रका लागि प्रयत्नरत रहनु महत्त्वपूर्ण क्रियाकलाप हुन् भनिएको छ र २०५२ सालपछि देशमा माओवादी जन्मको सन्दर्भलाई लिएर स्वयं डा. डिल्लीरमण रेग्मीको भनाइलाई यसरी उल्लेख गरिएको छ : हतियार र सैनिक बलले शान्ति आउँदैन। प्रजातान्त्रिक राज्यमा राष्ट्र प्रमुख र सरकारको मुख्य काम र कर्तव्य सम्पूर्ण नागरिकको जन, धन र आत्मरक्षाको जिम्मा लिई देशमा शान्ति र अमनचयनको स्थापना गर्न सक्नु हो। महात्मा गान्धी नेल्सन मण्डेलाजस्ता शान्तिप्रिय नेताको सिद्धान्त अँगाल्न सक्नुपर्छ, त्यो गर्न नसक्नेले सत्ता र सरकार त्याग्नुपर्छ। (पृष्ठ ३८)

३) 'आजीवन प्रजातान्त्रप्रति डा. डिल्लीरमण रेग्मी र शान्ति, अहिंसा तथा राष्ट्रिय समृद्धि' शीर्षकको लेखमा डा. डिल्लीरमण रेग्मी हिंसाका कट्टर विरोधी भएको र जे काम गर्दा पनि मन, वचन र कर्ममा एकरूपता ल्याएर गर्ने कारण संस्थाको स्थापन यसैको परिणति हो, जो शिक्षा मन्त्रालय अन्तर्गत राख्ने सोच दूरगामी सोच हो। उनी विशेषतः राजनीतिक व्यक्तित्व भएकोले राजनीतिका क्रियाकलापका कुरा बढी मात्रामा उठाउनु पनि स्वाभाविक भएको छ भने 'नेपालको वर्तमा स्थिति र डा. डिल्लीरमण रेग्मीको दर्शन' शीर्षकको लेखमा जीवनदर्शनको विषयमा विस्तृत चर्चा भएको छ। अहिंसा र प्रजातन्त्रलाई मूलमन्त्र मान्ने डा. रेग्मीको विषयमा पनि लेखक कुमार नेपालले 'डा. डिल्लीरमण रेग्मी र प्रजातन्त्र' शीर्षकको लेखमा पनि दलगत स्वार्थबाट पर रहेर जनहितको

कार्यमा सबै लाग्नुपर्छ भन्ने भावनालाई विशेष रूपमा उठाइएको छ। यसैगरी 'नेपालको विद्यमान जल्दोबल्दो समस्या र तिनको समाधान' शीर्षकको लेखमा नेपालमा समय-समयमा प्रजातान्त्रिक धारणालाई दृष्टिगत गरी परिवर्तन भए तर मानसिक रूपमा मानिसहरू दलगत क्रियाकलापबाट माथि उठ्न नसकेको कारण परिवर्तनको स्वाद जनताले आजसम्म पाउन सकेका छैनन्। यस्तो अवस्थामा डा. डिल्लीरमण रेग्मीको प्रजातान्त्रिक स्वच्छ भावना यहाँ उत्रन सकेन भनिएको छ भने 'नेपाल र नेपाली जनताको शान्ति र समृद्धि' शीर्षकको लेखमा जबसम्म हामी जनताका लागि हौँ, अनेकौँ व्यक्तिको सत्प्रयास र बलिदानबाट प्राप्त प्रजातन्त्रलाई हामीले नै जोगाउनुपर्छ, हुर्काउनुपर्छ भन्ने भावना आउँदैन, तबसम्म संविधान मात्र भएर पुग्दैन। नेपाली जनतामा समृद्धि पनि आउँदैन भन्ने भाव विस्तृत रूपमा व्यक्त भएको छ।

४) 'कवि र पुस्तकालय विषयक सिर्जना प्रवाह' शीर्षकको लेखमा साहित्यिक कार्यक्रमको गतिविधि, 'डिल्लीरमण रेग्मी' शीर्षकमा गद्यकविता प्रस्तुत गरिएको छ। यसैगरी विभिन्न सङ्घ/संस्था तथा महानुभाहरूले डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय स्थापना गर्ने संस्थापक डा. डिल्लीरमण रेग्मीज्यूलाई प्रदान गरिएका विभिन्न अभिनन्दन पत्रहरूको विवरण एवं डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयका डा. डिल्लीरमण रेग्मीको प्रमाणको विवरण राखिएको छ भने अन्त्यमा डिल्लीरमण रेग्मी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शान्ति पुरस्कारको सन्दर्भमा आफ्नो अभिव्यक्ति दिइएको छ साथै उहाँसँग सम्बन्धित विभिन्न समयका चित्रहरूले सजाइएको छ। कृतिले एकातिर बहुआयामिक व्यक्तित्वका धनी, असाधारण प्रतिभा तथा तीक्ष्ण बुद्धि भएका प्रखर विद्वान् डा. डिल्लीरमण रेग्मीको जीवनशैलीका विविध पाटाहरू र उहाँद्वारा स्थापना गरिएको संस्था नियमित रूपले सञ्चालन हुँदै आएको पुस्तकालय र यसका विभिन्न क्रियाकलापका बारेमा महत्त्वपूर्ण जानकारी गराउने काम गरेको छ भने अर्कातिर विभिन्न अध्ययनकर्ता र अनुसन्धानकर्ताहरूलाई डा. रेग्मीका बारेमा अझ बढी

गहन अध्ययन र अनुसन्धान गर्न सहयोग पुऱ्याउने र प्रेरित गर्ने काम गर्दछ।

(५) मूलतः नेपालको लोकतान्त्रिक आन्दोलन, राजनीति र इतिहास लेखनको क्षेत्रमा आफ्नो छुट्टै विशिष्ट स्थान बनाउनुभएका विशिष्ट व्यक्तित्व डा. डिल्लीरमण रेग्मीको विषयमा विस्तृत रूपमा उहाँका कार्यलाई केलाउनु कृतिगत विशेषता रहेको छ। "अहिंसा परमो धर्मः / परोपकार पुण्याय पापाय परपीडनम्" जस्ता समाज सुधारक सूक्तिहरूलाई प्रायशः लेखहरूमा उठाउनु र कवीर वाणीलाई बारम्बार उच्चारण गर्नुले समाजको हित नै सर्वोपरि हो भन्ने धारणा वा मूलमन्त्र डा. डिल्लीरमण रेग्मीको थियो भन्ने पुष्टि हुन्छ।

यसमा विभिन्न समयमा विभिन्न पत्रिकामा प्रकाशित डा.डिल्लीरमण रेग्मीसम्बन्धी लेखहरूको सँगालो भएकोले कतिपय सन्दर्भहरूमा पुनरावृत्ति भएको देखिन्छ तर लेखकको उद्देश्य प्रकाशित रचनाहरू सङ्कलन गरी पुस्तकको स्वरूप दिने भएकोले यो स्थिति देखापर्छ तर महान् व्यक्तित्वका विषयमा चर्चा गर्ने क्रममा यी कुराहरूलाई गौण मानी पुस्तकलाई समाजोपयोगी मान्नुपर्छ कि ! अर्को कुरा कृतिको उपादेयताको सन्दर्भमा हेर्ने हो भने बहुउपयोगी छ भन्ने कुराको पुष्टि डा. डिल्लीरमण रेग्मीले आफ्नो जीवनयात्रामा गरेका महत्त्वपूर्ण क्रियाकलाप नै हुन्। उनी सामान्य व्यक्ति थिएनन्, राष्ट्रिय व्यक्तित्वका साथै अन्ताराष्ट्रिय क्षेत्रमा चर्चित व्यक्तित्व थिए, निरन्तर प्रजातान्त्रिक आन्दोलनमा मात्र लागेनन्, गरिमामय पद पाउँदा पनि ती पदहरूलाई त्याग्न सक्नु र निजी सम्पत्ति समाजका लागि समर्पण गर्न सक्नु महत्त्वपूर्ण कुरा हो। यो सानो सोचले हुने कुरा होइन, त्यसैले पनि कुमार नेपालले यी लेखहरू मार्फत जीवनका विविध पाटाहरूको जानकारी विस्तृत रूपमा दिनुभएको छ, यस कारण पनि यो समाजोपयोगी छ।

भाषा सरल छ, सबभन्दा ठूलो पक्ष भनेको श्रद्धामय भावना व्यक्त भएको छ। डा. डिल्लीरमण रेग्मीको मुक्तकण्ठले प्रशंसा गरिएको छ। अन्तमा स्रष्टा कुमार नेपालको लेखनी अझ सशक्त र अग्रगामी बनोस् भन्दै आफ्ना केही कवितात्मक भावनाद्वारा विश्राम लिन्छु।

डिल्लीरमण हुन् स्रष्टा राजनीतिज्ञ वीर हुन्
दानी हुन् देशका निम्ति ती कर्मशील धीर हुन्।
प्रजातान्त्रिक योद्धा हुन् सौन्दर्यका सुधार हुन्
विद्वान् हुन् ज्ञानका पुञ्ज शान्तिका सुविचार हुन्।१।

स्वतन्त्रता सबैभन्दा प्यारो छ यो समाजमा
होस् परिवार होस् देश संसार होस् यथार्थमा।
छन् स्वतन्त्र सबै मिल्छ शान्तिको फूल फुल्दछ
अध्यात्मतिरको भाव त्यसमा खुल्न सक्दछ।२।

समाजनिम्ति जो बाँच्छन् जनको साथ बाँच्दछन्
सबैका मनमा बाँच्छन् आस्थाको रास बाँच्दछन्।
त्यस्ता व्यक्तित्वको लागि स्रष्टाको मन खुल्दछ
स्रष्टा समाजमा घुम्दा आनन्द-भाव मिल्दछ।३।

विद्वान् मानिसले देश बाँचेको हुन्छ पूर्णतः
त्यागीको रचना पूर्ण हुन्छ संसार अन्ततः।
'कुमार'भित्रको आस्था देखिन्छ पूर्णरूपमा
अभिभावकको दर्जा दिइन्छ यी निबन्धमा।४।

बहुआयामिक व्यक्तित्व, असाधारण धारण
सुतीक्ष्ण-बुद्धिमा आस्था त्यहीँ हुन्छ समर्पण।
आदर्श-रचना सृष्टि सृष्टिन्छन् सृष्टिकर्ममा।
चम्कियोस् लेखनी-विद्या बधाई शुभ-कामना।५।

२०७७ मार्ग ७ *धुम्बाराही, काठमाडौँ।*

प्रकाशकीय

एक ऐतिहासिक पुरूषको सार्थक सम्झना



रामप्रसाद पन्त

मानिस सबै एकनासका हुँदैनन्, एकनासका हुने भए धर्ती कि त स्वर्ग हुन्थ्यो कि नरक। विभिन्न प्रकारका मानिसहरूको समागम भएकै कारण मर्त्यलोकको परिकल्पना भयो होला ! आज धर्तीले सात अरबभन्दा बढी मानिसलाई वहन गरेकी छन्। तीमध्ये कतिपयले धर्तीको महत्त्व बुझेका छन् र धर्तीप्रतिको आफ्नो कर्तव्यलाई आत्मसात् गरेका छन्। तर अधिकांश यस्ता मानिसहरू छन्, जसलाई आफू बाँच्नुको अर्थतालिका भन्दा अरू कुनै कर्तव्य थाहा छैन र थाहा भए पनि कर्तव्यलाई भन्दा स्वार्थलाई मुख्य विषय बनाएका छन्।

भनिन्छ, महापुरुषहरूको जन्म, शताब्दीमा एकपटक हुन्छ। हाम्रो नेपालमा पनि शताब्दी बीचमा यस्ता मानिसहरू जन्मे, जसले नेपाली धर्तीलाई उचालेर शिरमा राखे र आफैलाई मेटाएर पनि मानवकल्याणलाई महत्त्व दिए। राष्ट्रनिर्माता पृथ्वीनारायण शाह, आदिकवि भानुभक्त, महाकवि देवकोटा र बिपी कोइराला आदि यसै कोटिका मानिसहरू हुन्। तिनीहरूले राष्ट्र र जनतालाई सर्वोपरि ठाने र सर्वोपरि ठानेकै कारण महामानव कहलिए।

नेपालको इतिहास अध्ययन गर्ने र नेपाल र नेपालीको छवि विश्वसमुदायसम्म पुऱ्याउने काम डा. डिल्लीरमण रेग्मीजस्ता व्यक्तिहरूले पनि गरे। त्यस्ता व्यक्तिहरूको त्याग र तपस्याले नै सम्पूर्ण नेपालीको शिर चुलियो। डा. रेग्मीको त्याग नेपाली जनसमुदायमा एउटा उदाहरण बन्यो र उहाँको नाम अन्तर्राष्ट्रिय जगत्मा समेत फैलियो।

एउटा व्यक्तिले राष्ट्रिय हितका निम्ति कतिसम्म त्याग गर्नसक्छ र समाजका लागि कतिसम्म दान गर्नसक्छ ? हजार, लाख, करोड ? तर होइन,

डा. डिल्लीरमण रेग्मीले स्वआर्जनको कमाइबाट अरबौं दान गर्नुभयो र एउटा दानवीरको उपाधिले विख्यात बन्नुभयो । यस्ता त्यागी व्यक्तिहरू पनि सितिमिति जन्मँदैनन् र यस्ता व्यक्तित्वहरूको जन्म पनि शताब्दीमा एकपटक मात्र हुने गर्दछ ।

आज डा. डिल्लीरमण रेग्मी हामीमाझ हुनुहुन्न तर उहाँले सुम्पेका अमूल्य सम्पदाहरूको उपभोग गर्न पाएर हामीले उहाँलाई सम्झिरहन्छौं र उहाँ जीवितै भएको परिकल्पना गर्दछौं । उहाँले नेपालीका लागि मात्र होइन, विश्वका लागि नै अमूल्य ज्ञानस्रोत जुटाइदिनुभएको छ । यसकारण हामीले डा. डिल्लीरमण-कल्याणी स्मारक पुस्तकालयका सामग्रीहरूको उपभोग गर्न पाएका छौं र जीवन सार्थक भएको अनुभूति गरेका छौं ।

विश्वविख्यात विद्वान् थोरोले त्यसै भनेका होइनन्– 'पुरानो कोट लगाऊ र नयाँ पुस्तक किन ।' हामीले साधा जीवन र उच्च विचार बनाउनका लागि राम्रो किताब पढ्नैपर्छ । किताब नपढीकन ज्ञान आर्जन हुँदैन र ज्ञान आर्जन नभएसम्म मानव हुनुको तात्विक अर्थ रहँदैन । त्यो वातावरण आज डिल्लीरमण रेग्मीज्यूले पुस्तकालय स्थापना गरेर बनाइदिनुभएको छ । दान पनि यस्तो दान, जुन दानले मानिस हुनुको अस्तित्वबोध गराउँछ र समाजमा सभ्य र सुसंस्कृत भएर बाँच्ने शिक्षा दिन्छ । यो नै नेपालीले गर्व गर्ने विषय हो ।

नेपाल धर्तीका ती महान् सपुत वरिष्ठ राजनीतिज्ञ, स्वतन्त्रता सेनानी, शान्तिका पक्षपाती, सुप्रसिद्ध इतिहासकार, एउटा दानवीर, कर्मवीर र विनयशील व्यक्तित्वको संस्मरणमा साहित्यकार एवं त्यसै पुस्तकालयका कर्मचारी, श्री कुमार नेपालले डा. रेग्मीको संस्मरणमा सङ्कलित लेखहरूको सङ्ग्रह प्रकाशित गर्ने जुन धारणा बनाउनुभयो, यस कार्यका लागि श्री नेपाल धन्यवादका पात्र हुनुहुन्छ ।

साथै श्री कुमार नेपालले दायित्व वाङ्मय प्रतिष्ठान र सम्बद्ध सदस्यहरूप्रति माया र विश्वास दर्शाएर यस प्रतिष्ठानबाटै प्रकाशित गर्ने जुन निर्णय गर्नुभयो, यसप्रति हामी श्री नेपाललाई धन्यवाद ज्ञापन गर्दछौं र यस प्रकारका कृतिहरू आइरहने अपेक्षा पनि गर्दछौं ।

अध्यक्ष

दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल



मेरा दुई शब्द

शान्ति अहिंसाका पुजारी, वरिष्ठ राजनीतिज्ञ इतिहासकार, दानवीर एवं बहुआयामिक व्यक्तित्वका धनी श्रद्धेय डा. डिल्लीरमण रेग्मीको विषयमा मैले लेखेका 'डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय'बाट स्मृतिग्रन्थ र स्मारिकाहरूमा प्रकाशित लेखहरूको सँगालो र उहाँसम्बन्धी केही उल्लेखनीय कुराहरूको सङ्कलनसमेत समावेश गरी एउटै पुस्तकको रूपमा प्रकाशित गर्न लागेको र यस सङ्कलनबाट सर्वसाधारण सबैले डा. डिल्लीरमण रेग्मीको विषयमा विशेष रूपमा जानकारी प्राप्त गर्न सक्नेछन् भन्ने आशा गरेको छु।

डा. रेग्मीले आफूले जीवनभर आर्जन गरेका विभिन्न विषयका अप्राप्त पुस्तक एवं बहुमूल्य पुरातात्त्विक वस्तुहरू सङ्कलन गरी १-१०-०-० जग्गा, घर र सो घरजग्गाले चर्चेको लिग लिगापातसहितको चल अचल सम्पत्ति सबै २०३७ साल श्रावण ८ गते 'डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय' स्थापना गरी सो पुस्तकालय सर्वसाधारण जनताले प्रयोग गर्न पाउने गरी तत्कालीन श्री ५ को सरकार शिक्षा मन्त्रालयलाई शेषपछिको बकसपत्र गरी रजिष्ट्रशेन पास गरेर शिक्षा मन्त्रालयलाई दान गरिदिनुभएको थियो। उहाँको शेषपछि उक्त सम्पत्तिको रेखदेख संरक्षण र विकास गर्न तत्कालीन श्री ५ को सरकार शिक्षा मन्त्रालयले 'डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय'को लागि २०६० साल आषाढ १२ गते 'डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति' गठन आदेश नेपाल राजपत्रमा प्रकाशित गरी जारी गरेर एक प्रतिष्ठित एवं प्राज्ञिक व्यक्तिहरू रहेको अध्यक्षसहित ७ सदस्यीय 'डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति'लाई सुम्पेको छ, साथै सोही समितिले उक्त कार्य गर्दै आएको छ।

उहाँको ९१ औं जन्मजयन्ती अर्थात् २०६० साल पुस ३ गतेदेखि उक्त पुस्तकालय सर्वसाधारणको लागि खुल्ला गरिएको थियो ।

उहाँको बहुआयामिक व्यक्तित्वलाई अझ बढी प्रभावकारी बनाउन उक्त विकास समितिलाई पुस्तकालयमा मात्र सीमित नगरी अझ बढी विकास गरी यसको कार्य क्षेत्र बढाई व्यापक रूपमा सञ्चालन गर्न 'डा. डिल्लीरमण रेग्मी प्रतिष्ठान' नामाकरण गर्न नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पत्राचार भइरहेको र निकट भविष्यमा प्रतिष्ठान बन्ने आशा गरिएको छ। साथै बालबालिकाहरूको विकासको लागि रुम टु रिडको सहयोगमा छुट्टै बालशाखा पनि सञ्चालन गरिएको छ।

पाठकहरूलाई इन्टरनेट, वाईफाई निशुल्क प्रयोग गर्न पाउने र सहुलियत दरमा फोटोकपी गर्न पाउनुका साथै आफ्नै पुस्तक ल्याई अध्ययन गर्न पाउने सुविधा पनि प्रदान गरिएको छ।

आफ्नो अमूल्य समयको बाबजुद पनि मैले तयार गरको 'मेरो सम्झनामा डा. डिल्लीरमण रेग्मी' सम्बन्धी लेखहरूको सँगालोको अध्ययन गरी शुभकामना लेखिदिई हौसला बढाइदिनुहुने नेपाल प्रज्ञा प्रतिष्ठानका आदरणीय माननीय गंगाप्रसाद उप्रेतीज्यूप्रति हृदयदेखि नै ससम्मान आभार प्रकट गर्दछु।

आफ्नो अमूल्य समयलाई समेत थाती राखेर रातबिहानसमेत नभनी 'मेरो सम्झनामा डा. डिल्लीरमण रेग्मी नामक लेखहरूको सँगालो धेरै नै मिहेनत र दुःखकष्ट सहेर आद्योपान्त गहन अध्ययन गरी हेरेर गहन सुझाव एवं प्रेरणा प्रदान गरी शुभेच्छा लेखिदिएर हौसला बढाई दिनुहुने 'डा. डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति'का अध्यक्ष, वरिष्ठ पुस्तकालयविद् विदूषी एवं ममताकी खानी सम्मानित एवं श्रद्धेय मान्यवर श्री इन्दिरा दलीज्यूप्रति ससम्मान हृदयदेखि नै आभार प्रकट गर्दछु।

आफ्नो अमूल्य समयको बाबजुद पनि यस सँगालोको अध्ययन गरी सम्पादन र शुद्धाशुद्धिसमेत गरिदिएर शुभकामना लेखी हौसला बढाइदिनुहुने आदरणीय वरिष्ठ कवि, स्रष्टा, साहित्यकार एवं भाषाविद् ठाकुर शर्मा भण्डारीज्यूप्रति पनि हृदयदेखि नै ससम्मान आभार प्रकट गर्दछु।

आफ्नो अमूल्य समयको बाबजूद पनि यस सँगालोको अध्ययन गरी सल्लाह सुझाव र संशोधन गरी प्रकाशित गर्न हौसला बढाइदिनुहुने 'डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति'का सदस्य सचिव एवं पुस्तकालय प्रमुख आदरणीय भोलाकुमार श्रेष्ठज्यूप्रति पनि ससम्मान हृदयदेखि आभार प्रकट गर्दछु।

आफ्नो अमूल्य समयको बाबजुद पनि बराबर कविता, कथा र लेखहरू लेख्न पत्रपत्रिकामा प्रकाशित गर्न र वरिष्ठ मान्यजनहरूबाट शुभकामना लेखाउन समेत धेरै नै दुःख कष्ट गरेर बढो मेहनतका साथ सक्रिय सहयोग गरी हौसला बढाइदिनुहुने कवि एवं सहृदयीमित्र मुकुन्द न्यौपानेप्रति पनि हृदयदेखि नै आभार प्रकट गर्दछु।

यो सँगालो प्रकाशित गर्न सल्लाह सुझाव दिई हौसला बढाइदिनुहुने डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयका लेखापाल मित्र चन्द्रकुमार ओझाज्यू र पुजन दाहालप्रति पनि हृदयदेखि नै आभार प्रकट गर्दछु।

यो सँगालो प्रकाशित गर्न प्रमुख भूमिका निर्वाह गरी शुभकामना मन्तव्यसमेत लेखिदिई हौसला बढाइदिनु हुने 'दायित्व वाङ्मय प्रतिष्ठान'का अध्यक्ष स्रष्टा कवि एवं साहित्यकार आदरणीय रामप्रसाद पन्तज्यू र प्रतिष्ठानका अन्य पदाधिकारीहरू एवं सूर्योदय छापाखानाका प्रो.हरिबहादुर कार्कीका साथै सम्पूर्ण महानुभावहरूप्रति पनि हृदयदेखि नै आभार प्रकट गर्दछु।

यो सँगालो धेरै नै मिहेनत गरी ले-आउट तयार गरिदिनुहुने सूर्योदय छापाखानाका दीपेन्द्र बस्नेतज्यूप्रति पनि हृदयदेखि नै आभार प्रकट गर्दछु।

अन्तमा मलाई विभिन्न कार्यमा सहयोग गर्ने मेरा घरपरिवारका सम्पूर्ण सदस्यहरू एवं 'डिल्लीरमण-कल्याणी रेमी स्मारक पुस्तकालय'का सम्पूर्ण सहभागी मित्र र कर्मचारीहरूप्रति पनि हृदयदेखि आभार प्रकट गर्दछु।

लेखक

विषयसूची

श्रद्धेय महामानव डा. डिल्लीरमण रेग्मीको सुमधुर सम्झना

परिचय

श्रद्धेय डा. डिल्लीरमण रेग्मी शान्तिका अग्रदूत महात्मा गौतम बुद्ध, महावीर जैन, महात्मा गान्धी, सन्त कवीर, यिशू क्राइष्ट, जवाहरलाल नेहरु, लालबहादुर शास्त्री, राजेन्द्रप्रसादजस्ता शान्तिप्रेमी महापुरुषहरूको प्रेरणाबाट अभिप्रेरित भई शान्ति र अहिंसाको आदर्शप्रति समर्पित वरिष्ठ राजनीतिज्ञ, विख्यात इतिहासकार, अर्थशास्त्री तथा समाजसेवी हुनुहुन्थ्यो। साथै उहाँ प्रजातान्त्रिक आन्दोलनका वरिष्ठ राजनैतिक नेता तथा विश्वशान्ति र समझदारीका निम्ति जीवनपर्यन्त लगनशील रहने बहुआयामिक व्यक्तित्वका धनी पनि हुनुहुन्थ्यो। उहाँ महात्मा गौतमबुद्ध जस्तै करुणा, क्षमा, अहिंसा र ज्ञानका सागर भएका महामानव हुनुहुन्थ्यो। उहाँ एक प्रकाण्ड विद्वान् र प्रजातान्त्रिक व्यवस्था कायम गर्न सङ्घर्षशील जीवन बिताउने प्रमुख व्यक्ति पनि हुनुहुन्थ्यो।

वंशावली र पुर्ख्यौली विवरण

डा. डिल्लीरमण रेग्मीको निवासमा राखिएको १२ पुस्ते वंशावली पुर्ख्यौली विवरण अनुसार उहाँको पुस्ता महाराष्ट्रबाट कनौज हुँदै कुमाउमा प्रवेश गरी थलहरा रेगम ग्राममा बसोबास गरेको भन्ने पाइन्छ। त्यही रेगम ग्रामबाट उहाँहरूको थर रेग्मी रहेको हो भन्ने पनि उल्लेख छ तर पनि उहाँको पुर्खा गण्डकी अञ्चलको लमजुङ जिल्लामा बसाइँ सरी त्यही बसोबास गरेको पाइन्छ। उहाँको १२ पुस्तामा सर्वप्रथम कृष्णाकर थिए। त्यसपछि उनका पुत्र पौत्र आदिमा क्रमशः दोस्रो नरहरि, तेस्रो मणिकण्ठ, चौथो भगीरथ, पाँचौं बृहस्पति, छैठौं राधाकृष्ण, सातौं सदाशिव, आठौं फौजदार नारायणदत्त, नवौं डिठ्ठा श्रीदत्त, दशौं पितामह ठाकुरदत्त र पितामह नन्दकुमारी, एघारौं बडाहाकिम रोहिणीरमण रेग्मी र माता मुक्तिदेवी रेग्मी पर्दछन्। उपरोक्त पुस्तामध्ये

एघारौँ पुस्ताका पिता बडाहाकिम रोहणीरमण रेग्मी र माता मुक्तिदेवी रेग्मीको सुगर्भबाट डा. डिल्लीरमण रेग्मी एकमात्र पुत्ररत्नको रूपमा पैदा हुनुभएको थियो ।

जन्म एवं जीवनी

डा. डिल्लीरमण रेग्मीको वि.सं. १९७० पौष ३ गते बुधबार, तदनुसार सन् १९१३ डिसेम्बर १७ पौष कृष्णचतुर्थी तिथिका दिन अश्लेषा नक्षत्रको पहिलो पाउमा काठमाडौँको किलागल टोलमा जन्म भएको थियो । उहाँको निवासको रोहिणीरमण रेग्मी, मुक्तिदेवी रेग्मी सभागृहमा राखिएको करिब सात फिट लामो चिना जन्मकुण्डलीको सारांश निम्न प्रकारको छ :

श्री गणेशाय नमः विक्रम संवत् १९७० साल ई.सं. १९१३ डिसेम्बर १७ तारिखे ॥ कृष्णदिना ॥ पौष मासे ॥ शुक्लपक्षे चतुर्थी तिथौ । तिष्यक अश्लेषा नक्षत्रे ॥ भयात १४।३७ भभोग ५७।१८ सौर मानेन पौष मासे दिन ३ गते ॥ बुधवासरे ॥ ततो दिन गत घटीषु २४।९ जातः तदा वृष लग्ने ॥ सिंहनवमासके ॥ तृतीय द्रेष्काणे ॥ कर्कट राशौ ॥ स्वस्तिश्री रोहिणीरमण रेग्मी नाम शर्मणोर्विवाहिता पत्न्या श्रीमती मुक्तिदेवी रेग्मी नाम्नी देव्यायाय प्रथम गर्भे प्रथम पुत्र रत्नं प्रासुतः॥ स च अश्लेषा नक्षत्रस्य द्वितीय पादे 'डू' ईताद्यक्षरेण नामोचितं सच 'डिल्ली' रमण रेग्मी नामासौ जन्माङ्गम् :

योगिनीदशा

भ्रा,	भ,	उ,	सि,	सं,	मं,	पि,	धा
४,	९,	१५,	२२,	३०,	३१,	३३,	३६
४०,	४५,	५१,	५८,	६६,	६७,	६९,	७२
७६,	८१,	८७,	९४,	१०२,	१०३,	१०५,	१०८

विंशोत्तरीदशा

बु,	के,	शु,	सू,	चं,	मं,	रा,	वृ,	श
१७,	७,	२०,	६,	१०,	७,	१८,	१६,	१९
१७,	२४,	४४,	५०,	६०,	६७,	८५,	१०१,	१२०

उहाँ ५ वर्षको हुँदा आमा मुक्तिदेवी रेग्मीको स्वर्गारोहण भई उहाँ टुहुरो हुनुभएको रहेछ। मावली र बुवा रोहिणीरमण रेग्मीबाट लालन पालन भई उहाँ हुर्कनुभएछ तर धेरै वर्ष बुवाको पनि दुःखभोग गर्न पुग्नुभएछ। तर पनि 'हुने बिरुवाको चिल्लोपात' भनेझैं उहाँ सानैदेखि असाधारण प्रतिभा तीक्ष्ण बुद्धि र अद्वितीय व्यक्तित्वका धनी हुनुहुन्थ्यो। उहाँ आफ्नो लागि होइन अरूको लागि समर्पित हुने महान् तपस्वी एवं त्यागी व्यक्ति हुनुहुन्थ्यो। त्यसैले बुवा मुमा नभएर पनि उहाँ टुहुरोपनको पीडाबाट माथि उठेर प्रगतिपथमा बढिरहनुभयो।

शिक्षा

डा. डिल्लीरमण रेग्मीले सन् १९२६ मा रानीपोखरी संस्कृत पाठशालाबाट प्रथमा पास गर्नुभई सन् १९२७ देखि ५ वर्षसम्म दरबार स्कुलमा अँग्रेजी अध्ययन गरेर पटना विश्वविद्यालसँग सम्बद्ध स्कुलबाट सन् १९३२ (वि.सं. १९८८) मा प्रथम श्रेणीमा मेट्रिक पास गर्ने प्रथम नेपाली विद्यार्थी हुने सौभाग्य प्राप्त गर्नुभएछ। त्यसपछि सन् १९३६ मा पटना विश्वविद्यालयबाट अर्थशास्त्रमा अनर्ससहित बी.ए. पास गर्नुभई सन् १९३८ मा एम.ए. पास गर्नुभएको रहेछ। त्यसपछि सन् १९४० मा मद्रास विश्वविद्यालयबाट एम लिट. (Master of Literature) गर्नुभई विदेशबाट अनुसन्धान डिग्री प्राप्त गर्ने पहिलो नेपाली हुने सौभाग्य पनि प्राप्त गर्नुभएछ। उहाँको अनुसन्धानको विषय 'भारतमा मादक पदार्थ नियन्त्रण र यसको आर्थिक पक्ष' भन्ने रहेछ। त्यसपछि उहाँले सन् १९६१ मा पटना विश्वविद्यालयबाट अर्थशास्त्रमा पी.एच.डी. विद्यावारिधि उपाधि हासिल गर्नुभएको रहेछ। सो ग्रन्थको नाम 'बिहार प्रान्तको औद्योगिक विकास भन्ने रहेछ' त्यसपछि सन् १९६५ मा डि.लिट. डिग्री प्राप्त गर्नुभई उक्त विश्वविद्यालयबाट दिइने सर्वोच्च डिग्री प्राप्त गर्ने पहिलो नेपाली हुने सुवर्ण अवसर पनि प्राप्त गर्नुभएको रहेछ।

त्यसैगरी तत्कालीन सोभियत संघबाट मानार्थ डाक्टर अफ साइन्सको सर्वोच्च उपाधि प्राप्त गर्ने प्रथम नेपाली हुने सौभाग्य पनि प्राप्त गर्नुभएछ।

गृहस्थी तथा दाम्पत्य जीवन

डा. डिल्लीरमण रेग्मीको सन् १९३३ मा सुश्री कल्याणी पाण्डेसँग शुभविवाह सम्पन्न भएको रहेछ। विवाह हुँदा डा. रेग्मीको उमेर २० वर्ष र कल्याणी पाण्डेको उमेर १२ वर्षभन्दा माथिको रहेनछ। डा. रेग्मी कल्याणी

रेग्मीको सुगर्भबाट विवाह भएको १२ वर्षभित्रमा शान्ति, इन्दु, सोफिया नामका ३ सुपुत्रीरत्न र एकमात्र सुपुत्ररत्न मदन रेग्मीको जन्म भएको रहेछ। छोरा मदन रेग्मीको जेठी छोरी अवन्तिका रेग्मीलाई ६ महिनामा नै बाबुआमा दुवैले छाडेकोले डा. रेग्मीले ६ महिनाको सानो उमेरदेखि आफ्नै छोरी बनाई साथमा राखी आफैले पालनपोषण गरी शिक्षादीक्षा दिने दिलाउने कार्य गर्नुभएछ। उहाँले अवन्तिकालाई प्रेमले पिन्टु भन्ने गर्नुहुन्थ्यो। हाल उनी अमेरिकामा पी.एच.डी. गर्दै छिन्। यो सबै डा. रेग्मीकै देन हो। यो उनले कहिल्यै भुलेकी छैनन् र भुल्ने छैनन् भन्ने लाग्छ। साथै उनलाई एउटा घर आजीवन प्रयोग गर्न पाउने र उनको शेषपछि पुस्तकालयले पाउने व्यवस्था पनि गर्नुभएको रहेछ।

त्यस्तै दोलखा जिल्ला घर भएका नीलप्रसाद भण्डारी पनि डा. डिल्लीरमण रेग्मीको छोराजस्तै गरेर राखेको र निजले घरबार सबै छाडी विगत ३२ वर्ष अगाडिदेखि डा. रेग्मीको आजीवन सेवा गरेको र हाल उहाँकी धर्मपत्नी नूतन रेग्मीको स्याहारसम्भार गर्नुका साथै पुस्तकालयको पनि रेखदेख गरिरहेको हुँदा निज पनि डा. रेग्मीको छोरा समान छन्। त्यसैले डा. रेग्मीले नीलप्रसादका छोरा ईश्वर भण्डारीलाई पढ्न सकुन्जेल पढाउने भन्नुभएको रहेछ। त्यो गुण नीलप्रसादले अवश्य सम्झनेछन्। त्यसमा हाल डा. डिल्लीरमण रेग्मी ट्रष्टले विचार गर्ने नै छ।

डा. रेग्मी भारतको जेलमा जीवन बिताइरहनुभएको थियो। त्यसै बखत भारतको जेलबाट विभिन्न राजनीतिक अभियोगमा प्राण दण्डसम्म हुनसक्ने खालको मुद्दा लगाई नेपाल फिर्ता गर्न लागेको भन्ने थाहा पाएर श्रीमती कल्याणी रेग्मीलाई ज्यादै नै पीर परेछ किनकि त्यसबखत डा. रेगमी जेलभित्र बिमारी अवस्थामा हुनुहुँदो रहेछ। त्यो पीर खप्न नसकी श्रीमती कल्याणी रेग्मीको हृदयगति बन्द भई सन् १९४५ मा २४ वर्षको उमेरमा स्वर्गारोहण भएको रहेछ। यसरी विवाह भएको १२ वर्ष नबित्दै नाबालक ३ छोरी र १ छोरा छाडेर श्रीमती परलोक हुँदा डा. रेग्मीलाई कति पीर पर्‍यो होला अनुमान नै गर्न सकिन्न किनकि त्यसबखत उहाँ ३२ वर्षको मात्र हुनुहुन्थ्यो। यसरी डा. रेग्मीको दाम्पत्य जीवनमा आइपरेको यस दुःखद घडीमा डा. रेग्मी साना साना ३ छोरी र १ छोराको लालन पालन र संरक्षणको जिम्मा लिने महान् नारीशक्तिको आवश्यक परेको थियो। उक्त दुखद घडीमा सुश्री नूतनकुमारी पाण्डे तयार भई सन् १९५३ मा डा. रेग्मीसँग विवाह गरी उहाँकी धर्मपत्नीको रूपमा रहेर नाबालक ३ छोरी र १ छोराको लालनपालन स्याहार

सुसार र संरक्षण प्रदान गरी ठूलो त्याग तपस्या गर्नुभयो र स्वयं डा. रेग्मीको पथ प्रदर्शक तथा सहगामिनीको रूपमा रही उहाँलाई हौसला प्रदान गर्नुभएछ। त्यसैले श्रीमती नूतन रेग्मीले डा. रेग्मीप्रति देखाएको महान् त्याग र तपस्यालाई धन्यवाद नदिई रहन सकिँदैन भन्ने कुरामा दुईमत नहोला। यसरी पुनः दाम्पत्य जीवन शुरू भई धर्मपत्नी नूतन रेग्मीकै प्रेरणाबाट डा. रेग्मीले शैक्षिक तथा राजनैतिक क्षेत्रमा प्रगति गर्न प्रोत्साहन प्राप्त गर्नुभई उहाँ इमानदार, स्वच्छ एवं निष्कपट राजनीतिज्ञ हुन पाउनुभएको रहेछ।

राजनैतिक गतिविधि

विक्रम संवत् १९९० साल माघ २ गते नेपालमा ठूलो भूकम्प गएर धेरै नै धनजनको नाश भई कैयौं मठमन्दिर र घरहरू भत्किएका थिए। त्यस वेला डा. डिल्लीरमण रेग्मीले स्वयं सेवक सङ्गठन बनाई पीडित व्यक्तिहरूको उद्धार गर्न लाग्नुभएको रहेछ। त्यस बखत भारतमा महात्मा गान्धीको नेतृत्वमा ब्रिटिश उपनिवेशबाट भारतलाई शान्तिपूर्वक स्वतन्त्रता प्राप्त गर्न शान्ति आन्दोलन शुरू हुन लागेको रहेछ। त्यो कुरा थाहा पाई डा. रेग्मीले हाम्रो देशमा पनि जहानियाँ राणा शासनको अन्त गरी प्रजातन्त्र स्थापना गर्न शान्ति आन्दोलन गर्ने बारे प्रस्ताव राख्नुभएछ। सो प्रस्तावलाई सबै सहयोगी साथीहरूले साथ दिएछन्। त्यसै वेलादेखि उहाँले राजनीतिक गतिविधि शुरू गर्नुभएको रहेछ। यसरी राजनीति शुरू गर्दा सन् १९४१ मा भारतमा पक्राउ गरी ५ वर्षसम्म बनारस र लखनऊ जेलमा बस्नुपरेछ। सन् १९४६ मा उहाँ जेलबाट छुट्नुभएको रहेछ तर उहाँले राणा शासनको अन्त्य प्रजातन्त्रको स्थापनाको लागि गुप्त रूपमा सङ्गठन तयार गर्दै गरेर वि.सं. २००३ सालमा भारतमा नै 'नेपाली राष्ट्रिय काँग्रेस'को स्थापना गर्नुभएछ। त्यस बखत जेलभित्रै रहेका टङ्कप्रसाद आचार्य र बी.पी. कोइरालालाई क्रमशः सभापति र कार्यवाहक सभापति गराइएको रहेछ। पछि वि.सं. २००४ सालमा बनारसमा भएको अधिवेशनले डा. रेग्मीलाई सभापतिमा चुनेछ। पछि बी.पी. जेलबाट छुटेपछि सभापतिको लागि दावी गरेछन् तर डा. रेग्मीले अधिवेशनबाट चुनिएको सभापति पद छाड्न मान्नुभएनछ। त्यसपछि बी.पी. ग्रुपले छुट्टै 'नेपाली काँग्रेस' स्थापना गरी बी.पी. सभापति भएछन् र डा. रेग्मी 'नेपाली राष्ट्रिय काँग्रेस'को सभापतिमा कायमै रहनुभएछ। वि.सं. २००७ सालमा प्रजातन्त्रको लागि सशस्त्र क्रान्ति हुन लाग्यो। त्यसबखत डा.

रेग्मीले सशस्त्र क्रान्तिबाट होइन महात्मा गान्धीको जस्तै शान्तिबाट प्रजातन्त्र ल्याउनुपर्छ भन्ने कुरामा जोड दिनुभएको रहेछ तर जसोतसो वि.सं. २००७ साल फागुन ७ गते १०४ वर्षको निरङ्कुश जहानिया शासनको पतन भई प्रजातन्त्रको स्थापना भयो । प्रजातन्त्र स्थापनापछि सर्वदलीय सरकार गठन भई प्रजातन्त्रीय शासन व्यवस्थाको शुरुवात भयो । यसमा डा. रेग्मीले सक्रिय योगदान गर्नुभएको थियो । प्रजातन्त्र स्थापनापछि गठन भएका मन्त्रीमण्डलमा डा. रेग्मी गृह स्थानीय स्वायत्त, स्वास्थ्य, शिक्षा तथा परराष्ट्र मामिलासम्बन्धी मन्त्री हुनुभयो । परराष्ट्र मामिलासम्बन्धी मन्त्री हुँदा चीनसँग दौत्य सम्बन्ध क़ायम गराई संयुक्त राष्ट्र संघमा नेपाललाई सदस्यता दिलाउन प्रयास गर्नुभएको थियो । वि.सं. २०१४ सालमा नेपाल राष्ट्रिय काँग्रेस, नेपाली काँग्रेस र नेपाल प्रजा परिषद्को संयुक्त मोर्चा खडा गरी आम चुनावको माग गरी सत्याग्रहमा अग्रस्थान लिई कार्य गर्नुभएको थियो । उक्त सत्याग्रहमा अग्रपङ्क्ति लिई कार्य गर्दा माग बमोजिम वि.सं. २०१५ साल फागुनमा श्री ५ महेन्द्रबाट आम-चुनावको घोषणा गरिबक्सिएछ । डा. रेग्मीले २००७ सालको प्रजातन्त्र स्थापनाको लागि सक्रिय सहयोग र योगदान गर्नुभई २०१७ सालको निर्दलीय पञ्चायती शासनको विरोध, २०३६ सालको जनमत सङ्ग्रहमा बहुदलीय व्यवस्थाप्रति समर्थन र आस्था राख्नुका साथै वि.सं. २०४६ सालको प्रजातन्त्र पुनः स्थापनाको लागि गरिएको सशस्त्र जन-आन्दोलनलाई शान्तिको मार्ग देखाई वि.सं. २०४४ सालमा घरैमा नजरबन्द भएर प्रजातन्त्र पुनः स्थापनाको लागि अनसन बस्नुभई सबैलाई शान्तिपूर्वक सहयोग र प्रेरणा प्रदान गरी वरिष्ठ राजनीतिज्ञको उपाधि हासिल गर्नुभएको थियो । उहाँले आफू अस्वस्थ भएर जीवनको अन्तिम घडीमा पुग्ने वेलामा समेत नेपालमा भएको माओवादी समस्यालाई वार्ताबाट टुङ्ग्याएर शान्ति स्थापना गर्नुपर्छ भनी सबै पार्टी नेता र बुद्धिजीवीहरूसँग आग्रह गर्नुभएको थियो । उहाँ नेपालमा मात्र होइन, विश्वमै शान्ति हुनुपर्छ भन्ने चाहना राख्नुहुन्थ्यो । उहाँलाई हामी प्रजातन्त्र प्रेमी, इमानदार, स्वच्छ, निष्कपट, निःस्वार्थी एवं निष्पक्ष वरिष्ठ राजनीतिज्ञ एवं विश्व-शान्ति एवं अहिंसाका पुजारी पनि भन्न सक्तछौं ।

लेखक तथा इतिहासकारका रूपमा डा. रेग्मी

डा. डिल्लीरमण रेग्मीले १०४ वर्षे जहानिया राणाशासन विरोधी आन्दोलनलाई सहयोग पुग्ने खालको A century of Family

Autocracy in Nepal नामक पुस्तक लेखी प्रकाशन गर्नुभएको थियो। साथै उहाँले नेपालको प्राचीन मध्यकालीन र आधुनिक इतिहासका पुस्तकहरू अँग्रेजीमा लेख्नुभएको थियो। उहाँका अन्य प्रकाशनहरूमा, युगौँदेखि रहेको नेपाल भारत सम्बन्ध, नेपाली प्रजातान्त्रिक सङ्घर्ष, एकतन्त्रीय शासनको एक शताब्दी, सामाजिक शास्त्र, पुरातत्त्व, मानवशास्त्र आदि पुस्तकहरू रहेछन्। उहाँ कहिल्यै पनि चूप लागेर बस्नुहुँदैन थियो। फुर्सत हुनासाथ विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान र मूल्याङ्कन गर्ने कार्यमा व्यस्त भइरहनुहुन्थ्यो। उहाँ पुरातत्त्ववेत्ता पनि हुनुहुन्थ्यो। उहाँले विश्वको प्राचीन एवं महत्त्वपूर्ण राजनीतिशास्त्रको अध्ययन तथा अनुसन्धान गरी नेपाललाई विश्वसामु चिन्न सक्ने तुल्याउनुभयो र उहाँ विश्वप्रसिद्ध वरिष्ठ, इतिहासकार तथा लेखक हुनुभएको थियो।

विचार र रुचि

विश्वको इतिहासको पाना पल्टाएर हेर्दा धेरै व्यक्तिहरू अमानवीय स्वभाव भएका क्रूर र हिंस्रक नै हुने र शान्तिको लागि लड्ने ज्यादै कम भएको पाउँछौं तर डा. डिल्लीरमण रेग्मीको इतिहासको पाना पल्टाएर हेर्दा उहाँ 'सेवा नै धर्म हो, धर्म नै सेवा हो, सेवा र धर्म एक आपसमा परिपूरक हुन्' भन्नुहुन्थ्यो। मैले उहाँसँग देवताको पूजापाठ कृयाकर्म र श्राद्ध तर्पण सम्बन्धमा सोद्धा उहाँले 'हेर कुमार देवताको पूजा पाठ गर्नु र मानिसको मृत्युपश्चात् गरिने कृयाकर्म श्राद्ध आदि गर्नु रुढीवादी परम्परामात्र हो। त्यो गर्नु आवश्यक छैन।' श्राद्ध भनेको श्रद्धा हो, कुनै व्यक्तिले गरेको उपकारी कार्यलाई सम्झिनु नै श्राद्ध हो भन्नुहुन्थ्यो। त्यसैले उहाँको कृयाकर्म गरिएन तर पनि उहाँले मृत्युपश्चात् आफ्नो अस्तु राख्न सजिलो होस् भनी सानु प्वाल पनि बनाउन लगाउनुभएको थियो र मृत्युपश्चात् 'अस्तु' त्यहीं राख्नू भन्नुभएको थियो। त्यसैले उहाँको अस्तु त्यसै स्तुपमा राखिएको छ। उहाँ साध्यलाई भन्दा साधनालाई महत्त्व दिने र ईश्वरको अस्तित्वको प्रमाण छैन भन्ने विचारको हुनुहुन्थ्यो। उहाँलाई मैले हजुरको चिना हेर्दा २०५८ साल आषाढदेखि भाद्रसम्म मार्केस दशा देखिएको छ। शान्तिस्वस्ति गर्नुपर्छ कि भन्दा मलाई त्यसमा विश्वास छैन केही गर्नुपर्दैन भन्नुभएको थियो। यसबाट उहाँ परम्परावादी, अध्यात्मवादी, संस्कृति, आतमा र ईश्वरमा भन्दा भौतिकवादी आधुनिक संस्कृति, अहिंसा,

करुणा र क्षमामा बढी आस्था र विश्वास राख्ने व्यक्ति हुनुहुँदो रहेछ भन्न सकिन्छ तर उहाँ शान्तिका प्रतीकहरू र देवी देवताका मूर्ति स्थापना गर्न चाहिँ ज्यादै रुचाउनुहुन्थ्यो । उहाँ अन्तर्राष्ट्रिय शान्ति समभ्कदारी प्रवर्द्धन समिति, गान्धी अन्तर्राष्ट्रिय शान्ति केन्द्र, गौतम बुद्ध प्रतिष्ठानका संस्थापक अध्यक्ष र नेपाल विश्वशान्ति समिति नेपाल, नेपाल अफ्रो जन-एकता समितिको अध्यक्षता ग्रहण गरिसक्नुभएको व्यक्ति हुनुहुन्थ्यो । महर्षि वेदव्यासले १८ पुराण र अरू उप-पुराणहरू लेखे तर ती सबैको सारतत्त्वमा 'परोपकार पुण्याय पापाय पर पीडनम्' भन्ने शब्दमा टुङ्ग्याएका थिए । सिद्धार्थ गौतम बुद्धको उपदेश पनि त्यस्तै छ । त्यस्तै डा. रेग्मी पनि काम गर्न आफ्नो लागि होइन, अरूको लागि परोपकारको भावना जगाई गर्नुपर्छ भन्ने गर्नुहुन्थ्यो । उहाँ मलाई सधैं भन्ने गर्नुहुन्थ्यो 'सत्सङ्गत गर्नुपर्छ सत्सङ्गतले मानिसलाई ठूलो बनाउँछ र यसले मानवताको विकास गर्छ ।' उहाँलाई ज्ञानु राणाको स्वर र श्रीराम आचार्यको सङ्गीतमा 'वैष्णव जनतो तेने कहिए पीर पराई जानै रे । पर दुःखे उपकारको पर अभिमान नआने दे' भन्ने गीत ज्यादै नै मन पर्ने गर्दथ्यो । त्यसैले त्यो गीत उहाँले आयोजना गर्ने सम्पूर्ण कार्यक्रममा गाउने व्यवस्था हुने गर्दथ्यो । त्यस्तै सन्त कवीरको 'कवीर खडा बजार में सबको मागे खैर ना कहुँसे दोस्ती नाकहुंसे वैर । झुपडी गल कट्टी कनके पास जो करे ओ भोगे तुम क्यौँ होते उदास' भन्ने कुरा बराबर सुनाउने गर्नुहुन्थ्यो ।

पुस्तकालयको स्थापना

'पुरानो कोट लगाऊ नयाँ पुस्तक किन' भन्ने कुनै एक विद्वान्को भनाइलाई अनुसरण गरी सार्थक तुल्याउन डा. डिल्लीरमण रेग्मीले आफ्नो निवासस्थानलाई वि.सं. २००९ सालमा डा. डिल्लीरमण रेग्मी सदन नामकरण गर्नुभयो । उक्त सदनलाई पुस्तकालयको रूप दिन उहाँले नयाँ पुराना सबै प्रकारका पुस्तक पुस्तिका, पत्र-पत्रिका तथा म्यागजिन आदि खरीद गर्दै जम्मा गर्न लाग्नुभयो । त्यसपछि उहाँले आफ्नो घरको कोठामा पुस्तक राख्न उपयुक्त दराज र्‍याक आदि खरिद गर्नुभयो र वि.सं. २०३७ मा डा. डिल्लीरमण रेग्मी सदनलाई डा. डिल्लीरमण रेग्मी, कल्याणी रेग्मी पुस्तकालय, सङ्ग्रहालय तथा अनुसन्धान केन्द्रको नाम दिएर श्री ५ वीरेन्द्रको बाहुलीबाट उक्त पुस्तकालयको उद्घाटन गराउनुभई उक्त पुस्तकालयको विस्तार र विकास गर्दै जानुभयो । उक्त पुस्तकालयको नाम विश्वभर फैलियो । हाल पुस्तिका, पत्रपत्रिका तथा

म्यागजिनहरू करिब २५००० जति सङ्कलित भएको अनुमान छ। साथै उक्त पुस्तकालयमा विभिन्न प्रकारका पुरातात्विक तथा अन्य महत्त्वपूर्ण मूर्ति तथा सामग्रीहरू पनि सङ्ग्रह गरी महावीर जैन सङ्ग्रहालय नाम दिएर राख्नुभएको छ। साथै पुस्तकालयको परिसरमा गणेश, ब्रह्मा, विष्णु, महेश्वर, हनुमान्, कृष्ण, महात्मा गान्धी, महात्मा बुद्ध, महावीर जैन आदिका मूर्तिहरू, बौद्ध स्तूप, अशोक स्तम्भ, क्राइस स्तम्भ आदि स्थापना गरी आफ्नो पुस्तकालयलाई शान्ति र अहिंसाको मन्दिर बनाउनुभएको छ। जुनसुकै मानिस पनि हाल देशमा देखिएको अशान्ति, डर, त्रास, धुवाँ, धुलो आदि विकृत वातावरणबाट त्रसित भई दिक्क भएका छन्, ती मानिसहरू यस पुस्तकालय भित्र पस्नासाथ उनीहरूले केही समय भए पनि शान्ति र सुखको अनुभव गर्न पाई आनन्दित हुनेछन् किनकि त्यस पुस्तकालयको वातावरण नै शान्तमय भएको छ।

डा. रेग्मीले उक्त पुस्तकालय तथा सङ्ग्रहालय सबै सर्व-साधारण व्यक्ति समाज विद्यार्थी बुद्धिजीवी तथा अनुसन्धानकर्ताहरूले उपयोग र प्रयोग गर्न पाऊन् भन्ने प्रबल इच्छा राखी सन् १९८१ मा रु. १० करोड मूल्याङ्कन भएको उक्त पुस्तकालय, सङ्ग्रहालय भवन तथा पुस्तकालय परिसर भित्रका मूर्ति लगायत सम्पूर्ण सामान दान गरी श्री ५ को सरकार शिक्षा मन्त्रालयलाई हस्तान्तरण गर्ने वचन दिनुभएको थियो तर हालसम्म श्री ५ को सरकारमा हस्तान्तरण हुन सकेको छैन तर उक्त प्रयास जारी छ। त्यसैले उहाँलाई हामी दानवीर कर्ण र महादानी बलि राजाजस्तै दानी हुनुहुन्थ्यो भन्न सक्तछौँ।

डा. डिल्लीरमण रेग्मी ट्रष्टको स्थापना

डा. डिल्लीरमण रेग्मीले स्वयं आफ्नै संरक्षकत्वमा आफैले अध्यक्षता ग्रहण गरी अन्य विशिष्ट प्रतिष्ठित व्यक्तिहरूसमेत समावेश गरेर वि.सं. २०५३ सालमा 'डा. डिल्लीरमण रेग्मी ट्रष्ट'को स्थापना गर्नुभयो। उहाँले उक्त ट्रष्टलाई विश्वमा देखापरेको राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय हिंसाबाट पीडित मानव समाजमा शान्ति कायम गर्दै जाने तथा डा. डिल्लीरमण रेग्मी, कल्याणी रेग्मी पुस्तकालय, सङ्ग्रहालय तथा अनुसन्धान केन्द्रको संरक्षण र सञ्चालन गर्ने, अहिंसा तथा विश्वशान्तिको सन्देश फैलाई मानव सेवा गर्ने, स्वदेशी तथा विदेशी महानुभावहरूलाई पुरस्कार तथा सम्मान प्रदान गर्ने गराउने उद्देश्य रहेको छ। दानवीर बलि, महात्मा गान्धी, गौतम बुद्ध, महावीर जैनजस्ता महापुरुषहरूको जन्मजयन्ती मनाउने आदि विभिन्न कार्य

गर्ने गराउने उद्देश्य राख्नुभएको थियो । त्यसैले उहाँले आफ्नो जीवनकालमै विश्वमा शान्ति तथा अहिंसाको उपदेश फैलाउने स्वदेशी तथा विदेशी कुनै एक प्रसिद्ध ख्यातिप्राप्त व्यक्तिलाई (उहाँको इच्छा प्रथम पटक नेल्सन मण्डेला तथा अन्य त्यस्तै व्यक्ति भन्ने थियो) पुरस्कार प्रदान गर्न आफ्नै प्रयासबाट रु. ३० लाखको 'शान्ति अहिंसा कोष' नामक अक्षय कोष स्थापना गरी उक्त कोषको व्याजबाट पुरस्कार दिने व्यवस्था मिलाउनुभएको थियो तर उहाँको जीवनकालमा उक्त इच्छा पूरा हुन सकेन । उहाँको स्वर्गारोहणपछि राष्ट्रिय सभाका भू.पू. अध्यक्ष बेनीबहादुर कार्कीको अध्यक्षतामा ट्रष्टले सो कार्य गर्दै छ । डा. रेग्मीको इच्छा उक्त ट्रष्टले पूरा गर्ने प्रयास गर्दै छ र अवश्य पूरा गर्नेछ । उक्त इच्छा पूरा गर्न ट्रष्ट डा. रेग्मीको जेठी छोरी शान्ति जोशी, माहिली छोरी ज्वाइँ प्रयागदत्त तिवारी सक्रिय रूपमा लाग्नुभएको छ ।

स्वर्गारोहण

डा. डिल्लीरमण रेग्मीलाई धेरै वर्ष अगाडिदेखि मुटुको रोगले ग्रस्त पारेको थियो । उहाँलाई विदेश भारतमा, स्वदेशमा र बैंककमा समेत लगेर उपचार गराइयो । त्यसपछि डाक्टरको सल्लाह अनुसार बैंककबाट औषधी झिकाएर घरैमा उपचार गराइयो । डाक्टरले उहाँलाई धेरै बोल्नुहुन्न भन्ने सल्लाह दिएका थिए तर पनि उहाँले जीवनपर्यन्त विश्वशान्ति र देशको बिग्रँदो स्थिति युद्ध, हिंसा, माओवादी समस्या र आतङ्कलाई शान्त गर्ने विषयमा बोल्न र अपील गर्न छाड्नुभएन । उहाँ भन्नुहुन्थ्यो– 'एक दिन त जानैपर्छ गएपछि के बोल्ने अहिले बोल्छु । निभ्न लागेको बत्तीको के ठेगान, जुनसुकै वेला निभ्न सक्छ, बाँचुन्जेल बोल्छु यसमा कसैले हस्तक्षेप नगर्नू ।' उहाँ देशमा बढ्दै गएको कुशासन, भ्रष्टाचार र स्वार्थी राजनीतिप्रति ज्यादै चिन्तित भइरहनुहुन्थ्यो । देशमा देखापरेको माओवादी समस्या वार्ताबाट नै समाधान गर्नुपर्छ, मौका मिलेमा म आफै माओवादीसँग वार्ता गर्छु भन्नुहुन्थ्यो तर सो पूरा हुन सकेन । तर पनि संजोगबश उहाँको स्वर्गारोहणकै दिन २०५८ साल भाद्र १४ गते प्रथम पटक माओवादीसँग श्री ५ को सरकारको वार्ता भएको थियो । उहाँलाई मुटुको रोगले ग्रस्त गर्दै लग्यो र २०५८ साल भाद्र १० गते आइतबारका दिन उहाँलाई नर्भिक हस्पिटल थापाथलीमा भर्ना गरी सक्दो औषधी उपचार गरियो । पछि डाक्टरले अप्रेशन गर्ने सल्लाह दिई अप्रेशन गरियो, अप्रेशन सफल पनि भएको थियो तर पछि त्यसले काम नगरी वि.सं. २०५८ साल भाद्र १४ गते बृहस्पतिवार भाद्र शुक्ल द्वादशी (वामन द्वादशी) को पुण्यतिथिका

बिहान १० बजे उहाँको स्वर्गारोहण भयो। उहाँको स्वर्गारोहण नेपालको लागि मात्र नभई विश्वकै लागि अपूरणीय क्षति हुन गएको छ।

अन्तमा डा. डिल्लीरमण रेग्मीजस्ता महामानवले मजस्तो साधारण व्यक्तिलाई विभिन्न समारोहहरूमा फोनबाट निमन्त्रणा गरी बोलाउने र मैले शिक्षा मन्त्रालयको शाखा अधिकृतबाट जागिर छोडेको भन्ने थाहा पाउन साथ बिहान ५ बजे फोनबाट बोलाई उहाँको पुस्तकालयमा बसी कार्य गर्न आदेश गरी नियुक्ति गर्नु मेरो लागि ज्यादै नै अहोभाग्यको कुरा हो। मैले उहाँजस्तो महा-मानवसँग सङ्गत गर्न र समय बिताउन पाउनु मेरो पूर्वजन्मकै तपस्याको फल हो भन्ने सम्झेको छु। उहाँले मलाई धेरै नै पथप्रदर्शन र मार्गदर्शन गर्नुभयो तर मैले उहाँसँग धेरै वर्ष समय बिताउन र सङ्गत गर्न नपाएकोमा म ज्यादै नै दुःखी र मर्माहत छु। अन्तमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै उहाँले छोडेर जानुभएको बहुमूल्य सम्पत्तिको संरक्षण संवर्द्धन र विकास गर्न सकेमा उहाँप्रति सच्चा श्रद्धाञ्जलि हुनेछ। यो बहुमूल्य सम्पत्तिको रक्षा तथा उहाँको अन्तिम इच्छा पूरा गर्न उहाँकी धर्मपत्नी नूतन रेग्मी, तीन छोरी ज्वाइँ, छोरा बुहारीहरू नातिनातिनीहरू र डा. डिल्लीरमण रेग्मी ट्रष्टले सक्दो प्रयास गर्दै छ। डा. डिल्लीरमण रेग्मीको स्वर्गारोहणपछि धर्मपत्नी नूतन रेग्मीको स्वास्थ्य पनि कमजोर भई सक्रिय कार्य गर्न सक्नुभएको छैन तर पनि उहाँलाई छोरी शान्ति जोशी, इन्दु तिवारी, ज्वाइँ प्रयागदत्त तिवारी, छोरी सोफिया शर्मा परिवार, मदन रेग्मी परिवार, नातिनी त्रय शोभा, योजना र अवन्तिका रेग्मीले सहयोग प्रदान गरी डा. डिल्लीरमण रेग्मीले समाजमा पुऱ्याउनुभएको योगदान, मान प्रतिष्ठा आदिलाई जीवन्त राख्न र निरन्तरता दिन हौसला प्रदान गर्नुभएको छ। यसमा समस्त बुद्धिजीवी राजनैतिक कार्यकर्ता तथा अन्य समस्त व्यक्तिले सहयोग पुऱ्याउनुपर्छ भन्ने कामनाका साथ महामानव श्रद्धेय डा. डिल्लीरमण रेग्मीप्रतिको यो सानो सुमधुर सम्झना प्रस्तुत गरी हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु।

डा. डिल्लीरमण रेग्मी स्मारिका २०६० मा प्रकाशित

दानवीर तथा शान्तिका अनुयायी श्रद्धेय डा. डिल्लीरमण (बाबा) को स्मृतिमा

दानव राजा दानवीर बलिराजाले भगवान् विष्णुको वामन अवतारलाई ३ पद जमिन (पृथ्वी) दान गर्ने सङ्कल्प गर्दा २ पाउ मात्र दिन सकी १ पाउ जमिन दान गर्ने ठाउँ नहुँदा आफ्नै शिरमाथि १ पाउ राख्न लगाई ३ पाउ जमिन दान गर्ने महादानी बलिराजालाई सम्झेर उहाँ पनि त्यस्तै दानवीर हुन चाहनुभएको रहेछ ।

त्यसै प्रसङ्गलाई मनन गरी उहाँले 'पुरानो कोट लगाऊ नयाँ किताब किन' भन्ने एक वरिष्ठ विद्वानूको भनाइलाई सार्थक तुल्याएर आफ्नो सम्पूर्ण श्रीसम्पत्ति सर्वसाधारणलाई दान गर्ने उत्कृष्ट इच्छा राख्नुभएको रहेछ। सोही इच्छा पूरा गर्न उहाँले आफ्नो, आफ्नो परिवार र विभिन्न व्यक्तिहरूको सहयोगमा काठमाडौं महानगरपालिका वडा नं. २ लाजिम्पाटस्थित आफ्नो निवासस्थानमा विभिन्न विषयका पुस्तक, पत्रपत्रिका, म्यागजिन, बहुमूल्य पुरातात्त्विक मूर्ति तथा अन्य सामग्रीहरू सङ्कलन गरी विक्रम संवत् २००९ सालमा डिल्लीरमण रेग्मी सदन बनाउनुभएको रहेछ ।

वि.सं. २०३७ सालमा उक्त सदनलाई 'डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय तथा सङ्ग्रहालय' नाम दिएर श्री ५ वीरेन्द्र वीरविक्रम शाहदेव सरकारको बाहुलीबाट उद्घाटन गराउनुभएको भन्ने कुरा उहाँको मुखारविन्दबाट नै जानकारी पाएकाले यहाँ उल्लेख गरेको छु ।

तत्पश्चात् आफ्नो जीवनभरको उक्त कमाइ, सन् १९८१ मा १० करोड मूल्याङ्कन गरिएको पुस्तकालय, सङ्ग्रहालय भवन तथा पुस्तकालयभित्रका सम्पूर्ण सामग्री तत्कालीन श्री ५ को सरकार शिक्षा मन्त्रालयलाई दान गर्नुभयो ।

उपरोक्त सारा श्रीसम्पत्ति दान गर्दा पनि सहर्ष स्वीकार गर्ने उहाँका सुपुत्र, सुपुत्री र नातिनीहरू धन्यवादका पात्र भएका छन् । साथै यसको अझ

बढीभन्दा बढी विकास र विस्तार होस् भन्ने छोरीकै पङ्क्तिमा रहेकी नातिनी अवन्तिका रेग्मीले २०-२५ लाख खर्च गरेर पुस्तकालयको रूपरेखा नै नयाँ बनाइदिएकोमा अझ बढी सह्रानीय भएको र बाबाको देनलाई अनुसन्धानमूलक बनाउन यु.एस. डलर २३०० खर्च गरी ऐतिहासिक पक्षको अनुसन्धान गराउने ज्येष्ठसुपुत्री शान्ति जोशीको देनलाई पनि सह्रानीय मान्नुपर्दछ। उहाँहरूबाट अझ बढी सहयोग प्राप्त हुने आशा पनि राखिएको छ।

दानवीर बाबाको स्मरण गर्दा ९ दशक उमेर पुग्न लाग्दा र मुटुको रोगले ग्रस्त हुँदा पनि जोश र जाँगर जस्ताको तस्तै राखेर रातको १२ बजेसम्म अध्ययन अनुसन्धानमा तल्लीन रहने र बिहान ३ बजे नै जागा भएर अध्ययन अनुसन्धानमा लागिरहने र अरूलाई पनि सोहीअनुसार कार्य गर्न प्रेरणा र निर्देशन दिने गर्नुहुन्थ्यो। उहाँसँग देशको परिस्थितिबारे सरसल्लाह गर्न, प्रेरणा र निर्देशन लिन विभिन्न दलका राजनीतिक नेताहरू रामहरि शर्मा, पूर्व प्र.म. मनमोहन अधिकारी, पूर्व उप प्र.म. माधवकुमार नेपाल, भू.पू. प्र.म. सूर्यबहादुर थापा, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइराला हालका माननीय शिक्षा तथा खेलकुद मन्त्री राधाकृष्ण मैनाली र अन्य विभिन्न नेता तथा बुद्धिजीवीवर्गहरू आउने गर्नुहुन्थ्यो।

शान्ति, अहिंसाका प्रतिपादक गौतम बुद्ध, महावीर जैन, महात्मा गान्धीबाट प्रभावित भई शान्ति र अहिंसाको प्रतीक हुनुभएको र दानवीर कर्ण र महादानी बलिराजाको प्रेरणाबाट दानवीर हुने प्रेरणा प्राप्त गर्नुभएका डा. रेग्मी (बाबा) ले अङ्ग्रेजी भाषामा नेपालको प्राचीन, मध्यकालीन र आधुनिक इतिहास लेखेर नेपाललाई विश्वभर परिचय गराउनुभएको छ। उहाँले महादानी बलिराजाले आफ्नो शरीरसमेत भगवान् विष्णु वामदेवलाई दान गरेको दिन, शान्तिका अग्रदूत महात्मा गौतम बुद्ध र गान्धीले शान्ति र अहिंसाको सन्देश फैलाएको तिथिसमेतको स्मरण गर्दै उहाँहरूलाई धन्यवाद ज्ञापन गर्दै २०५८ साल श्रावण २३ गते जैनपूर्णिमाको दिन आफ्नै सम्पत्तिबाट ३० लाखको शान्ति अहिंसा पुरस्कारको अक्षय कोष स्थापना गर्नुभयो। उक्त कोषबाट सामाजिक क्षेत्र र शान्ति अहिंसाको क्षेत्रमा सर्वोत्कृष्ट कार्य गर्ने र प्रचार गर्ने व्यक्तिलाई शान्ति अहिंसाको पुरस्कार दिने गरी उहाँकै अध्यक्षतामा गठित डा. डिल्लीरमण रेग्मी ट्रष्टबाट निर्णय गराएर प्रेस विज्ञप्तिमार्फत् घोषणा गर्नुभएको

थियो। उहाँको इच्छा प्रथमपटक सो शान्ति अहिंसा पुरस्कार मरणोपरान्त महात्मा गान्धीलाई र दोस्रोपटक दक्षिण अफ्रिकाका पूर्व राष्ट्रपति नेल्सन मण्डेलालाई प्रदान गर्ने रहेको थियो तर उहाँको जीवनकालमा उक्त इच्छा पूरा हुन सकेन। उहाँको उक्त इच्छालाई पूरा गर्न डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समितिले उहाँको १२ औं जन्मजयन्ती २०६१ साल पौष ३ गते दक्षिण अफ्रिकाका पूर्व राष्ट्रपति नेल्सन मण्डेलालाई उक्त शान्ति अहिंसाको पुरस्कार प्रदान गर्ने निर्णय गरी शान्तिको प्रतीक परेवा र हिमाल अङ्कित चित्र तयार गरिसकेको छ।

दया, क्षमा र करुणाका प्रतिमूर्ति बाबा मसँग कुरा गर्दा माओवादीले गरेको हिंसा र आतङ्कबाट निर्दोष जनताको ज्यान गएको सुनेर रुने गर्नुहुन्थ्यो। 'परोपकार पुण्याय पापाय पर पीडनम्' भन्ने उहाँको मूलमन्त्र थियो। उहाँ माओवादीसँग शान्ति वार्ता गर्न तयार पनि हुनुहुन्थ्यो तर सो कुरा उहाँको जीवनकालमा पूरा हुन सकेन। तर पनि संयोगवश उहाँको स्वर्गारोहणकै दिन २०५८ साल भाद्र १४ गते श्री ५ को सरकार र माओवादीबीच प्रथम पटक शान्तिवार्ता सम्पन्न भएको थियो।

'सादा जीवन उच्च विचार'का धनी बाबा श्रीराम आचार्यको सङ्गीत र ज्ञानु राणाको स्वरबाट गाइएको 'वैष्णव जनतो तेने कहिए पीर पराई जाने र पर दुःखे उपकारको पर अभिमान नआने दे' भन्ने गीत र सन्त कवीरको 'कवीर खडा बजार मै सबको मागे दैर नाहुँ कहुसे दोस्ती ना कहुँ से वैर झुपडी गल कट्टी कनके पास जो करे ओ भोगे तुम क्यो होते उदास' भन्ने वाक्य ज्यादै नै मन पराउनुहुन्थ्यो। खानामा उहाँलाई खीर र गाजरको हलुवा ज्यादै मन पर्दथ्यो। साथै उहाँसँग एउटी कालो कुकुर थियो। त्यसलाई बाबाले र बाबालाई त्यसले ज्यादै नै मन पर ाउने गर्दथ्यो। त्यो कुकुर बाबाको नजिक बस्ने र कसैले बाबाको केही छोएमा टोक्ने गर्दथ्यो। बाबाको स्वर्गारोहणपछि उसको पनि मृत्यु भयो। हाल उसका ४ वटा बच्चाहरू छन्।

श्रद्धेय दानवीर तथा शान्तिका अनुयायी डा. डिल्लीरमण रेग्मी (बाबाको) २०५८ साल भाद्र १४ गते वृहस्पतिबार भाद्र शुक्ल द्वादशी (वामन द्वादशी) को पुण्यतिथि ३० अगस्त २००१ का दिन बिहान १० बजे नर्विक हस्पिटल थापाथलीमा स्वर्गारोहण भयो। उहाँको पार्थिव शरीर यस धरतीमा छैन तर

उहाँले आफ्नो पार्थिव शरीरलाई एक दिन न एक दिन अवश्य त्याग्नुपर्दछ भन्ने बुझेर आफूलाई जीवन्त राख्न आफ्नो पुस्तकालय परिसरभित्र आफ्नै जीवनकालमै शान्तिका अग्रदूत भगवान् बुद्धको स्तुप बनाई मृत्युपश्चात् मेरो अस्तु खरानी त्यसैमा राख्नु भनी जानुभएको थियो। उहाँको इच्छा अनुसार उक्त अस्तु त्यसै स्तुपभित्र राखिएको छ। त्यसैले उहाँको पार्थिव शरीर यस धरतीमा नभए पनि उहाँको अस्तु र आत्मा पुस्तकालय परिसरभित्रै बाँचिरहेर हामीलाई मार्गदर्शन गरिरहनु भएको छ भन्ने लाग्दछ।

अन्तमा पुस्तकालय परिसरभित्र घुमिरहेको बाबाको आत्माको चिरशान्तिको कामना गर्दै उहाँले छाडेर जानुभएको बहुमूल्य सम्पत्ति समाज र देशमा पुऱ्याउनुभएको योगदान मान प्रतिष्ठालाई जीवन्त राखी अझ बढी विकास र विस्तार गर्न श्री ५ को सरकार, बुद्धिजीवी वर्ग, राजनीतिक कार्यकर्ता र आफन्तहरूको सक्रिय सहयोग उपलब्ध रहन नितान्त आवश्यक मात्र नभई अनिवार्य भएको छ।

डा. डिल्लीरमण रेग्मी ९३ औं जन्मजयन्ती स्मारिका २०६२ मा प्रकाशित।

शान्ति अहिंसाका पथप्रदर्शक डा. डिल्लीरमण रेग्मी (बाबा)

सारा विश्वले भोग्नुपरेको प्रथम तथा द्वितीय विश्वयुद्धको भयावह परिस्थिति र हिंसालाई शान्त गरी विश्वभर शान्ति र अहिंसाको पथ प्रदर्शन गर्ने महान् उद्देश्य राखेर श्रद्धेय बाबा डा. डिल्लीरमण रेग्मीले अन्तर्राष्ट्रिय शान्ति समझदारी प्रवर्द्धन तथा विकास विषयको एक संस्था स्थापना गरी त्यसको सभापतित्व ग्रहण गर्नुभएको थियो। उक्त संस्थामार्फत् विश्वका ठूला राष्ट्र अमेरिका, जर्मनी, भारत आदि विभिन्न देशका वरिष्ठ विद्वान् तथा ख्यातिप्राप्त प्रतिनिधिहरू बोलाएर ठूलो सम्मेलन पनि गर्नुभएको थियो।

शान्ति अहिंसाका प्रतिपादक भगवान् गौतम बुद्ध, क्राइष्ट, महावीर जैन तथा शान्ति अहिंसालाई निरन्तरता दिने महात्मा गान्धीबाट प्रभावित भएर उहाँ गान्धी अन्तर्राष्ट्रिय शान्ति केन्द्र तथा गौतम बुद्ध प्रतिष्ठानको संस्थापक अध्यक्ष हुनुभएको थियो। साथै विश्वशान्ति समिति र नेपाल आफ्नो जनएकता समितिको समेत अध्यक्षता ग्रहण गर्नुभई शान्ति अहिंसाको सन्देश विश्वभर फैलाउनुभएको थियो।

उहाँ शान्ति अहिंसा भ्रातृत्व र आपसी समझदारीमा विश्वास राख्नुहुन्थ्यो। उहाँ भन्ने गर्नुहुन्थ्यो– 'शान्ति र अहिंसाको मूलमन्त्र प्रत्येक व्यक्तिले व्यावहारिक जीवनमा उतारेर त्यसको अनुसरण गर्नुपर्छ। आजको भयावह स्थितिको विश्वमा समाज, राष्ट्र र विश्वलाई शान्ति, अहिंसा, आपसी समझदारी र मेलमिलापको नितान्त आवश्यकता मात्र नभई अनिवार्य भइसकेको छ। राजनीतिक तथा व्यक्तिगत विचारले सबै व्यक्ति, सबै क्षेत्रमा सर्वगुण सम्पन्न हुन सक्तैन। एक न एक दोष सबैमा हुन्छ तर सबैले सबैको मूल्याङ्कन उसको बहुआयामिक प्रतिष्ठा र व्यक्तित्वबाट गरेर शान्ति अहिंसा र नैतिकताको आदर्शलाई अँगाल्नुपर्दछ।'

श्रद्धेय डा. रेग्मी (बाबा) सधैं भन्ने गर्नुहुन्थ्यो– 'सेवा नै धर्म हो धर्म नै सेवा हो' धर्मको ४ पाउ हुन्छ (१) दया (२) अहिंसा (३) सत्य र (४)

शान्ति। उहाँ साध्यलाई भन्दा साधनलाई महत्त्व दिने र ईश्वरको अस्तित्वको कुनै प्रमाण छैन। नश्वर भन्नुमात्र श्रद्धा हो। मूर्ति पूजाले मात्र ईश्वर प्राप्त हुँदैन। ईश्वर प्राप्त गर्ने मानव शरीरलाई चिनन र बुझ्न सक्नुपर्छ, मानव शरीर नै ईश्वरको प्रतिमूर्ति हो। उहाँ सधैँ महाकवी लक्ष्मीप्रसाद देवकोटाको 'कुन मन्दिरमा जान्छौ यात्री कुन मन्दिरमा जाने हो, कुन सामग्री पूजा गर्ने साथ कसोरी लाने हो....' भन्ने इत्यादि कविता स्मरण गराउने गर्नुहुन्थ्यो। उहाँ ईश्वरमा भन्दा अहिंसा, करुणा, क्षमा र दयामा बढी आस्था र विश्वास राख्नुहुन्थ्यो।

महर्षि वेदव्यासले १८ पुराण र अरू उपपुराणहरू लेखे तर सबैको सार तत्त्वमा 'परोपकार पुण्याय पापाय परपीडनम्' भन्ने शब्दमा लगेर टुङ्ग्याएका थिए। त्यो शब्द बाबाको मूलमन्त्र भएको थियो। यो नै अहिंसा परमो धर्म पनि हो।

बाबाले मलाई भन्ने गर्नुहुन्थ्यो– 'बाबु कुमार, तिमी अहिले बच्चै छौ, सबै कुरा बुझ्दैनौ तर यति कुरा बुझिराख, तिमीहामीले जे काम गर्छौं र गरिरहेका छौँ त्यो काम आफ्नो लागि होइन, अरूको लागि गरिरहेका छौँ भन्ने सम्झनुपर्छ। सत्सङ्ग गर्नुपर्छ, सत्सङ्गले मानिसलाई ठूलो बनाउँछ, 'मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन' भन्ने महाकवि देवकोटाको वाक्य सधैँ सम्झिराख।' उहाँलाई 'वैष्णव जनतो तेने कहिए पोर पराई जाने रे पर दुःखे उपकारको पर अभियान न आनेदे' भन्ने गीत असाध्यै मन पर्दथ्यो। त्यसैले गर्दा उहाँलाई परोपकार गर्ने प्रबल इच्छा झन्झन् जागेर आयो। उहाँको मनमा दुःखमा परेकाहरूको उपकार र उद्धार गर्नुपर्दो रहेछ भन्ने भावना र दया जागृत भएर आएछ। उक्त भावना जागृत भएकै बखत वि.सं. १९९० साल माघ २ गते नेपालमा ठूलो महाभूकम्प गएछ। महाभूकम्पबाट धेरै ठूलो धनजन, मठमन्दिर, पाटीपौवा र घरहरू नाश भएको देखेर तिनीहरूको उद्धार गर्न एक स्वयंसेवक सङ्गठन बनाएर पीडित व्यक्तिहरूको उद्धार गर्नुभएको रहेछ। त्यस बखत भारतमा महात्मा गान्धीको नेतृत्वमा भारतलाई शान्तिपूर्वक ब्रिटिश उपनिवेशबाट मुक्ति गरी स्वतन्त्रता प्राप्त गराउन शान्ति आन्दोलन शुरू हुन लागेको रहेछ। त्यो बखत पाएर डा. रेग्मी (बाबा) ले नेपालमा पनि जहानियाँ राणा शासनको अन्त गरी प्रजातन्त्र स्थापना गर्ने उद्देश्य लिएर महात्मा गान्धीकै सिद्धान्त लिएर भारतको स्वतन्त्रता प्राप्तिका लागि सहयोग गरी राजनीतिक क्षेत्रमा प्रवेश गरेर शान्ति आन्दोलन शुरू गर्नुभएको रहेछ।

उहाँले जहानियाँ राणाशासन विरोधी आन्दोलनलाई सहयोग पुऱ्याउन A Century of Family Autocracy in Nepal नामक पुस्तक प्रकाशित गरेर सम्पूर्ण प्रजातन्त्रप्रेमी जनसमुदायलाई चेतना जागृत गराउनुभएछ। यसरी राजनीति शुरू गर्दा सन् १९४१ मा भारतमा पक्राउ परी ५ वर्षसम्म भारतकै बनारस र लखनउमा जेलजीवन बिताउनुपरेछ। भारतमा जेलजीवन बिताइरहँदा विभिन्न राजनैतिक अभियोगमा प्राणदण्डसम्म हुनसक्ने खालको मुद्दा लगाई नेपाल फिर्ता गर्न लागेको छ भन्ने पीरले जेलभित्रै बाबा बिरामी पर्नुभएको छ भन्ने खबर पाएर उहाँकी अत्यन्त प्राणप्रिय धर्मपत्नी, १ छोरा र ३ छोरीकी आमा कल्याणी रेग्मीको हृदयगति बन्द भई स्वर्गारोहण भएछ। त्यस घटनाले उहाँलाई कति पीर पऱ्यो होला, हामी अनुमान नै गर्न सक्तैनौं। तर यस दुःखद घडीमा सान्त्वना दिन सुश्री नूतन पाण्डे तयार भई डा. रेग्मी (बाबा) र ४ छोराछोरीहरूको हेरविचार गरी बाबालाई पुनः आफ्नो कार्यक्षेत्रमा उत्रन प्रोत्साहन प्रदान गरी धैर्यधारण गराएर ठूलो त्याग देखाउनुभएको रहेछ। यो उहाँको महानता हो। त्यसपछि उहाँ भारतमा बसेर त्यहाँ वि.सं. १९९५ मा अखिल भारत विद्यार्थी संघका संस्थापक सदस्य पनि हुनुभएको रहेछ। त्यसबखत महात्मा गान्धीको शान्ति आन्दोलनलाई साथ दिनुभएको रहेछ।

भारत स्वतन्त्र भएपश्चात् सन् १९४६ मा डा. रेग्मी (बाबा)लाई पनि जेलमुक्त गरिएछ। पूर्ण स्वतन्त्र नभई जेलमुक्त भएपछि नेपालमा राणाशासनको अन्त र प्रजातन्त्रको स्थापना गर्न गुप्तरूपमा सङ्गठन बनाई पुनः शान्ति आन्दोलन शुरू गर्नुभएको रहेछ। उक्त सङ्गठनलाई संस्थागत गर्न वि.सं. २००३ सालमा भारतमै नेपाली राष्ट्रिय काँग्रेसको स्थापना गरेर जेलभित्र रहेका टंकप्रसाद आचार्यलाई सभापति र वि.पि. कोइरालालाई कार्यवाहक सभापति गराइएको रहेछ। वि.सं. २००४ सालमा बनारसमा नेपाली राष्ट्रिय काँग्रेसको अधिवेशन सम्पन्न भएछ। उक्त अधिवेशनले डा. रेग्मी (बाबा)लाई सभापति चुनेछ। पछि वि.पी. जेलबाट छुटेपछि सभापतिको लागि दाबी गरेछन् तर डा. रेग्मीले अधिवेशनले चुनेको सभापति पद छाड्न नमानेका कारण वि.पी. ग्रुपले छुट्टै नेपाली काँग्रेसको स्थापना गरी सभापति भएको र डा. रेग्मी नेपाली राष्ट्रिय काँग्रेसको सभापतिमा कायमै रहनुभएको रहेछ। त्यसमा पुष्पलाल प्रधान कार्यालय सचिव भएका रहेछन्। नेपाली काँग्रेस ग्रुप विशेष गरी डा. के.आई. सिंहले वि.सं. २००६ सालमा डा. रेग्मीसँग भेटी कुरा गरेर नेपालमा प्रजातन्त्र प्राप्तिका लागि महात्मा गान्धीको शान्ति अहिंसाको सिद्धान्तले

काम गर्दैन यहाँ त शसस्त्र क्रान्ति चाहिन्छ किनभने ब्रिटिसहरू संसदीय प्रजातन्त्र चाहने हुँदा शान्ति अहिंसाबाट प्रजातन्त्र प्राप्त भयो तर नेपालमा जहानियाँ राणाशासनले त्यो हुन दिँदैन त्यसैले सशस्त्र क्रान्ति चाहिन्छ भन्दा चित्त नबुझी डा. रेग्मी महात्मा गान्धीकै शान्ति अहिंसाको सिद्धान्तमा अडिग हुनुभएकोले राय नमिली नेपाली काँग्रेस ग्रुप सशस्त्र क्रान्तितर्फ र डा. रेग्मी ग्रुप शान्ति अहिंसाको क्रान्तितर्फ लागेका रहेछन् ।

डा. रेग्मीको उक्त सिद्धान्तलाई धेरै नेपाली र विदेशीले समेत समर्थन गरेको र विशेष गरी नेपाल कम्युनिष्ट पार्टीका वरिष्ठ नेता पुष्पलाल प्रधान, मनमोहन अधिकारी, तुलसीलाल अमात्य, डा. केशरजंग रायमाझी आदिले साथ दिएर छलफल गर्न आउने गरेका रहेछन् । डा. रेग्मी कार्ल मार्क्सप्रति पनि आस्था राख्ने हुँदा सन् १९४९ मा कम्युनिष्ट पार्टी स्थापना गर्न पनि सहयोग गर्नुभएको रहेछ । डा. रेग्मीको शान्तिप्रतिको तपस्या तथा सम्पूर्ण नेपाली जनताको त्याग, तपस्या र शहीदहरूको बलिदानबाट २००७ साल फागुन ७ गते नेपालमा प्रजातन्त्र प्राप्त भयो र सम्पूर्ण नेपालीले १०४ वर्षको जहानियाँ राणाशासनबाट स्वतन्त्रता प्राप्त गरे ।

डा. रेग्मीले वि.सं. २०१४ सालमा नेपाली राष्ट्रिय काँग्रेस, नेपाली काँग्रेस र नेपाल प्रजापरिषद्को संयुक्त मोर्चा खडा गरी आमचुनावको माग गरेर शान्तिपूर्वक सत्याग्रह गर्नुभएको थियो । त्यसैको फलस्वरूप २०१५ सालमा आमचुनाव सम्पन्न भई नेपाली काँग्रेसको तर्फबाट वि.पी. कोइरालाको प्रधानमन्त्रीत्वमा मन्त्रीमण्डल गठन भई देश सेवाको कार्य गर्दै थियो तर २०१७ साल पौष १ गतेको भयावह घटनाले जन निर्वाचित मन्त्रीमण्डल तथा संसदीय व्यवस्थाको समेत विघटन भई संसदीय दललाई प्रतिबन्ध लगाएर प्रजातन्त्रको निर्मम हत्या गरी निर्दलीय पञ्चायती व्यवस्थाको सूत्रपात भएको थियो । डा. रेग्मीले उक्त घटनाको घोर निन्दा र विरोध गर्नुभयो । राजा महेन्द्रले प्रधानमन्त्री पद दिँदा नलिई पुनः प्रजातन्त्र स्थापनाका लागि अनवरत लागिरहनुभयो ।

२०१७ सालदेखि २०४६ सालसम्म सशस्त्र जनआन्दोलनलाई शान्ति र अहिंसाको मार्ग देखाई २०४४ सालमा घरमै नजरबन्द भएर प्रजातन्त्र पुनःस्थापनाको लागि अनसन बस्नुभई सबै दललाई शान्तिपूर्वक सहयोग र प्रेरणा प्रदान गर्नुभएको थियो । सबैको सहयोगको फलस्वरूप २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना भयो तर तत्कालीन शासकवर्ग तथा सरकारको नातवाद, कृपावाद, दलगत स्वार्थीपन, कुशासन, भ्रष्टाचार, अनैतिक आचरण

र व्यवहारले वि.सं. २०५२ फागुन १ गते ४० सूत्रीय माग राखी माओवादीको जन्म भएको हो भन्ने कुरा बाबाको मनमा परेको थियो। उहाँ भन्नुहुन्थ्यो– ‘हतियार र सैनिक बलले शान्ति आउँदैन प्रजातान्त्रिक राज्यमा राष्ट्रप्रमुख र सरकारको मुख्य काम र कर्तव्य सम्पूर्ण नागरिकको जन, धन र आत्मरक्षाको जिम्मा लिई देशमा शान्ति र अमनचयनको स्थापना गर्नसक्नु हो। महात्मा गान्धी र नेल्सन मण्डेलाजस्ता शान्तिप्रिय नेताको सिद्धान्त अँगाल्न सक्नुपर्छ, त्यो गर्न नसक्नेले सत्ता र सरकार त्याग्नुपर्छ।’ तर २०४६ सालपछिको सरकारले त्यो गर्न नसक्नु नै २०५२ सालमा माओवादी आतङ्क फैलनुमा महत्त्वपूर्ण भूमिका छ भन्ने लागेर डा. रेग्मीले आफू हृदयरोगले ग्रसित भई ९ दशक लामो वृद्ध जीवनमा पनि माओवादी समस्या र आतङ्कलाई शान्त गर्ने विषयमा बोल्न र अपील गर्न छाड्नुभएन। डाक्टरले उहाँलाई धेरै बोल्नुहुँदैन भनी प्रतिबन्ध लगाएको थियो तर उहाँ भन्नुहुन्थ्यो– ‘एक दिन त जानैपर्छ, गएपछि के बोल्नु निभ्न लागेको बत्तीको के ठेगान, जुनसुकै वेला निभ्न सक्छ, बाँचुन्जेल बोल्छु।’ देशमा देखा परेको माओवादी समस्या कुनै समस्या नै होइन। वार्ता, समझदारी र मेलमिलापबाट सबै समस्या समाधान हुन सक्छ। उनीहरू पनि हाम्रै दाजुभाइ हुन् म उहाँहरूसँग कुरा गर्छु। वार्ता, समझदारी र मेलमिलापबाट शान्ति अहिंसाको बाटोमा ल्याउँछु, मलाई उहाँहरूसँग भेट गराइदेऊ।’ तर उहाँको जीवनकालमा त्यो इच्छा पूरा हुन सकेन तर पनि संयोगवश उहाँको स्वर्गारोहण भएकै दिन २०५८ साल भाद्र १४ गते प्रथमपटक माओवादीसँग तत्कालीन श्री ५ को सरकारको वार्ता भएको थियो तर सफल हुन सकेन। डा. रेग्मी (बाबा) को धारणा थियो– हामी सबैले घोडा र डुँगाको प्रतिमूर्ति धृतराष्ट्रजस्तो अन्धो भएर होइन, माछा र कमिलाजस्तो भएर स्वयम्भूको आँखाले हेर्नुपर्छ। गिद्धको जस्तो बन्दुक र बारुदजस्तो भएर होइन, परेवाको जस्तो शान्तिको फूल भएर फुल्न सक्नुपर्छ, विश्वप्यापी मानवअधिकार पत्र १९४८ तथा मानवअधिकार सम्बन्धी कानून र सिद्धान्तलाई अनुसरण गर्दै जानुपर्छ। तबमात्र शान्ति र अहिंसाको ज्योति फैलाउन सकिन्छ भन्ने थियो। यस्ता महामानव डा. रेग्मी (बाबा) को धारणा र इच्छा कुनै न कुनै दिन अवश्य साकार भएरै छाड्दो रहेछ भन्ने कुरा २०६२ साल मंसिर ७ गते सात दल र माओवादीबीच दिल्लीमा सम्पन्न १२ बुँदे समझदारी, २०६३ साल ज्येष्ठ १२ गतेको २५ बुँदे युद्धविराम आचारसंहिता, २०६३ साल आषाढ २ गते नेपाल सरकारको वार्ताटोलीको आयोजनामा माओवादी नेताको तर्फबाट सात दल र नेकपा माओवादीबीच भएको ८ बुँदे सहमति नेपाल सरकार र

माओवादीको तर्फबाट संयुक्त राष्ट्रसंघलाई पठाएका पत्रहरूलाई समेत ध्यानमा राखेर वि.सं. २०६३ साल कार्तिक २१ गते मंगलबारका दिन मध्यरातको १२:३० बजे ३३० सदस्यीय अन्तरिम संसद ४२५ सदस्यीय संविधान सभा बनाउने गरी ११ बुँदे सहमतिका साथ सम्पन्न भएको विश्वकै पहिलो ७ दल र माओवादीबीचको ऐतिहासिक शान्तिसम्झौता तथा समझदारी, २०६३ साल कार्तिक २२ गतेको शिखरवार्ताको निर्णय र २०६३ साल मंसिर ५ गते मङ्गलबार बेलुका ८:२९ बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँ बानेश्वर काठमाडौंमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला तथा माओवादी अध्यक्ष क. पुष्पकमल दाहाल (प्रचण्ड)ले हस्ताक्षर गर्नुभएको १० बुँदे ऐतिहासिक शान्ति सम्झौतालाई लिन सकिन्छ। यो नेपालको लागि मात्र नभई विश्वकै लागि पहिलो भएको छ किनभने यसभन्दा अघि भारत, पेरु, मलेसिया, इन्डोनेशिया, थाइल्यान्ड आदि देशहरूमा भएका माओवादी युद्धहरू यहाँको जस्तो शान्तिपूर्ण ढङ्गले समाधान भएको पाइएको छैन। तर नेपालमा १० वर्ष ९ महिना लामो सङ्कटपूर्ण माओवादी जनयुद्धको अन्त्य शान्ति सम्झौता र समझदारीबाट हुनु डा. डिल्लीरमण रेग्मीको शान्ति अहिंसासम्बन्धी पथप्रदर्शनले पनि धेरै नै सहयोग गरेको छ भन्नमा अत्युक्ति नहोला। किनभने सो कार्यमा डा. रेग्मी (बाबा)बाटै प्रेरणा प्राप्त गर्नुभएका वर्तमान प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, नेकपा एमालेका महासचिव माधवकुमार नेपाल, भू.पू.प्रधानमन्त्री सूर्यबहादुर थापा, शेरबहादुर देउवा तथा अन्य ७ दलका वरिष्ठ नेताहरूले सक्रिय भूमिका खेल्नुभएको छ। यो हाम्रो लागि गौरवको विषय र अहोभाग्य पनि भएको छ।

उक्त पुस्तकालय आफ्नो जीवनकालमा उहाँकै संरक्षकत्वमा स्थापित डा. डिल्लीरमण रेग्मी ट्रष्टबाट सञ्चालन गरियो। उहाँको स्वर्गारोहणपछि उहाँकी छोरी समानकी नातिनी सुश्री अवन्तिका रेग्मीले करिब २५ लाख खर्च गरेर पुस्तकालयको मर्मत-सम्भार गरी सर्भिलेन्स क्यामरा, फायरिङ मेशिनको व्यवस्था गर्नुका साथै पुस्तकको क्लासिफिकेशन आदिको सुरुवात गरेर शिक्षा मन्त्रालयले वि.सं. २०६० साल आषाढ १२ गते गठन गरेको डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति गठन आदेशका ७ सदस्यीय समितिलाई जिम्मा लगाइदिनुभयो। उक्त समितिमा प्रथमपटक पूर्वउपकुलपति डा. त्रैलोक्यनाथ उप्रेती अध्यक्ष हुनुभयो। उहाँको छोटो कार्यकालमा अझ आधुनिकीकरण गर्ने प्रयास भयो।

शान्ति अहिंसाका पथप्रदर्शक डा. रेग्मीले आफ्नो जीवनकालमै शान्ति अहिंसाको पुरस्कार दिन रु. ३० लाखको अक्षयकोष स्थापना गर्नुभएको थियो। उहाँको इच्छा मरणोपरान्त महात्मा गान्धी र दक्षिण अफ्रिकाका पूर्वराष्ट्रपति श्री नेल्सन मण्डेलालाई प्रदान गर्ने थियो तर उहाँको जीवनकालमा सो इच्छा पूरा नभए पनि हाल नेल्सन मण्डेलालाई उक्त शान्ति अहिंसाको पुरस्कार दिन शान्तिको प्रतीक तैलचित्रसहित सम्पूर्ण तयारी भइसकेको छ। सो पुरस्कार प्रदान गर्न वर्तमान अध्यक्ष डा. विष्णुहरि नेपाल जाँदै हुनुहुन्छ। साथै उहाँकै विचारबाट प्रत्येक वर्ष डा. रेग्मीबाट भएका शान्ति अहिंसाबारेको शोधकार्य गर्नेलाई पुरस्कार दिने र यो वर्ष शान्ति अहिंसाका पुजारी स्व. डा. डिल्लीरमण रेग्मीज्यूबाट भारतमा रहँदा त्यहाँको स्वतन्त्रता आन्दोलन लगायतमा गरिएका योगदानको शोधकार्य गराइने भएको छ। जसले गर्दा डा. डिल्लीरमण रेग्मीले ब्रिटिस साम्राज्यबाट भारतलाई स्वतन्त्रता प्रदान गर्न महात्मा गान्धीलाई साथ दिएर शान्ति अहिंसाको आन्दोलन गर्नुभएको थियो भन्ने कुरा प्रष्ट हुन आउनेछ।

अर्को ज्यादै नै महत्त्वपूर्ण कुरा यो भएको छ कि अध्यक्ष डा. विष्णुहरि नेपालको सफल नेतृत्व र सक्रिय योगदानले गर्दा डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति (प्रस्तावित डा. डिल्लीरमण रेग्मी प्रतिष्ठान) का सदस्य महानुभावहरूले डा. डिल्लीरमण रेग्मीद्वारा लिख़ित विश्वप्रसिद्ध पुस्तक Medieval Nepal (Four Volumes) / Modern Nepal (Two volumes) Rupa and Co, New Delhi, India लाई पुनः प्रकाशन गर्न दिई प्रत्येक वर्ष एक हजार प्रति छापेबापत डा. डिल्लीरमण रेग्मी प्रतिष्ठानलाई भारु. ५ लाख दिने गरी ३ वर्षका लागि व्यवस्था गर्न सक्नुलाई डा. डिल्लीरमण रेग्मी प्रतिष्ठानको लागि अत्यन्त हर्षपूर्ण उपलब्धि हुन गएको छ। यसले डा. डिल्लीरमण रेग्मी (बाबा) को नाम, मान, प्रतिष्ठा र शान्ति अहिंसाको पथप्रदर्शन विश्वभर फैलाउन अझ ठूलो महत्त्वपूर्ण योगदान गर्नेछ भन्नेमा अत्युक्ति नहोला।

सन्दर्भ सामग्री :

१) डा. डिल्लीरमण रेग्मी स्मृति ग्रन्थ, २०६०।

२) विभिन्न पत्रपत्रिकाहरू।

डा. डिल्लीरमण रेग्मी : हिजो र आज, २०६३ मा प्रकाशित

आजीवन प्रजातन्त्रप्रति सङ्घर्षरत डा. डिल्लीरमण रेग्मी र शान्ति, अहिंसा तथा राष्ट्रिय समृद्धि

मन, वचन र कर्मले कुनै पनि जीवलाई, शारीरिक, मानसिक तथा कुटनैतिक तरिकाले पीडा दिनुलाई हिंसा मानिएको छ भने त्यसलाई त्याग्न सक्नुलाई अहिंसा भन्न सकिन्छ। विश्वमा तीन प्रकारका जीव छन्–

१) प्राणमात्र भएका जीवहरू– रूख, बिरुवा आदि।

२) प्राण र मनमात्र भएका जीवहरू– पशु, पक्षी, बाघ, भालू, सर्प, बिच्छी जस्ता हिंस्रक जीवहरू आदि।

३) प्राण, मन, बुद्धि, विवेक र ज्ञानसमेत भएका जीव– मानवजाति।

पहिलो जीव : रूखबिरुवालाई मानव र पशुपक्षीले नाश गरी पीडा दिन्छन् त्यसलाई हामी हिंसा मान्दैनौं तर वास्तवमा त्यो पनि एक प्रकारको हिंसा नै हो। त्यसैले डा. डिल्लीरमण रेग्मी र उहाँकी नातिनी अवन्तिका रेग्मी रूख काट्न हुन्न भन्ने गर्नहुन्थ्यो।

दोस्रो जीव : पशु-पक्षी, बाघ-भालू सर्प-बिच्छीजस्ता जीवहरूमा बाघ-भालू, सर्प-बिच्छी आदि हिंस्रक जातिका जीवले आफ्नो जीविकाका लागि कुनै अन्य जीवलाई मार्दछन् भने त्यसलाई हामी हिंसा मान्न सक्दैनौं किनकि तिनीहरूको बाँच्ने आधार नै त्यही हो।

तेस्रो जीव : मानव जाति जोसँग प्राण, मन, बुद्धि, विवेक र ज्ञानसमेत भएकाहरूले रूख, बिरुवा नष्ट गर्नु र पशुपक्षीलाई मारेर खानुलाई सबभन्दा ठूलो हिंसा मान्न सकिन्छ भने मानवले मानवलाई मार्नु भनेको त झन् भयानक र उग्र रूपको हिंसा हो भन्ने सम्झनुपर्छ। त्यस्तो हिंसाले राष्ट्रमा अशान्ति फैलाएर शान्ति भङ्ग हुन्छ र राष्ट्र, राष्ट्रियता तथा राष्ट्रिय समृद्धि र विकासमा ठूलो धक्का पुऱ्याई सम्पूर्ण मानवजातिलाई नाशको बाटोतर्फ अग्रसर गराउँछ। डा. रेग्मी (बाबा) यी दुवै हिंसाका कट्टर विरोधी हुनुहुन्थ्यो। उहाँ

भन्ने गर्नुहुन्थ्यो– 'निःस्वार्थ भावनाबाट प्रजातन्त्र फस्टाई शान्ति प्राप्त हुने र स्वार्थी भावनाले अशान्ति र हिंसालाई प्रोत्साहन दिने हुँदा स्वार्थी राजनीति पनि एक प्रकारको हिंसा नै हो।' राजनीतिले धर्म छाडेमा यो स्थिति आउँछ। उक्त कुराको पुष्टिका लागि विभिन्न नीतिशास्त्रहरूमा भनिएको छ–

दुःख दिन्छौ अरूलाई खोज्छौ मित्र सबैतिर
लेदोमा हामफालेर दूध मिल्दछ के गरी
अपराध सधैँ गर्छौ खोज्दछौ मुक्तिको गति
रिठ्ठाको बीज रोपेर कहाँ फल्दछ कागती
भोकाले भात नै खोज्छ औषधि रोगीले पनि
खोजेको पाउनासाथ स्वार्थीले बिर्सने सबै।

उपर्युक्त नीतिका कुराहरूलाई चिन्तन-मनन गरेर विश्व इतिहासको पाना पल्टाउँदा शताब्दीयौँ लगाएर विकास भएको संसदीय व्यवस्था र प्रजातन्त्रको स्थापना निःस्वार्थ राजनीति र शान्तिविना सम्भव भएको पाइँदैन। यहाँ नेपालमा शान्ति, अहिंसा तथा राष्ट्रिय समृद्धिका लागि मरिमेट्ने आजीवन प्रजातन्त्रप्रति सङ्घर्षरत बाबाको बारेमा केही चिन्तन गर्नु उपयुक्त नै ठानी निम्न कुराको स्मरण गराउँदै छु–

'शान्ति, अहिंसा मानवधर्म/परोपकार पुण्याय पापाय परपीडनम्' भन्ने कुरामा विश्वस्त रहनुभएका अन्तर्राष्ट्रिय क्षेत्रकै महान् व्यक्तित्वमध्ये एक मान्न सकिने डा. डिल्लीरमण रेग्मीलाई आज हामी इतिहासको गर्भभित्र मात्र देख्न सक्छौँ। पहिले उहाँ बागबजारको एउटा घरमा सानो कोठा लिएर बस्नुभएको थियो। एक दिन उक्त डेरामा राजा त्रिभुवन आउँदा ढोकामा निधार ठोक्किएछ र राजाले रेग्मीजी घर बनाउनुपर्‍यो भन्दा पैसा छैन भन्नुभएछ। त्यसपछि म पैसा दिन्छु भनी राजाले भन्दा नलिई आफूले लेखेका पुस्तकहरूको रोयल्टी लिएर हालको पुस्तकालय रहेको एउटा घर २००९ सालमा तीन हजार ६ सय रुपैयाँमा खरिद गरी डा. डिल्लीरमण रेग्मी सदन नामकरण गर्नुभएछ। हाल उहाँले लेखेको, मेडिएभल नेपाल, मोडर्न नेपाल र आन्सिएन्ट नेपाल नामका पुस्तकबाट डा. डिल्लीरमण रेग्मी प्रतिष्ठानले वार्षिक भारु पाँच लाख (नेरु आठ लाख) रोयल्टी लिएर पुनः मुद्रण गराएको छ। उहाँले रोयल्टी लिएर बनाएको उक्त सदनलाई २०३७ सालमा राजा वीरेन्द्रबाट उद्घाटन गराई डा. डिल्लीरमण रेग्मी स्मारक-पुस्तकालय,

सङ्ग्रहालय तथा अनुसन्धान केन्द्र ज्ञानोदय आश्रम नामकरण गरी २०५२ सालमा आफ्नै संरक्षकत्व र अध्यक्षतामा डा. डिल्लीरमण रेग्मी ट्रष्ट स्थापना गरी सञ्चालन गर्नुभएको र २०५४ सालमा हालका सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई ट्रष्टको उपाध्यक्ष बनाउनुभएको पाइन्छ।

उहाँले ट्रष्ट बनाउनुको मुख्य उद्देश्यचाहिँ आफ्नो शेषपछि पुस्तकालय, अनुसन्धान केन्द्र सुरक्षित रहोस् भन्ने थियो। उहाँले स्थापना गर्नुभएको पुस्तकालयको परिसरभित्र शान्ति अहिंसाका प्रतिपादक गौतम बुद्ध, महावीर जैन, महात्मा मोहनदास करमचन्द गान्धी तथा अन्य देवीदेवताका मूर्तिहरू स्थापना गर्नु, पुस्तकालयको एक कोठालाई शान्तिकक्ष नाम राख्नु, चारैतिर बुद्धका मूर्ति बनाई माथिबाट चैत्य भएको स्तुपभित्र आफ्नो 'अस्तु' राख्न लगाएर आफूलाई पुस्तकालय परिसरभित्र जीवित गराउनुले हामीलाई शान्ति, अहिंसा र राष्ट्रिय समृद्धिका लागि मार्गदर्शन गरेर पुस्तकालयको संरक्षण गर्दै हुनुहुन्छ जस्तो लागिरहेछ।

उहाँको स्वर्गारोहणपश्चात् २०६० साल आषाढ १२ गते शिक्षा मन्त्रालयले सात सदस्यीय डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति गठन गराएको र उक्त समितिले स्थापनाकालदेखि नै पुस्तकालयको विकासमा विभिन्न कार्यहरू गर्दै आएको छ। २०६३ साल आषाढमा डा. विष्णुहरि नेपाल अध्यक्षको रूपमा आउनुभएपछि उहाँले डा. रेग्मीको उक्त पुस्तकालय, सङ्ग्रहालय र अनुसन्धान केन्द्रलाई एउटै पुस्तकालयको रूपमा मात्र सीमित राख्नु उहाँको इच्छा एवं ट्रष्टको उद्देश्यविपरित हुन जानेछ भन्ने विचार गरी डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समितिको बैठकमा पहिलेको ट्रष्टजस्तै विकास समितिलाई डा. डिल्लीरमण रेग्मी प्रतिष्ठान गर्ने र त्यसको छातामुनि डा. डिल्लीरमण रेग्मीको निम्नलिखित उद्देश्य पूरा गर्ने प्रस्ताव राखी समितिको मिति २०६३ साल श्रावण ७ को बैठकले उक्त प्रस्ताव पारित गरी नयाँ नामकरणका लागि मन्त्रालयमा पठाएको छ–

१. पुस्तकालयको डिल्लीरमण-कल्याणी रेग्मी विकास गर्ने
२. सङ्ग्रहालयको विकास गर्ने
३. अनुसन्धान कार्यको विकास गर्ने

यसरी स्थापित प्रतिष्ठानमा डा. विष्णुहरि नेपालले शान्ति-वाटिकाको निर्माण गरी यस परिसरलाई अझ बढी शान्तिक्षेत्र बनाउन प्रयास गर्नुभएको

र यसलाई अझ विकास गर्दै लैजान डा. डिल्लीरमण रेग्मीको नाममा छुट्टै अन्तर्राष्ट्रियस्तरको पुस्तकालय र अनुसन्धान केन्द्र बनाउन अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संघ-संस्थाहरूसँग जग्गा र आर्थिक सहयोगको पहललाई सम्पूर्ण बोर्ड सदस्य एवं सल्लाहकारहरू एवं सम्पूर्ण मेहनती कर्मचारीहरूले समेत होस्टेमा हैँसे गर्दै विकासकार्यमा साथ दिन सक्दोप्रयास गर्दै छन्। त्यसका लागि थप ऊर्जा दिन डा. डिल्लीरमण रेग्मीले जस्तै अध्यक्ष डा. विष्णुहरि नेपालले विविध विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्राध्यापकहरू, विद्वान्हरू र विशेष व्यक्तित्वसँग अन्तर्क्रिया कार्यक्रम प्रतिष्ठानमा बारम्बार आयोजना गरी प्रचार-प्रसार गर्दै हुनुहुन्छ। बाबा प्रजातन्त्र, शान्ति, अहिंसा र राष्ट्रिय समृद्धिका लागि जीवनको अन्तिम घडीसम्म सङ्घर्षरत स्वयं शान्ति अहिंसाको प्रतीक हुनुहुन्थ्यो। उहाँ शान्ति-अहिंसाका पुजारीको कदर र सम्मान गर्नुहुन्थ्यो। त्यसैले उहाँले आफ्नो जीवनकालमै दक्षिण अफ्रिकाका पूर्वराष्ट्रपति नेल्सन मण्डेला र भारतका महान् नेता महात्मा गान्धीजस्ता शान्ति-अहिंसाका अग्रदूतलाई शान्ति अहिंसा पुरस्कार दिने घोषणा गर्नुभएको थियो। त्यसका लागि आफ्नै परिश्रमको कमाइबाट रु. ३० लाखको अक्षयकोष पनि राख्नुभएको थियो। उहाँको जीवनकालमा उक्त इच्छा पूरा हुन सकेन तर सो इच्छा डिल्लीरमण रेग्मी स्मारक पुस्तकालय विकास समिति (प्रस्तावित डा. डिल्लीरमण रेग्मी प्रतिष्ठान)ले पूरा गरेको छ।

डा. डिल्लीरमण रेग्मी प्रतिष्ठानका अध्यक्ष डा. विष्णुहरि नेपालको नेतृत्वमा र बोर्डका अन्य सदस्यमहानुभावको सक्रिय सहयोगबाट पहिलोपटक नेल्सन मण्डेलालाई अध्यक्ष डा. विष्णुहरि नेपाल र सदस्य प्रा.डा. कृष्णबहादुर थापा दक्षिण अफ्रिकामै गएर 'अन्तर्राष्ट्रिय शान्ति पुरस्कार २००६' हस्तान्तरण गरियो र दोस्रोपटक मरणोपरान्त महात्मा गान्धीलाई 'अन्तर्राष्ट्रिय शान्ति पुरस्कार-२००७' भारतीय राजदूत शिवशंकर मुखर्जीलाई हस्तान्तरण गर्नुका साथै प्रत्येक वर्ष शान्ति अहिंसा र अनुसन्धानसम्बन्धी उल्लेखनीय योगदान पुऱ्याउने एक नेपालीलाई एक लाख रुपैयाँको राष्ट्रिय शान्ति पुरस्कार र सम्मानपत्रबाट विभूषित गर्ने घोषणा गरी यस वर्ष जिउँदो शहीदको रूपमा चिनिने वरिष्ठ राजनीतिज्ञ वयोवृद्ध श्री रामहरि शर्मालाई उहाँले राणा शासनको अन्त्य गरी प्रजातन्त्र स्थापनाका लागि पुऱ्याउनुभएको योगदानको कदर गर्दै पहिलो 'डा. डिल्लीरमण रेग्मी राष्ट्रिय शान्ति पुरस्कार-२००७' ले विभूषित गरेर

डा. रेग्मीको शान्ति-अहिंसाप्रतिको आकाङ्क्षालाई पूरा गरेको छ। साथै डा. रेग्मीलाई 'इतिहासरत्न' घोषित गर्नसमेत प्रस्ताव गरिएको छ। डा. रेग्मी भन्ने गर्नुहुन्थ्यो, 'हिंसात्मक युद्ध गर्ने सैनिकले शत्रुलाई मार्दछ तर अहिंसा यस्तो युद्ध गर्ने ब्रह्मास्त्र हो, जुन युद्धले शत्रुलाई पनि मित्र मानेर कदर गर्दछ।' बुद्धधर्म, जैनधर्म, अगुण व्रत धर्ममा पनि हिंसाको अन्तिम लक्ष्य शान्ति र अहिंसा नै हुन आउँछ भन्ने उल्लेख गरेको आभास हुन्छ। डा. रेग्मीको अन्तिम इच्छा पनि हिंसात्मक बाटोतर्फ लागेका माओवादीसँग सम्झौता गरेर नेपालमा शान्ति स्थापना गर्न मध्यस्थताको भूमिका निभाउने थियो तर उहाँको जीवनकालमा सो इच्छा पूरा हुन सकेन तर संयोगवश उहाँको स्वर्गारोहण भएकै दिन २०५८ साल भाद्र १४ गते तत्कालीन श्री ५ को सरकार र माओवादीबीच शान्तिवार्ता सम्पन्न भएको थियो तर सफल हुन सकेन तथापि उहाँको सपना ऐतिहासिक जनआन्दोलन २०६२-०६३ ले पूरा गरी २०६३ साल मंसिर ५ गते सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादी नेता प्रचण्डबीच १० बुँदे शान्ति-सम्झौतामा हस्ताक्षर भयो। उक्त शान्ति-सम्झौताले लोकतान्त्रिक गणतन्त्र स्थापना गरी नयाँ नेपाल बनाउन संविधानसभा निर्वाचन गराउने गरी सात दल र माओवादीबीच भएको २०६३ साल कार्तिक २१ गतेको शान्ति-सम्झौताले प्रण गरेको थियो।

जाआन्दोलन ०६२/६३ को जनआकाङ्क्षा पनि निःस्वार्थ राजनीतिद्वारा नयाँ नेपालको निर्माण गर्न संविधानसभाको निर्वाचन गराउने र गणतन्त्रको स्थापना गर्ने थियो। यसरी आएको जनताको आकाङ्क्षा पूरा गर्न अन्तरिम संसद् र अन्तरिम संविधान तयार भई माओवादीहरू संसद् र सरकारमा समेत गए। सात दल र माओवादीले केही समयसम्म राम्रो व्यवहार देखाए तर देशमा शान्ति र निःस्वार्थ राजनीति हुन सकेन। शान्तिका लागि शिक्षित, अशिक्षित, छुवाछूत, रङ्गभेद, लिङ्गभेद नगरी सम्पूर्ण मतदाताको मतलाई कदर गर्नुपर्छ। हिन्दूधर्ममा चार जातको वर्णन गरेको पाउँछौं। जुन कुरा गीताको चौथो अध्यायको १३ औं श्लोकमा श्रीकृष्णले अर्जुनलाई यसरी भन्नुभएको छ– 'चातुर्वर्ण्यं मया सृष्टं गुणकर्म विभागशः। तस्य कर्तारमपिमां विद्धयकर्तारमव्ययम्।' अर्थात् गुण र कर्मले जात विभाजन भएको हो भन्ने आशय यसले दिएको छ। त्यो कुरा सबैले बुझेर व्यवहार गर्नु नै निःस्वार्थ राजनीति हुने थियो तर नेपालमा शान्ति स्थापना भएर

पनि जनताले चाहेअनुसारको सुशासन र नयाँ नेपालको परिकल्पना साकार हुन सकेन । यसको मुख्य कारण व्यक्तिगत र राजनीतिक स्वार्थ, पदको निम्ति राजनीति गर्ने होडबाजी, भ्रष्टाचार बढ्नु र भ्रष्टाचारीलाई कारबाही गर्नुको सट्टा संरक्षण प्रदान गर्नु, सामाजिक भेदभाव, नातावाद र कृपावादको बहुलता आदि मुख्य मान्न सकिन्छ । जसको फलस्वरूप नयाँ नेपाल निर्माण र गणतन्त्र स्थापनाका लागि हुन लागेको संविधानसभाको निर्वाचन दुईपटक स्थगित हुन पुग्यो । यसमा निम्नलिखित क्रियाकलापले मुख्य भूमिका खेलेको अनुमान गर्न सकिन्छ –

- सातदलभित्र भएको १२ बुँदे सम्झौता अनुरूप शान्ति-सम्झौता भई माओवादीहरू सांसदमा मनोनित भएर सरकारमा समेत प्रवेश गरेको अवस्थामा पनि माओवादीको भातृ सङ्गठन वाईसीएलको चन्दा सङ्कलन, हत्या, हिंसा, अपहरण आदि नराम्रो गतिविधि र आचरण नरोकिनु ।
- प्र.म.ले उनीहरूलाई योङ क्रिमिनलको संज्ञा दिनु ।
- माओवादीका अध्यक्षले प्रधानमन्त्रीलाई अपराधीको संरक्षक ठान्नु ।
- ०६४ भाद्र १३ गते सरकारले जन अधिकार फोरमसँग गरेको २२ बुँदे सहमतिबाट माओवादी रुष्ट हुनु ।
- तराई मुक्ति मोर्चा गोइत समूह र जनतान्त्रिक मोर्चाको ज्वाला सिंह समूहले तराई स्वतन्त्रताको अड्को थापेर सङ्घर्षरत भइरहनु ।
- सङ्घीय गणतन्त्र मोर्चाले आदिवासी, महिला, जनजाति र दलितहरूले सरकारसँग राखेका विभिन्न मागहरूमा सरकारले विचार नगर्नु आदिलाई मान्न सकिन्छ ।

उपयुक्त विभिन्न कारणहरूले गर्दा ०६४ साल श्रावणको तेस्रो सातामा सम्पन्न भएको माओवादीको पाचौं विस्तारित बैठकले संविधानसभा अगाडि नै गणतन्त्र घोषणा र समानुपातिक निर्वाचनको मागसहित २२ बुँदे माग राखेको र माग पूरा नभए सरकार छोडेर आन्दोलन गर्ने चेतावनी दिएका कारणले देशमा पुनः अशान्ति हुने सङ्केत देखा परेर २०६४ साल मंसिर ६ गते हुन लागेको संविधानसभाको निर्वाचन स्थगित भएको अनुमान गर्न सकिन्छ ।

तत्पश्चात् २०६४ साल आश्विन ११ गते माओवादीद्वारा संसदको विशेष अधिवेशनका लागि प्रधानमन्त्रीसमक्ष समावेदन जाहेर गरे । उक्त समावेदन

अनुसार २०६४ साल आश्विन २४ गते अन्तरिम संसद्को विशेष अधिवेशन शुरु भयो। बडादशैँका कारणले केही दिनका लागि उक्त अधिवेशन स्थगित भई पुनः कार्तिक १२ र १८ गते बसेको संसद्को बैठकले माओवादीले राखेको संविधानसभाको निर्वाचनअगाडि नै गणतन्त्रको घोषणा र समानुपातिक निर्वाचनको प्रस्ताव बहुमतले पारित भयो।

अन्तरिम संविधानमा संविधानसभाको पहिलो बैठकबाट मात्र राजतन्त्रको अन्त्य र गणतन्त्र घोषणाको निर्णय हुने, मिश्रित चुनावप्रणाली हुने भन्ने भएकोले अन्तरिम संविधानका अन्तरिम संसद्को बहुमतबाट पारित प्रस्ताव असंवैधानिक र जनअधिकारलाई कुठाराघात गरेको भनी विभिन्न राजनैतिक क्षेत्रमा हलचल मच्चिएर शान्ति, अहिंसा र राष्ट्रिय समृद्धिमा बाधा पर्न गएको महसुस एकातिर छ भने अर्कोतिर सात दलीय गठबन्धनले तयार गरेको अन्तरिम संविधानअनुसार मनोनित सांसदहरू जननिर्वाचित सांसद नभएकोले उक्त संसद्को विशेष अधिवेशनको बहुमतले पारित गरेको संविधानसभाको चुनावअगाडि नै गणतन्त्र घोषणा र समानुपातिक निर्वाचन गैरसंवैधानिक तथा जनअधिकारको हनन हो भनी राष्ट्रका वरिष्ठ संविधानविद्हरूमा विचार-विमर्श भइरहेको छ भन्ने बुझिन आएको अनुमान छ।

अर्कोतिर यस्तो अवस्थामा देशमा अशान्तिले जरो गाड्ने सम्भावना धेरै हुन्छ त्यसैले यसबाट पार पाउन २०४७ को संविधानलाई ब्युँताएर संशोधन गरी विघटित संसद्लाई पुनर्बहाली गर्नुपर्छ भनी विभिन्न राजनीतिक नेताहरूबाट आवाज आएको पनि ज्ञान हुन आएको छ। के यसबाट देशमा शान्ति, अहिंसा, र राष्ट्रिय समृद्धिको विकास होला या नहोला भन्न सकिने स्थिति हाल छैन। यसलाई गर्भमै छाडिदिनु वेश होला, किनकि गर्भको बात कोही नजाने। २००७ सालदेखि गर्भमा बसेको संविधानसभा निर्वाचनका लागि डा. डिल्लीरमण रेग्मीले २०१० सालमा पनि सफल गराउन धेरै नै प्रयास गर्नुभएको थियो तर गर्भभित्रै रह्यो। हाल २०६४ सालमा सम्पूर्ण जनताको मतदानबाट प्राकृतिक तवरले खोज्नुले राष्ट्र र जनतामा जटिल खतरा उत्पन्न भई देशमा शान्ति, अहिंसा र राष्ट्रिय समृद्धिमा बाधा पुगी देश अधोगतितिर लम्कने सङ्केत देखापरेको छ। यस वेला डा. रेग्मी जीवित हुनुभएको भए यो जटिल समस्याबाट मुक्त हुन केही न केही उपाय अवश्य निकालेर देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न धेरै हदसम्म मद्दत हुने थियो भन्ने लाग्दछ।

डा. रेग्मीजस्तै नेपाली जनता पनि युद्ध, आतङ्क र अशान्ति चाहँदैनन्। त्यसैले यस्तो स्थितिबाट हामी मुक्त हुनुपर्छ किनकि यस्तो स्थिति रहिरह्यो भने नेपालले पनि सुडान, अफगानिस्तान र इराकको जस्तै सङ्कट भोग्नुपर्ने स्थिति आउन सक्छ। त्यसैले २०६४ साल मार्ग १३ गतेदेखि शुरू भएको अन्तरिम संसद्‌को हिउँदे अधिवेशनले संविधानसभा निर्वाचनको मिति निश्चित गरी निश्चित समयमै निर्वाचन गराएर देशमा लोकतान्त्रिक गणतन्त्रको परिकल्पना साकार गराएर डा. डिल्लीरमण रेग्मीको प्रजातन्त्र, शान्ति-अहिंसा र राष्ट्रिय समृद्धिप्रतिको इच्छा र आकाङ्क्षालाई पूरा गर्न र गराउन सकेमा उहाँप्रति सच्चा श्रद्धाञ्जली हुनेछ भन्ने लाग्दछ।

सन्दर्भसामग्रीहरू :

१. डा. डिल्लीरमण रेग्मी : हिजो र आज पुस्तक।

२. विभिन्न दैनिक, साप्ताहिक, धर्मज्ञान द्वैमासिक र अन्य विविध पत्रपत्रिकाहरू।

डा. डिल्लीरमण रेग्मी : आजको सन्दर्भमा, २०६४ मा प्रकाशित

नेपालको वर्तमान स्थिति र डा. डिल्लीरमण रेग्मीको दर्शन

वरिष्ठ विद्वान् स्वेट मार्टनले भनेका थिए– 'मानिस जन्मदै समाज, राष्ट्र र संसारप्रतिकै जिम्मेवारी बोकेर आएको हुन्छ।' त्यसै अनुरूप सबैले आ-आफ्नो जिम्मेवारी सम्झेर आ-आफ्नो समाज र राष्ट्रलाई विदेशी पन्जाबाट मुक्त गरी विश्वसामु प्रस्तुत हुने जिम्मेवारी वहन गरेको देखाउन समर्थ भएको हुनुपर्छ भन्ने भावना जागेर आई मोहनदास करमचन्द गान्धी (महात्मा गान्धी)ले अहिंसात्मक शान्तिपूर्ण आन्दोलनद्वारा सन् १९४७ अगस्ट १५ मा ब्रिटिस साम्राज्यजस्तो महान् विदेशी राष्ट्रबाट आफ्नो राष्ट्र भारतलाई स्वतन्त्र गराएर समाज, राष्ट्र र विश्वसामु परिचित हुने जिम्मेवारी वहन गरेका थिए।

नेपालमा पनि त्यस्तै प्रक्रियाबाट जहानियाँ राणाशासनको अन्त्य गरी प्रजातन्त्रको स्थापना गर्ने महान् उद्देश्य लिएर बनारसमा नेपाली काँग्रेसको स्थापना भएको थियो। उक्त संस्थाको संस्थापक नेता बिपी कोइराला जेलमा परेको बखत डा. रेग्मी कार्यवाहक सभापति हुनुभएको थियो। पछि बिपी जेलमुक्त हुनासाथ उक्त सभापति पद छाड्न अनुरोध गर्दा डा. रेग्मीले नमानी छुट्टै 'नेपाली राष्ट्रिय काँग्रेस' नामक संस्थाको स्थापना गरी उक्त संस्थाको संस्थापक अध्यक्ष हुनुभएको थियो। उक्त संस्थाको अध्यक्ष डा. रेग्मीको गुटमा रही धर्मरत्न यमी, पुष्पलाल प्रधान (श्रेष्ठ), मनमोहन अधिकारी, रामहरि शर्माजस्ता वरिष्ठ राजनीतिज्ञहरूले उहाँलाई साथ दिएका थिए। त्यसैले डा. रेग्मीले नेपालमा कम्युनिष्ट पार्टी स्थापना गर्न सहयोगसमेत गर्नुभएको पाइन्छ किनकि पुष्पलाल प्रधान नेपाली राष्ट्रिय काँग्रेसको सचिव पनि थिए। डा. रेग्मी (बाबा) को जीवनदर्शन महात्मा गान्धी, बुद्ध महावीरको जस्तै शान्ति, अहिंसा र परोपकार नै थियो। 'परोपकार पुण्याय पापाय पर पीडनम्' भन्ने शब्द डा. रेग्मीको मुखारविन्दबाट सधैँ प्रकट भइरहने गर्दथ्यो। त्यसैलाई आधार मानेर स्थापना गरिएको नेपाली राष्ट्रिय काँग्रेसलाई एक वर्गीय सङ्गठन भन्न नमानी त्यसलाई सामन्तवादी, साम्राज्यवादी र बहुदलीय प्रजातन्त्रीय व्यवस्थाबाट

अलग रहने एकदलीय वा एक व्यक्तिको शासन व्यवस्था स्थापना गर्न चाहने प्रतिक्रियावादी तत्त्वहरूको प्रतिकार गर्ने उद्देश्यस्वरूप राखिएको थियो। सोही उद्देश्यअनुरूप नेपालमा वहुदलीय, बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुसैद्धान्तिक समाजभित्र रहेर बालिग मताधिकारको आधारमा स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित प्रजातान्त्रिक तरिकाले छानिएका व्यवस्थापिकाप्रति पूर्ण उत्तरदायी हुने व्यक्तिहरूको जनताको सरकार स्थापना गरी सम्पूर्ण सार्वभौमसत्ता जनतामा निर्भर गराउने महान् कल्पना गर्नुभएको थियो। उहाँको त्यो कल्पना हाल पूरा भइसकेको छ तर त्यसले पूर्णता पाउन भने सकेको छैन। हाल सरकार अन्तरिम अवस्थामा नै छ।

अहिंसा र शान्तिका अनुपम प्रतिमूर्ति महात्मा गान्धी परवदा जेलमा थुनिएको वेलामा पछाडिको जालीबाट सर्पको जस्तो आवाज आई ढिलो निदाएछन् र उनको साथीले सर्पजस्तो विषालु प्राणीलाई मारेको भए भइहाल्दथ्यो किन मार्न डराउनुभयो भन्दा गान्धीले भनेछन्, 'रामले भन्नुभएको थियो, जसरी आफूलाई आफ्नो प्राण प्यारो लाग्दछ त्यसरी नै सम्पूर्ण प्राणीलाई आफ्नो प्राणको माया लाग्दछ। त्यसैले 'अहिंसा परमो धर्म' भन्ने सम्झेर मैले यस विषयमा बुद्धले दिनुभएको शिक्षालाई पनि पालन गरी मार्ने काम गरिनँ किनकि म यो भन्न चाहन्छु सम्पूर्ण सांसारिक प्राणीलाई प्रेम गर्न सिक्नु नै ईश्वर चिन्नु हो, जस-जसले सत्यलाई चिनेको छ, जो मन, वचन र शरीरले सत्यको आचरण गर्छ, उसैले परमेश्वरलाई चिन्नेछ। औ यिनै गुणहरूले गर्दा ऊ त्रिकालदर्शी पनि बन्छ (महात्मा गान्धी)।' यही नै मेरो जीवनदर्शन पनि हो भनेको र त्यही अनुरूपको जीवनदर्शनलाई बाबाले स्मरण गर्दै आफ्नो जीवनदर्शनलाई सोही अनुरूप ढाल्नुभएको थियो।

उहाँले आफ्नो जीवनदर्शनलाई आधार मानेर नेपाल र नेपालीको हितको लागि निम्न आधारहरूको पालन गरी राजनीतिक क्रान्ति गर्ने प्रण गर्नुभएको थियो भन्ने पाइन्छ।

- अहिंसा र शान्तिपूर्ण उपायद्वारा नेपाल र नेपाली जनताको सर्वाङ्गीण विकास र समृद्धिका लागि गैरसरकारी तथा सरकारी साधनहरूको सेवा र सुविधा सर्वसुलभ तरिकाले उपलब्ध गराउने।
- देशको उद्योगधन्दा, कलकारखाना, कलाकौशल, भाषा र संस्कृतिको विस्तार तथा विकास गर्ने।

– नेपाल र नेपालीको सामाजिक, आर्थिक राजनीतिक तथा बौद्धिक विकास गरी नेपाल र नेपालीको उज्ज्वल भविष्य निर्माण गर्ने ।

– आफ्नो राष्ट्र र राष्ट्रियतालाई कुनै प्रकारको आँच नआउने गरी सोभियत रुस तथा पूर्वी युरोपको जस्तै नेपालको परम्परावादी व्यवस्थालाई परिवर्तन गरी सम्पूर्ण नेपालीलाई गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारको सुविधा दिएर बेरोजगारी तथा गरिबीको अन्त्य गर्ने ।

डा. रेग्मीले उक्त आधारहरू पूरा गर्न जीवनभर सङ्घर्ष गरिरहनुभयो तर उहाँको त्यो नेपाली राष्ट्रिय काँग्रेसले फस्टाउने मौका भने पाउन सकेन। त्यसैले उहाँ दुःखित पनि हुनुभएको थियो, तर हरेस भने खानुभएन ।

उहाँलाई विरोध गर्नेहरूले चन्द्रशमशेर, भीमशमशेर, जुद्धशमशेर मोहनशमशेर आदि श्री ३ हरूले समेत मानेका गुरुज्यू खलकका नातेदार भएपछि कसरी राणाविरोधी हुन्छन् र ! भन्ने गर्दथे ।

तर, उहाँले त्यस्तो कुनै कुरालाई ध्यान नदिई १०४ वर्षको जहानियाँ राणा शासनविरोधी आन्दोलनलाई सहयोग पुग्नेगरी A Century of Family Autocracy in Nepal नाम गरेको पुस्तक लेखी प्रकाशन गर्नुभयो । त्यसले गर्दा सबै जना राजनीतिक नेताहरू उहाँलाई आफ्नो गुरु मान्ने गर्दथे ।

डा. रेग्मीको नेपाली राष्ट्रिय काँग्रेसको गुटबाट अलग रहेको नेपाली काँग्रेस ग्रुपका डा. केआई सिंहले वि.सं. २००६ मा डा. रेग्मीलाई भेटी नेपालमा महात्मा गान्धीको शान्ति तथा अहिंसाको युद्धबाट प्रजातन्त्र प्राप्त गर्न सकिँदैन सशस्त्र क्रान्ति नै चाहिन्छ भनेका थिए, तर डा. रेग्मीले महात्मा गान्धीकै सिद्धान्तमा अडिएर प्रजातन्त्र प्राप्तिका लागि सहयोग गर्नुभएको थियो । वि.सं. २००७ साल फागुन ७ गते १०४ वर्षको जहानियाँ राणाशासनको अन्त्य भई प्रजातन्त्रको थालनी भयो। यसरी प्राप्त भएको प्रजातन्त्रलाई अझ सफलीभूत बनाउन डा. रेग्मीले वि.सं. २०१० सालमा संविधानसभाको चुनाव गराउने प्रस्ताव ल्याउनुभई त्यो सफल बनाउन धेरै नै प्रयास पनि गर्नुभएको थियो तर सफल हुनुभएन। २०१४ सालमा नेपाली राष्ट्रिय काँग्रेस, नेपाली काँग्रेस र नेपाल प्रजापरिषद्को संयुक्त मोर्चा खडा गरी आमचुनावको लागि सत्याग्रह गर्नुभएको थियो। त्यसैले फलस्वरूप राजा महेन्द्रबाट आमचुनावको घोषणा गरी २०१५ सालमा आम चुनाव सम्पन्न हुँदा

नेपाली काँग्रेस विजय भई बिपी कोइराला प्रधानमन्त्री भएका थिए तर उक्त सरकारलाई राजा महेन्द्रले वि.सं. २०१७ पौष १ गतेको कालरात्रिमा विघटन गरी सम्पूर्ण राजनीतिक दललाई समेत प्रतिबन्ध लगाएर निर्दलीय पञ्चायत व्यवस्था स्थापना गराए। त्यसबाट पनि जनताले कुनै राहत पाउन सकेनन्। त्यसैले राजा वीरेन्द्रबाट २०३६ सालमा निर्दलीय र बहुदलीयबारे जनमत सङ्ग्रह गराउने घोषणा गरी जनमतसङ्ग्रह गराउँदा पञ्चायत पक्षको ५५ प्रतिशत र बहुदल पक्षको ४५ प्रतिशत जनमत आई बहुदल पक्ष अल्पमतमा परेको भनी पुनः पञ्चायत व्यवस्थाले नै अग्रस्थान पायो तर त्यसले पनि जनतालाई केही उपलब्धिपूर्ण सहयोग गर्न र राहत दिन सकेन। त्यसैले पूर्णप्रजातन्त्र प्राप्तिका लागि जनताले पुनः सशस्त्र आन्दोलन शुरू गरे त्यसमा डा. रेग्मीले वि.सं. २०४४ सालमा घरैमा नजरबन्द भएर प्रजातन्त्र पुनः स्थापनाको लागि अनशन बसी शान्तिपूर्ण सहयोग र प्रेरणा प्रदान गर्नुभएको थियो। फलस्वरूप २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना पनि भयो।

त्यसरी जनताले आन्दोलन गरी पुनर्बहाली भएको प्रजातन्त्रमा कार्यरत राजसंस्था तथा सरकारमा बस्ने व्यक्तिहरू नातावाद, कृपावाद, भ्रष्टाचार तथा सत्ताकै लागि राजनैतिक खिचातानी गरी पथभ्रष्ट भए। तिनै पथभ्रष्ट भएकाहरूलाई सुमार्गमा ल्याई तह लगाउन वि.सं. २०५२ सालमा माओवादीले हिंसात्मक आन्दोलन गरेका हुन् भनी डा. रेग्मी भन्ने गर्नुहुन्थ्यो।

त्यसैले हिंसात्मक बाटोको युद्धलाई छाडेर शान्ति र अहिंसाको बाटोले पनि आफ्नो उद्देश्य प्राप्त गर्न सकिन्छ। त्यसको लागि सहमति र वार्ताको आवश्यकता पर्दछ। त्यसैले म तपाईं माओवादी दाजुभाइ, दिदीबहिनीहरूसँग म आफै वार्ता गर्छु। वार्तामा आउनुहोस् भनी पत्र पठाउनुभएको थियो र माओवादी नेताहरूले वार्ता गर्न सहमति पनि भइसकेको अवस्थामा वि.सं. २०५८ साल भाद्र १४ गते भाद्र शुक्ल द्वादशी (वामन द्वादशी)को पुण्य तिथिमा उहाँको निधन हुन गयो। तर, संयोग भनौं वा उहाँको इच्छा साकार भएको भनौं, त्यसै दिन तत्कालीन सरकार र माओवादीबीच प्रथमपटकको वार्ता सम्पन्न भई क्रमशः तेस्रोपटकसम्म वार्ता हुँदै गयो। चौथोपटकको वार्तामा कुरा नमिली स्थगित भएको थियो तर पनि माओवादीहरूले डा. रेग्मीको भावना आशीर्वादलाई शिरोधार्य गरी उहाँको शान्ति र अहिंसाको

पथप्रदर्शनलाई स्थान दिएर महावीरले १२ वर्षसम्म महान् तपस्या गरी शान्ति प्राप्त गरेको र मानिसलाई मारी तिनीहरूको औंलाको माला लगाई हिँड्ने महान् हिंसात्मक अँगुलीमालले बुद्धको उपदेश प्राप्त गरी हिंसालाई त्यागेर शान्ति र अहिंसाको बाटोमा आएजस्तै गरी माओवादीहरूले पनि डा. रेग्मीसँग प्रभावित भई १० वर्षसम्मको नरसंहारकारी हिंसात्मक जनयुद्ध जसमा तत्कालीन सरकार र माओवादीसमेतबाट गरी जम्मा १३ हजार दुई सय ४६ जवान राष्ट्रसेवकले जीवन गुमाएका थिए, वार्तामा आएका थिए। जसलाई हामी सधैँ सम्झिरहनेछौँ। यस्तो भयङ्कर कठोर जनयुद्धलाई त्यागेर अहिंसा र शान्तिको पथमा आउने उद्देश्य लिएर २०६२ साल मंसिर ७ गते राजनैतिक दल र माओवादीले दिल्लीमा गई १२ बुँदे समझदारी गरे।

त्यसपछि २०६३ साल वैशाख ११ गते तत्कालीन राजा ज्ञानेन्द्रले विघटित संसद्को पुनःस्थापना गरी जनताको नासो जनतालाई नै सुम्पेको र सम्पूर्ण सार्वभौमसत्ता जनतामै भएको घोषणा गरे। त्यसपछि ०६३ साल ज्येष्ठ १२ गते २५ बुँदे युद्धविराम र आचार संहिता लागू भयो। २०६३ साल आषाढ २ गते नेपाल सरकारले गठन गरेको वार्ताटोलीको आयोजनामा ७ राजनीतिक दल र माओवादीबीच ८ बुँदे सहमति भई सरकार र माओवादी दुवैको तर्फबाट संयुक्त राष्ट्रसंघलाई पठाएको पत्रको आधारलाई समेत ध्यान दिएर ०६३ साल कात्तिक २१ गते पुनःस्थापित संसद्लाई विधिवत् रूपमा अन्तरिम संविधानद्वारा विघटन गरी ३३० सदस्यीय अन्तरिम संसद् र ४४५ सदस्यीय संविधानसभा हुने गरी ११ बुँदे सहमति भई विश्वकै पहिलो ऐतिहासिक शान्ति-सम्झौता सम्पन्न भयो।

त्यसपछि अन्तरिम संविधान संशोधन भई हाल ६०१ जवान संविधानसभामा सांसद हुने र त्यसमा समानुपातिकको आधारहरू पनि रहने भयो। २०६३ साल कात्तिक २२ गते शिखरवार्ताको निर्णय गरी ०६३ साल मार्ग ५ गते विश्वकै पहिलो १० बुँदे ऐतिहासिक शान्ति-सम्झौता सरकार र माओवादीबीच सम्पन्न भयो। जस अनुसार अन्तरिम संविधानले नै राजाको सम्पूर्ण अधिकारलाई हटाएर उक्त अधिकार प्रधानमन्त्रीलाई सुम्पियो।

२०६४ साल चैत्र २८ गते शान्तिपूर्ण तरिकाले संविधानसभाको विधिवत् रूपमा चुनाव सम्पन्न भयो। जसमा माओवादीले सबैभन्दा बढी मत प्राप्त गरी ठूलो दलको रूपमा स्थापित हुने मौका प्राप्त गऱ्यो। जसबाट हामी यो भन्न

सक्दछौं कि नेपालको वर्तमान स्थिति ल्याउनमा डा. रेग्मीको जीवन दर्शनले घनिष्टरूप सम्बन्ध राखेको छ।

उपरोक्त संविधानसभाको पहिलो बैठकले राजालाई पूर्णरूपमा हटाएर राष्ट्रपतीय संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरेको छ। उक्त कुरा अन्तरिम संविधानमा पनि उल्लेख भएको पाइन्छ। जुन संविधानसभा चुनाव गराउन डा. रेग्मीले वि.सं. २०१० सालमै प्रयास गरिसक्नुभएको थियो। यसबाट पनि यो सिद्ध हुन्छ कि नेपालको वर्तमान स्थिति ल्याउन डा. रेग्मीको जीवनदर्शन शान्ति र अहिंसाको पथप्रदर्शनले प्रमुख भूमिका निभाएको छ।

विश्वको करिब २८ देशहरूमा यो व्यवस्था लागू भएको पाइन्छ तर ती सबै देशहरूमा आ-आफ्नो देश र माटो सुहाउँदो गरी संविधान निर्माण गरेको पाइन्छ। त्यसैले नयाँ नेपालमा पनि आफ्नै देश सुहाउँदो विभिन्न जाति र धर्ममा लागेका हिमाल, मधेश, तराई एवं पहाडी भेगका सम्पूर्ण नेपालीलाई एक ढिक्कामा राखी मधेश (तराई) वासी तथा लिम्बूवान्, मगरात, चेपाङ, गुरुङ, तामाङ, खसान, नेवार, मैथिली, राउटे, थारु, राजवंशी, भोजपुरी, दलित आदिसमेतले समानुपातिक रूपमा राहत पाउने गरी नयाँ नेपालको संविधान तयार हुनुपर्दछ। यसमा डा. रेग्मीले २००४ सालमा नै आफ्नो जीवनदर्शनको रूपमा प्रस्तुत गर्नुभएको प्रण अहिंसा र शान्तिको हतियार प्रयोग गरी नेपाल र नेपालीको भविष्य निर्माण गरी नयाँ नेपाल सिर्जना गर्ने जिम्मेवारी हाल माओवादी, एमाले, नेपाली काँग्रेस, फोरम र अन्य साना तथा ठूला सम्पूर्ण २५ दलहरूको काँधमा आइपरेको छ। त्यसैले 'जुन जोगी आए पनि कानै चिरिएका' भन्ने उखान नेपाली जनजातिमा चरितार्थ हुनु नदिन निःस्वार्थ भावले सर्वदल सम्पन्न शासन व्यवस्था लागू हुनुपर्दछ।

जुनसुकै राजनीतिक दलले पनि सत्तामा रहँदा एउटा कुरा गर्ने सत्ता छाडेपछि अर्कै कुरा गर्ने। सत्ता प्राप्तिका लागि जे जस्तो कार्य गर्न पनि नहिच्किचाउने प्रतिशोधको भावना लिने प्रवृत्ति रहिरहेमा वि.सं. २००७ साल र २०४६ सालको जस्तै नाममात्रको संघीय लोकतान्त्रिक गणतन्त्रमै पनि पुनः तानाशाही र एकतन्त्रीय प्रवृत्ति नजन्मेला भन्न गाह्रो पर्दछ। त्यसो हुन गएमा जनता जनार्दनले कदापि माफ गर्लान्जस्तो लाग्दैन। त्यसैले सबै दलले जुनसुकै अवस्था भए पनि पहिले भए गरेका सम्झौताहरूलाई पालना गर्नुपर्छ। डा. रेग्मीको जीवनदर्शनलाई विचार गरी राष्ट्रिय एकता र समर्पणको

भाव राखेर नयाँ संविधान निर्माण गर्ने कार्य शीघ्रातिशीघ्र थालनी गर्न नितान्त आवश्यक भइसकेको छ।

अहिलेको नेपालको वर्तमान स्थितिमा डा. रेग्मी जीवित हुनुभएको भए अवश्यमेव राष्ट्र र जनताले चाहेजस्तो संविधान लेख्न र लागू गर्न धेरै दिन पर्खिरहनुपर्दैन थियो होला किनकि उहाँको पहिलेदेखिको दर्शन र इच्छा पनि यही नै थियो र आफ्नो सपना साकार भएकोमा उहाँ ज्यादै नै खुशी पनि हुनुहुन्थ्यो र नयाँ संविधान लेख्न सहयोग गर्नुहुन्थ्यो भन्ने लाग्दछ।

हाल देखापरेको एक दलले अर्को दललाई गालीगलौज गर्ने, चेतावनी दिने, धम्की दिने र संघर्ष गरी अशान्ति फैलाउने कार्यलाई मात्र अगाडि बढाई आ-आफ्नो स्वार्थ सिद्ध गर्न तत्पर रहने हो भने जनताको ठूलो सङ्घर्षबाट प्राप्त भएको शान्ति पनि पुनः क्रान्तिमा बदलिएर जनताले ठूलोभन्दा ठूलो भूकम्प नल्याउलान् भन्न गाह्रो पर्दछ। नेपाल र नेपाली जनता त्यसो गर्न सकभर चाहँदैनन् र चाहेका पनि छैनन् भन्ने लाग्छ। त्यसैले सम्पूर्ण दलले संयमतापूर्वक विचार पुऱ्याई शान्ति र अहिंसाको हतियार प्रयोग गरेर नयाँ नेपाल बनाउन राजनैतिक, आर्थिक र सांस्कृतिक क्रान्तिको साथसाथै विकास गर्नुपर्दछ। यसमा डा. रेग्मीको पार्थिव शरीर यस धरतीमा नभए पनि उहाँको जीवनदर्शनले अवश्यमेव साथ दिइराखेको छ भन्ने लाग्दछ।

अहिंसा नै शान्तिको प्राण ठान्ने महात्मा गान्धीले शान्ति र अहिंसात्मक आन्दोलनबाट नै ब्रिटिस साम्राज्यबाट भारतलाई स्वतन्त्र गराएको कुरा माथि उल्लेख भइसकेको छ। त्यसैलाई कदर गरी संयुक्त राष्ट्रसंघले महात्मा गान्धीको जन्मजयन्तीको दिन अक्टोबर २ तारिखलाई विश्वशान्ति अहिंसा दिवसको रूपमा मनाउन शुरू गरेको छ तर पनि त्यस्ता शान्तिप्रिय व्यक्तिले आफ्नो जीवनकालमा र मृत्युपश्चात् पनि शान्तिको नोबेल पुरस्कार पाउन सक्नुभएन तर डा. रेग्मीले आफ्नो जीवनकालमै महात्मा गान्धीलाई मरणोपरान्त र नेल्सन मण्डेलालाई डा. डिल्लीरमण रेग्मी अन्तर्राष्ट्रिय शान्ति पुरस्कार दिने घोषणा गर्नुभएको थियो। उहाँको जीवनकालमा उक्त कार्य सम्पन्न हुन सकेन।

प्रस्तावित डा. डिल्लीरमण रेग्मी प्रतिष्ठानका तत्कालीन अध्यक्ष डा. विष्णुहरि नेपाल तथा सदस्यसमेतको बोर्डले निर्णय गरी इ.सं. २००६ को डा. डिल्लीरमण रेग्मी अन्तर्राष्ट्रिय शान्ति पुरस्कार नेल्सन मण्डेला र २००७ को

अन्तर्राष्ट्रिय शान्ति पुरस्कार मरणोपरान्त महात्मा गान्धीलाई प्रदान गर्ने निर्णय गऱ्यो। सन् २००६ को उक्त पुरस्कार नेल्सन मण्डेलालाई प्रदान गरी २००७ को महात्मा गान्धीको जन्मजयन्ती २००७ अगस्ट २ तारिकको विश्वशान्ति दिवसका दिन तत्कालीन भारतीय राजदूत शिवशंकर मुखर्जीलाई हस्तान्तरण गरेको थियो। त्यसै दिन जिउँदो शहीदका रूपमा चिनिने श्री रामहरि शर्मालाई डा. डिल्लीरमण रेग्मी राष्ट्रिय शान्ति पुरस्कार प्रदान गरियो र प्रत्येक वर्ष शान्ति र अहिंसा कायम गर्न सक्रिय भूमिका निभाई हिंसालाई त्यागेर अहिंसा र शान्ति कायम गर्ने अन्तर्राष्ट्रिय तथा राष्ट्रिय व्यक्तिलाई डा. डिल्लीरमण रेग्मी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय शान्ति पुरस्कार प्रदान गर्ने घोषणा पनि गऱ्यो। त्यस अनुरूप ई.सं. २००८ को अन्तर्राष्ट्रिय शान्ति पुरस्कार नोबेल पुरस्कार विजेता अमेरिकी पूर्वराष्ट्रपति जिम्मी कार्टरलाई र राष्ट्रिय शान्ति पुरस्कार माओवादी अध्यक्ष तथा हाल संघीय गणतन्त्र नेपालका प्रथम प्रधानमन्त्री हुनुभएका पुष्कमल दाहाल 'प्रचण्ड'लाई उहाँले १० वर्षसम्मको हिंसात्मक जनयुद्ध त्यागेर अंगुलीमालले जस्तै डा. रेग्मीको जीवनदर्शन शान्ति र अहिंसाको मार्गदर्शनमा आई शान्तिपूर्ण तरिकाले हिंसालाई त्यागेर नेपालमा अहिंसा र शान्ति कायम गर्न सक्रिय भूमिका निभाएबापत प्रदान गर्ने निर्णय गरिसकेको छ। यो निर्णयलाई असर पर्ने गरी अब माओवादीहरूले हिंसात्मक नरसंहारकारी जनयुद्धलाई दोहोऱ्याउने कार्य नगरी शान्ति र अहिंसाको बाटो अँगालेर डा. रेग्मीप्रति श्रद्धाञ्जली अर्पण गर्नुपर्छ भन्ने लाग्दछ तर नेपालको वर्तमान स्थितिलाई विचार गरी हिंसात्मक जनयुद्धमा लागेका माओवादीलाई समेत शान्तिको मार्गमा उन्मुख गराउन प्रेरणा दिने डा. रेग्मीको जीवनदर्शनलाई विश्वले र पहिलेको सरकारले पनि कुनै पनि मूल्याङ्कन नगरेको हुँदा वर्तमान नेपाल सरकारले निष्पक्ष रूपमा मूल्याङ्कन गरी उहाँले राष्ट्रलाई पुऱ्याउनुभएको योगदानको कदर गर्नुपर्ने देखिन्छ। यही नै उहाँको लागि श्रद्धाञ्जली पनि हुनेछ।

सन्दर्भ-सामग्री

१. नेपाल राष्ट्रिय काँग्रेसको उद्देश्यसहितको विधान।

२. डा. डिल्लीरमण रेग्मीको जन्मजयन्तीमा प्रकाशित पुस्तकहरू र स्मृतिग्रन्थ।

३. अन्य विभिन्न पत्रपत्रिकाहरू।

डा. डिल्लीरमण रेग्मी स्मारिका २०६५ मा प्रकाशित

डा. डिल्लीरमण रेग्मी र प्रजातन्त्र

डा. डिल्लीरमण रेग्मी अहिलेको प्रजातन्त्रवादी भनाउँदा दलगत स्वार्थपट्टि मात्र लाग्ने राजनीतिक दलहरूजस्तो सत्ताकै लागि जे-जस्तो कार्य गर्न पनि तम्तयार भई कम्मर कस्ने नेताहरूभन्दा लाखौं गुणा अलग प्रकृतिको हुनुहुन्थ्यो । उहाँ राष्ट्रियता, सार्वभौमिकता, स्वतन्त्रता र जनताप्रति कर्तव्यनिष्ठ भएर प्रजातन्त्र प्राप्तिको लागि निरन्तर लागिरहने वरिष्ठ राजनीतिज्ञहरूमध्ये अग्रपङ्क्तिमा पर्नुहुन्थ्यो ।

उहाँको प्रजातान्त्रिक विधारधारा र राजनैतिक जीवनबारे अध्ययन मनन गरी हेर्दा नेपाली राजनीति र नेताहरूमा देखा परिरहेको आफू र आफ्नो पार्टीमात्र प्रजातन्त्रवादी र सर्वेसर्वा हो, अरूको पार्टी केही पनि होइन भनी ठान्ने दलगत स्वार्थ भएका सामन्ती प्रवृत्तिका राजनीतिक दल तथा निरङ्कुश सत्ताधारीप्रति प्रत्यक्ष विरोध जनाउने वरिष्ठ राजनीतिज्ञ हुनुहुन्थ्यो । साथै त्यस्ता सत्ताधारीप्रति सशक्त प्रतिपक्षको भूमिका निर्वाह गरेर तत्कालीन राजालाई राजनैतिक विवादबाट अलग तथा टाढा राखेर राजा र जनताबीचको मनोमालिन्यलाई दूर भगाएर संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रलाई जरैदेखि मजबुत र सक्रिय तुल्याउने कार्यमा आजीवन लागिरहने व्यक्ति हुनुहुन्थ्यो । यो नै उहाँको अमूल्य निधि थियो ।

उहाँ आफ्नो पार्टीलाई मात्र सर्वेसर्वा नठानी सबै राजनीतिक दलहरूको स्थापना र विकास गर्नमा पनि सक्रिय भूमिका निर्वाह गर्नुहुन्थ्यो । त्यसै क्रममा वि.सं. २००६ सालमा नेपालमा कम्युनिष्ट पार्टी स्थापना गर्न सहयोग गर्नु र पुष्पलाल प्रधानलाई नेपाली राष्ट्रिय काँग्रेसको सचिव गराउनुबाट पनि यो कुरा प्रष्ट हुन आएको छ ।

डा. रेग्मीले भारतमा बस्दा ब्रिटिसहरूको शासन पद्धति, भारतीय जनताको स्थिति र ब्रिटिश सरकारविरुद्ध महात्मा गान्धीको नेतृत्वमा चर्किएको अहिंसात्मक शान्तिपूर्ण आन्दोलनलाई नजिकबाट हेर्न र साथ दिन पाएको र

उक्त आन्दोलनबाट भारत स्वतन्त्र भई प्रजातन्त्र स्थापना भएको अनुभूति प्राप्त गर्न पाएबाट नै उहाँले नेपालमा प्रजातन्त्र स्थापना गर्न प्रेरणा र प्रोत्साहन पाउनुभएको थियो भन्ने जानकारीमा आएको पाउँछौँ ।

नेपालमा विद्यमान १०४ वर्षसम्मको सामन्ती तथा निरङ्कुश जहानियाँ राणाशासनको अन्त्य गरी प्रजातन्त्र स्थापना गर्न जनता जागरुक, सक्रिय र सहयोगी बनून् भन्ने उद्देश्य लिएर 'ए सेन्चुरी अफ फेमेली अटोक्रासी इन नेपाल' नामक पुस्तक पनि प्रकाशित गर्नुभएको थियो । यो पुस्तकले नेपाली जनतालाई राणा शासन अन्त्य गरी प्रजातन्त्र स्थापना गर्नमा ठूलो प्रेरणा र सहयोग प्राप्त भएको थियो भन्न सकिन्छ ।

तत्पश्चात् वि.सं. २००७ सालमा नेपालमा राणाशासन अन्त्य गरी प्रजातन्त्र प्राप्तिको लागि नेपाली राष्ट्रिय काँग्रेसका संस्थापक नेताहरू बीपी कोइराला र डा. डिल्लीरमण रेग्मी दुवै लागे तर बिपी कोइराला सशस्त्र क्रान्ति गर्न तत्पर रहेका र डा. रेग्मी महात्मा गान्धीको जस्तै अहिंसात्मक क्रान्ति गर्न तत्पर रहेकोले सोही कुरामा विवाद भई नेपाली काँग्रेस बिपी ग्रुप र नेपाली राष्ट्रिय काँग्रेस डिल्लीरमण ग्रुप विभाजन भई सशस्त्र क्रान्ति र अहिंसात्मक क्रान्तिको शुरूवात भएको थियो ।

डा. रेग्मीले अहिंसात्मक क्रान्ति 'सत्याग्रह'बाट नै प्रजातन्त्र प्राप्तिको लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो भने बिपी ग्रुपले सशस्त्र क्रान्ति अँगालेको थियो । यसमा भारत सरकारले पनि सघाएको पाइन्छ। उक्त क्रान्तिलाई सफल तुल्याई प्रजातन्त्र स्थापना गर्न तत्कालीन राजा श्री ५ त्रिभुवन भारतमा गएको र भारत सरकारसँग सो क्रान्ति सम्बन्धमा छलफल गर्दा भारत सरकारले श्री ५ सँग उक्त २००७ सालको क्रान्ति बन्द गर्ने सम्झौता गर्न प्रस्ताव राख्यो । सो सम्झौता स्वीकार गरेर राजा त्रिभुवन स्वदेश फर्किए । तत्पश्चात् २००७ साल फागुन ७ गते १०४ वर्षसम्मको जहानियाँ राणाशासनको अन्त्य भई प्रजातन्त्रको स्थापना भयो । यसबाट डा. रेग्मी धेरै नै गौरवान्वित हुनुभएको थियो ।

प्रजातन्त्र स्थापनापश्चात् राजापक्ष र राजनीतिक दलको पक्षबाट गरी संयुक्त सरकारसमेत गठन भयो । सो सरकारले आफ्नो नीति र कार्यक्रम पनि तयार गरेको थियो । डा. रेग्मीले उक्त नीति र कार्यक्रममा भएका केही

त्रुटिहरूलाई औँल्याएर आलोचनात्मक रूपले 'प्रधानन्यायालयले कानमा तेल हाल्यो' भन्ने शब्द बोल्दा उहाँलाई प्रधानन्यायालयले १ वर्षसम्मको काराबासमा राख्ने सजाय तोकेको रहेछ तर नागरिक समाजले विरोध गरी छुटाउन दबाब दिएकोले उक्त सजायबाट उहाँ छुट्नुभएको रहेछ। यो घटना उहाँका लागि चिरस्मरणीय रह्यो भनी उहाँ आफैले भन्नुभएको थियो।

वि.सं. २००७ सालको प्रजातन्त्र प्राप्तिपश्चात् पनि नेपाल र नेपालीले पूर्ण रूपको प्रजातन्त्र प्राप्तिको आभास गर्न नपाएको भन्ने महसुस भई डा. रेग्मीले वि.सं. २०१० सालमा संविधानसभाको चुनाव गरी सोही संविधानसभाबाट जनताले चाहेअनुसारको संविधान लेखन कार्य गर्नुपर्छ भनी प्रस्ताव राखेर सो कार्य गर्न प्रयास पनि गर्नुभएको थियो तर उक्त प्रयास सफल हुन सकेन।

डा. रेग्मीले वि.सं. २०११ सालमा शिक्षा, स्वास्थ्य र परराष्ट्रमन्त्री भई निस्वार्थ रूपले देशको सेवा गर्नुभएको थियो। उहाँ आफ्नो व्यक्तिगत कार्यमा सरकारी सम्पत्ति प्रयोग गर्नुहुँदैन। उहाँले एकपटक भन्नुभएको थियो, 'मैले मन्त्री हुँदा आफ्नो व्यक्तिगत काम र लेखन कार्य गर्दा बेलुका सरकारले उपलब्ध गराएको बत्ती निभाएर टुकी बाली काम गर्ने गर्दथेँ।' यो भनाइलाई हेर्दा उहाँ कति निस्वार्थ हुनुहुन्थ्यो भन्ने प्रष्ट हुन आउँछ।

उहाँले शिक्षामन्त्री हुँदा नेपालमा नयाँ शिक्षा नीति लागू गर्नको निमित्त विभिन्न शिक्षा आयोगको गठन गर्नु, परराष्ट्रमन्त्रीको हैसियतबाट विश्वका धेरै राष्ट्रसँग घनिष्ट सम्बन्ध राख्नुका साथै नेपाल-चीन दौत्य सम्बन्ध कायम गर्नु र संयुक्त राष्ट्रसंघको सदस्यताको लागि सक्रिय भूमिका निभाउनुबाट उहाँ पूर्ण रूपेण राष्ट्रभक्तिप्रति बफादार हुनुहुन्थ्यो भन्ने प्रष्ट झल्किन्छ।

अर्को प्रसङ्गमा डा. रेग्मीले नेपालमा प्रजातन्त्र प्राप्तिको आभास जनतामा दिलाई प्रजातन्त्रलाई संस्थागत रूपमा स्थायित्व प्रदान गर्नको निमित्त आमचुनाव नै गर्नुपर्छ भनी वि.सं. २०१४ सालमा नेपाली काँग्रेस, नेपाली राष्ट्रिय काँग्रेस र नेपाल प्रजा परिषद्को संयुक्त मोर्चा खडा गरी आमचुनाव गर्न सत्याग्रह गर्नुभएको थियो। सोही सत्याग्रहबाट तत्कालीन राजा महेन्द्रले आमचुनाव गर्ने घोषणा गरेर २०१५ सालमा सम्पूर्ण जनताले आमचुनावमा भाग लिए। उक्त चुनावबाट काँग्रेसले बहुमत प्राप्त गरेकाले उक्त दलका नेता बिपी कोइरालालाई प्रधानमन्त्री हुने सुवर्ण अवसर पनि दिलाउनुभएको थियो तर

दुर्भाग्यवश तत्कालीन राजा महेन्द्रको २०१७ साल पौष १ गतेको कालरात्रिले उक्त मन्त्रिमण्डल विघटन भई सम्पूर्ण राजनीतिक दलहरूसमेतलाई प्रतिबन्धित गरेर निर्दलीय पञ्चायती व्यवस्था लाद्ने काम गरेकोमा डा. रेग्मीले तत्कालीन राजा महेन्द्रको घोर विरोध गरेका थिए।

२०१७ सालको दुर्भाग्यपूर्ण कालरात्रिको घटनापश्चात् डा. रेग्मीले आफ्नो घर पुस्तकालय परिसरलाई नै राजनीतिक नेताहरूको भेटघाट र छलफल गर्ने स्थानको रूपमा विकास गरेर सम्पूर्ण पार्टीका नेता तथा कार्यकर्ताहरूलाई प्रजातन्त्र पुनःस्थापनाका लागि प्रशिक्षण दिने, भेटघाट गर्ने, छलफल गर्ने आदि गर्ने गरेको कुरा उहाँ आफैंको मुखबाट सुनेको थिएँ। छलफल तथा सल्लाहका लागि कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी, शेरबहादुर देउवा, रामहरि शर्मा, माधवकुमार नेपाल, सहाना प्रधान, वामदेव गौतम, नीलाम्बर आचार्य आदि वरिष्ठ नेताहरू आउने गरेका थिए।

डा. रेग्मी जस्तै नेपाली काँग्रेसका संस्थापक नेता बिपी कोइरालाले पनि नेपालमा तत्कालीन राजासँग मेलमिलापको नीति तथा सिद्धान्त अँगालेर आफूले परिकल्पना गरेको संवैधानिक राजतन्त्र र बहुदलीय संसदीय व्यवस्थाको प्रजातन्त्रलाई संस्थागत गर्न चाहेको देखिन्छ। बिपी कोइरालाको मेलमिलाप नीतिअनुरूप वि.सं. २०३६ सालमा बहुदलीय वा पञ्चायती व्यवस्था कुन ठीक भन्ने बारेमा जनमतसङ्ग्रह पनि भयो। उक्त जनमतसङ्ग्रहबाट पञ्चायत पक्षले ५५ प्रतिशत र बहुदलीय पक्षले ४५ प्रतिशत मत प्राप्त गरी पञ्चायत पक्षको जित भएकोलाई डा. रेग्मीले षड्यन्त्रपूर्ण जित भनी घोर विरोध पनि गर्नुभएको थियो तर पनि प्रजातन्त्र स्थापनाको लागि निरन्तर लागिरहनुभएको थियो।

वि.सं. २०४४ सालमा घरैमा नजरबन्द भई अनशनसमेत बस्नुभएको थियो। त्यसैको फलस्वरूप २०४६ सालमा प्रजातन्त्र पुनःस्थापना भएको थियो तर त्यसबाट पनि पूर्ण प्रजातन्त्र प्राप्तिको आभास जनतामा हुन नसकेको देख्दा र वि.सं. २०५२ सालमा माओवादीले शुरू गरेको नरसंहारकारी आन्दोलनलाई देखेर डा. रेग्मी ज्यादै नै चिन्तित हुनुभएको थियो। उहाँले प्रजातन्त्रलाई पूर्ण सफलता दिन शान्ति र अहिंसालाई साथ दिनुपर्छ भनी बारम्बार भन्ने र प्रेरणा प्रदान गर्ने गर्नुभएको थियो। उहाँको निधनपछि माओवादीसहितका विभिन्न राजनीतिक दलका नेताहरूले प्रजातन्त्रलाई सुदृढ

र मजबुत पारेर देश र जनतामा सुख, शान्ति, सुरक्षा र स्वतन्त्रता प्रदान गर्न नयाँ नेपालको निर्माण गर्ने उद्देश्य लिएर संविधानसभाको चुनाव गरी अन्तरिम संविधान निर्माण गऱ्यो। त्यसरी निर्माण गरिएको अन्तरिम संविधानले राजतन्त्रको अन्त्य गरी गणतन्त्रको स्थापना भयो। यसरी स्थापना भएको लोकतान्त्रिक गणतन्त्रबाट नेपाल र नेपालीले २ वर्षभित्रमा लोकतान्त्रिक संविधान निर्माण भएर देशमा शान्ति, सुरक्षा, स्वास्थ्य, शिक्षा, रोजगारी; सडक, सञ्चार, आदिको विकास भई ग्रामीण र दुर्गम क्षेत्रका जनताले समेत सुख सुविधा पाउने नयाँ नेपाल बन्नेछ भन्ने आशा तथा विश्वास गरेका थिए तर २ वर्षभित्र त्यो हुन नसकी संविधानसभाको अवधि पुनः एक वर्ष थपियो। थपिएको अवधिमा त अवश्य केही होला भन्नेमा जनता विश्वस्त हुन बाध्य भए तर थपिएको अवधि पनि ६ महिना बितिसक्दा पनि हालसम्म संविधान लेखन कार्य अगाडि बढेको छैन। सार्वभौम संसद् नाममात्रको भएको छ। कार्यक्रम र बजेटको अभावमा देशको विकास धरासायी भएको छ, व्यापक भ्रष्टाचार बढेको छ। सहमति भन्ने कुरा नारामा मात्र सीमित छ। सहमति, वार्ता, गोप्य बैठक र सम्झौताको नाममा देशको ढुकुटी मात्र रित्तिँदै छ। सम्पूर्ण राजनीतिक दलका नेताहरू दलगत स्वार्थ र आ-आफ्नै अडानमा मात्र लागेर देशलाई विकासको पथबाट सयौँ वर्षपछि धकेल्दै छन्। लोकतन्त्रलाई जनवादी गणतन्त्र गराउन खोजेर देशलाई टुक्र्याउने होडबाजीमा लागेका छन्। गणतन्त्र स्थापना भएको २ वर्ष ६ महिना बितिसकेको छ। १६ औँ पटकको चुनाव गरेर पनि प्रधानमन्त्री चुन्न सकेका छैनन्। यस अवधिमा प्रत्येक दिन देशभर हत्या, हिंसा, लुटपाट, हपहरण, बम विस्फोट, गोलीकाण्ड, चन्दाआतङ्क आदि कार्यबाट गणतन्त्रात्मक लोकतान्त्रिक पद्धतिको उपहार भइरहेको छ। नेपाली जनता भयभीत र त्रसित भइरहेका छन्। संविधान लेखन कार्यको लागि निर्वाचित संविधानसभाका सांसदहरूले हालसम्म केही गर्न सकिरहेका छैनन्। सम्पूर्ण राजनीतिक दलहरू कुर्सी र सत्ताकै लागि मात्र एकआपसमा निरन्तर लडिरहेका छन्। यस्ता नेताहरूले संविधानसभाबाट पाएको अधिकारलाई सदुपयोग गरी संविधान लेखेर नयाँ नेपाल निर्माण गर्लान् भन्नेबारे जनता विश्वस्त हुन सकिरहेका छैनन्। यस्तै परिस्थिति रहिरहने हो भने देशमा ठूलै र भयङ्कर दुर्घटना हुन सक्ने र गणतन्त्रात्मक लोकतन्त्र सङ्कटमा पर्ने धेरै नै सम्भावना भएको छ। यस्तो अवस्थामा सबै राजनीतिक दलहरूले बेलैमा विवेकपूर्ण विचार गरी दलगत स्वार्थ र कुर्सीमोहलाई त्यागेर

शान्ति, सम्झौता, सद्भावना र एकता कायम गरी कानुनी राज्यको स्थापना गरेर देश र जनतालाई आइपर्ने भयङ्कर दुर्घटनाबाट बचाउन आवश्यक मात्र नभई अनिवार्य पनि भइसकेको छ। त्यस्तो हुन नसकेमा देश स्वतः डुब्नेछ। यस्तो परिस्थितिमा डा. रेग्मी जीवित हुनुभएको भए अवश्यमेव केही न केही उपाय अपनाउनुहुन्थ्यो होला भन्ने लागिरहेछ। डा. रेग्मीले नेपालमा १०४ वर्षसम्म निरङ्कुश राणा शासनको अन्त्य गरी प्रजातन्त्र ल्याउन अभूतपूर्व योगदान गरेबापत, वरिष्ठ, राजनीतिज्ञ र इतिहासकार भई विश्वमा नेपालको नाम उच्च शिखरमा पुऱ्याएबापत, शान्ति र अहिंसाका पुजारीको रूपमा रहेबापत, डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय अनुसन्धान केन्द्र स्थापना गरी आफ्नो श्रीसम्पत्ति देश र जनतालाई समर्पण गरेबापत उहाँलाई नेपालका विभिन्न संघ/संस्था, प्रतिष्ठान, डा. डिल्लीरमण रेग्मी ट्रष्ट तथा अन्य विभिन्न बौद्धिक समाजहरूले विभिन्न किसिमको शुभकामना, सम्मानपत्र, कदरपत्र र अभिनन्दनपत्रहरू दिएर सम्मान गरेको कुरा डा. डिल्लीरमण रेग्मी आफैंले स्थापना गरी राष्ट्र र जनतालाई प्रदान गरेको पुस्तकालय परिसरभित्र स्थापना गरिएको म्युजियम कक्षमा सुरक्षित राखिएका अभिनन्दन र कदरपत्रहरूबाट प्रष्ट देखिन्छ।

उक्त सम्मान, अभिनन्दन र कदरपत्रबाट डा. रेग्मी वरिष्ठ राजनीतिज्ञ र विद्वान् मात्र नभई नेपालमा प्रजातन्त्र स्थापना गर्न, त्यसलाई संस्थागत गरी स्थायित्व प्रदान गर्न, शान्ति, अहिंसा र मेलमिलापबाट नयाँ नेपाल निर्माण गरी राष्ट्र र जनतालाई सुख, शान्ति, सुरक्षा, रोजगारी, शिक्षा, स्वास्थ्य आदि प्रदान गरी नयाँ नेपाल निर्माण गर्न सबैलाई प्रेरणा दिन सक्ने शक्ति भएका उदाहरणीय प्रजातन्त्रवादी पहरेदार नेता हुनुहुन्थ्यो भन्नेमा दुईमत नहोला।

डा. डिल्लीरमण रेग्मी : बहुआयामिक व्यक्तित्व, २०६७ मा प्रकाशित।

नेपालको विद्यमान जल्दोबल्दो समस्या र तिनको समाधान

नेपालको विद्यमान जल्दोबल्दो समस्याका विषयमा अध्ययन मनन गर्नुभन्दा पहिले यस विषयमा विगतमा भए/गरेका केही ऐतिहासिक सत्यतथ्य तथा क्रियाकलापलाई पनि केलाएर हेर्न आवश्यक देखिएकाले सो बारेका केही सत्य-तथ्य क्रियाकलापहरू यहाँ उल्लेख गर्दै छु।

नेपालमा २०४७ सालको संविधान लागू भएपछि नेपाल र नेपालीको उत्तरोत्तर प्रगति र विकास हुनुपर्दथ्यो। त्यो हुन नसकी देशमा सम्पूर्ण राजनीतिक दलहरूले आफ्नो दलगत स्वार्थ र भ्रष्टाचारलाई मात्र प्रोत्साहन दिई जनता सबैले दुःख-कष्ट भोग्नुपरेकोले तिनीहरूलाई सचेत गराउन २०५२ साल फागुन १ गते सशस्त्र हिंसात्मक नरसंहारकारी माओवादी दलको जन्म भएको हो भन्ने कुरा डा. डिल्लीरमण रेग्मी भन्ने गर्नुहुन्थ्यो। त्यसरी जन्म भएको माओवादीले करिब १० वर्षसम्म हिंसात्मक जनयुद्ध गऱ्यो। उक्त अवधिमा सरकार र माओवादीका तर्फबाट गरी १३ हजार २ सय ४६ जवानले ज्यान गुमाए। कयौं बेपत्ता भए, कयौं अपहरणमा परे, कैयौं अशक्त र अपाङ्ग भए, कयौंको घर-जग्गा कब्जा भयो। शान्तिप्रेमी बुद्धको जन्मस्थल नेपालमा अशान्ति र हिंसाले प्रश्रय पायो। त्यस्तो भयङ्कर जनयुद्धलाई त्यागेर माओवादी र सात राजनीतिक दलले २०६२ साल मंसिर ७ गते तदनुसार सन् २००५ नोभेम्बर २२ का दिन भारतको दिल्लीमा १२ बुँदे सम्झौता गरे।

त्यसपछि २०६३ साल वैशाख ११ गते तत्कालीन राजा ज्ञानेन्द्रले विघटित संसद्को पुनःस्थापना गरी जनताको नासो जनतालाई नै सुम्पेको र सार्वभौमसत्ता जनतामै भएको घोषणा गरे। तिनै सात राजनीतिक दल र माओवादीले ०६३ साल जेठ १२ गते २५ बुँदे युद्धविराम र आचारसंहिता लागू गरे।

२०६३ साल असार २ गते शान्ति प्रक्रियाका लागि सात राजनीतिक दल र माओवादीबीच आठ बुँदे सहमति भई दुवैको तर्फबाट राष्ट्रसंघलाई पत्र पठाए। त्यसपछि अन्तरिम संविधान लागू गरी पुनःस्थापित संसदलाई विघटन गरेर ३ सय ३० सदस्यीय संसद् र ४ सय ४५ सदस्यीय संविधानसभा हुनेगरी ११ बुँदे शान्ति-सम्झौतामा सहमति गरे। तत्पश्चात् अन्तरिम संविधानलाई संशोधन गरी समानुपातिक आधारहरूसमेत ६ सय १ जना संविधानसभा सांसद हुने गराए। ०६३ साल कात्तिक २२ गते सरकार र माओवादीबीच शिखरवार्ताको निर्णय भयो। २०६३ साल मंसिर ५ गते तत्कालीन प्रधानमन्त्री तथा नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइराला र माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' बीच विश्वकै पहिलो र महत्त्वपूर्ण १० बुँदे ऐतिहासिक शान्ति-सम्झौता सम्पन्न गरेर १० बर्से जनयुद्ध अन्त्य भएको घोषणा गरे। जसअनुसार अन्तरिम संविधानले नै राजाको सम्पूर्ण अधिकार हटाएर उक्त अधिकार प्रधानमन्त्रीलाई हुने गरायो।

तत्पश्चात् २०६४ साल चैत्र २८ गते संविधानसभाको शान्तिपूर्ण चुनाव सम्पन्न भई माओवादी सबैभन्दा ठूलो दलको रूपमा स्थापित हुन पुग्यो। जुन संविधानसभा चुनाव गराउन डा. डिल्लीरमण रेग्मीले २०१० सालमै प्रयास गर्नुभएको थियो तर सफल हुन सकेन तापनि यसलाई उहाँकै प्रयासको पथप्रदर्शनको रूपमा लिन सकिन्छ। यसपछि २०६४ साल जेठ १५ गते बसेको संविधानसभाको पहिलो बैठकले राजालाई पूर्ण रूपमा हटाएर नेपालमा राष्ट्रपतीय संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गऱ्यो। साथै माओवादी अध्यक्ष प्रचण्डलाई गणतन्त्र नेपालको पहिलो प्रधानमन्त्री पनि बनायो।

यसरी स्थापना भएको संविधानसभाले विश्वका २८ देशमा आफ्नै देश सुहाउँदो संविधान लागू भएजस्तै नेपालमा पनि आफ्नै देशसुहाउँदो विभिन्न जाति, धर्म, सम्प्रदायका हिमाल, पहाड, मधेश, तराईका सम्पूर्ण जाति र वर्गलाई एक सूत्रमा बाँधी सबैले राहत पाउने किसिमको संविधान निर्माण गरी शान्ति सार्वभौमिकता र अखण्डता मजबुत पार्ने नयाँ नेपालको स्थापना गर्छन् भन्ने आशा तथा विश्वास लिएर जनताले ती ६ सय १ जना सभासद्लाई दुई वर्षका लागि समय दिएका थिए।

उक्त संविधान निर्माण गर्ने केही ठूला दल माओवादी, नेपाली काँग्रेस, एमाले, मधेशवादी दल र अन्य साना दल गरी २५ राजनीतिक दलहरू सम्मिलित छन् तर ती सबैले नेपालको हालको अवस्था सङ्क्रमणकालमा गुज्रिरहेको र शान्ति प्रक्रिया एवं संविधान निर्माण गर्न धेरै बाधा-अडचन आइरहेको भन्ने गरेका छन्।

तर, २०४७ सालको संविधान निर्माणको सङ्क्रमणकालीन अवस्थामा त्यसलाई पूरा गर्न नदिन राजा र राजदरबारले षड्यन्त्र गरी बाधा पुऱ्याउने गर्दथ्यो तर पनि पूर्वप्रधानमन्त्री सन्त नेता कृष्णप्रसाद भट्टराई त्यो बाधालाई सहजै पार लगाएर संविधान निर्माण गरी जारी गरे, किनकि उनी निःस्वार्थ व्यक्ति थिए।

तर हालको सङ्क्रमणकालीन अवस्थामा संविधान निर्माण गर्न राजा र राजदरबार जस्तो षड्यन्त्रकारी कोही छैनन्। तर पनि संविधान निर्माण गर्न नसक्नुमा प्रमुख राजनीतिक दल र संविधानसभाका सम्पूर्ण प्रतिनिधिहरू स्वार्थी र षड्यन्त्रकारी भएका छन् भन्नमा दुईमत नहोला, किनकि २ वर्षमा संविधान निर्माण गर्न जनताद्वारा म्यान्डेट पाएका ती सांसद र प्रमुख राजनीतिक दल सबैले जनताको स्वीकृतिविना नै आफूखुसी संविधानसभाको म्याद पटक-पटक थपी ४ वर्षसम्म शान्ति र संविधानलाई बेवास्ता गरेर खाली आफ्नै स्वार्थ सिद्ध गर्न र सत्ताप्राप्तिको लागि मात्र लडिरहेका छन्। किनकि सत्ता प्राप्तिकै लागि संसद्मा २१ सिट भएको मधेश लोकतान्त्रिक पार्टी फुट्यो। ९ सिट भएको नेकपा माले फुट्यो। माओवादीबाट मातृका यादव समर्थित फुट्यो। माओवादीकै वैद्य पक्ष विरोध गर्दै छ। त्यस्तै नेपाली काँग्रेसबाट शेरबहादुर देउवा विरोध गर्दै छन् भने एमालेबाट केपी ओली पक्ष त्यस्तै छन्। देशमा अत्याचार, भ्रष्टाचार, हिंसा, आतङ्क, अशान्ति, हत्या, लुटपाट, चेलीबेटी बेचविखन आदि जल्दोबल्दो समस्या दिन प्रतिदिन बढ्दै छ। ऐन-नियम र नीतिको अनुशरण गरी संरक्षण दिन सबै पार्टीका नेता तयार हुन पछि हटेका छैनन्।

आफ्नो स्वार्थसिद्ध गर्न व्यक्ति-व्यक्ति, पार्टी-पार्टीबीच ईर्ष्या, द्वेष, वैमनष्यता बढिरहेको छ। आफ्नै पार्टीका नेता आफ्नै पार्टीलाई कुठाराघात गर्न तमतयार भइरहेका छन्। जातीय आधारमा देशलाई टुक्र्याउन खोजिरहेका

छन्। जसले गर्दा नेपालमा पनि कम्बोडिया, बुरुन्डी, इराक, श्रीलङ्का, चेचेनिया, अफगानिस्तान, बोस्निया हर्जगोविनामा भएको युद्धजस्तै पार्टी-पार्टीमा युद्ध भइरहेको छ।

इन्सेकले गरेको मानव अधिकार वर्ष-२०११ को पुस्तकका अनुसार नेपालमा सन् २०१० मा मात्र १ सय ८५ जनाको अपहरण, ४ सय ५९ जनाको मृत्यु, ८ सय ४३ जना कुटपिटमा परेका र १ हजार जना बेपत्ता भएका छन् भन्ने पाइन्छ। प्रहरी कार्यालयसँगै काठमाडौंको घण्टाघरअगाडि २०६८ असोज ९ गते इस्लामिक धर्मका महासचिव फैजान अहमदको हत्या गरिनु, विभिन्न पत्रकारहरूको हत्या हुनु, कारागारभित्रै गोली चल्नु, प्रहरी हिरासतमा रहेका सुनुवार थरका एक व्यक्तिको काठमाडौं कालिमाटीमा हत्या हुनु, उद्यमी जमिम शाहको हत्या हुनु, नेपाली सेनाले बर्दियामा बलात्कार गरी ३ महिलाको हत्या गर्नु, दिउँसै राजधानी र अन्य विभिन्न ठाउँका बैंकहरू र सुनचाँदी पसल लुट्नु, लोडसेडिङ्ले गर्दा धेरै उद्योगधन्दाहरू बन्द हुनु, इन्धनको भाउ वृद्धि भई यातायात र अन्य विभिन्न सामानहरूको मूल्य वृद्धि हुनु, खाद्यान्न सामग्रीमा मिसावट भई जनताको स्वास्थ्यमा खेलबाड गरी असर पार्नु अनेकौं समस्या भई देशमा अशान्ति फैलिनु यहाँभन्दा ठूलो जल्दोबल्दो समस्या के हुन सक्छ ? यस्तो हुँदा पनि सांसद र नेताहरू पटक-पटक संविधानसभाको म्याद थप गरी भत्ता खाने, सत्ताकै लागि मात्र लडिरहने, विदेश भ्रमण गर्ने, करोडौंको गाडी चढ्ने र जनताको शिरमा असङ्ख्य ऋणको भारी बोकाई देशको ढुकुटी रित्याउने कार्य गर्दै छन्। अहिलेका सांसद '१२ वर्ष ढुङ्ग्रामा राखे पनि कुकुरको पुच्छर बाङ्गाको बाङ्गै' भन्ने उखान चरितार्थ भएजस्तै छ।

उपर्युक्त समस्या समाधानका लागि सांसद तथा नेताहरू सबैले व्यक्ति, परिवार र पार्टीको स्वार्थ नहेरी सत्ताको चाहना त्यागी सरकार बनाउने र गिराउनेतर्फ मात्र नलागी निःस्वार्थ भएर 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसि' भन्ने मूल मन्त्रलाई सम्झेर शहीदको रगतको कदर गर्दै नेपालमा शान्ति प्रक्रिया टुङ्गो लगाई संविधान निर्माण गरेर लोकतान्त्रिक संघीय गणतन्त्रको रक्षा गर्नपट्टि लाग्नुपर्छ। हाल सर्वसाधारण जनताले पटक-पटक थपिएको संविधानसभाको म्यादको ऋणको भार आफ्नो काँधमा बोकेर, कठोर भन्दा कठोर पीडा र दुःख सहेर पनि समयमै दिगो शान्ति र संविधान बनोस्

भनी नेतृत्वप्रति आशा तथा विश्वास गरिरहेका छन् । अब २०६८ मंसिर १४ गतेभित्र संविधानको मस्यौदा (खाका) तयार होस् भन्ने चाहना गरी नेताहरू सबैलाई सतर्क गराइरहेका छन् ।

यसरी जनताद्वारा गराइएको सतर्कतालाई ध्यानमा राखेर होला अब नेपालमा दिगो शान्ति स्थापना गरेर जनताको चाहना अनुसारको संविधान निर्माण गरी संघीय गणतन्त्रलाई संस्थागत गर्न सबै नेताहरू सहमत भएका छन् । त्यसैले २०६३ सालदेखि विभिन्न समयमा भए/गरेका शान्ति-सम्झौतालाई समेत मध्यनजर गरेर २०६८ साल कात्तिक १५ गते मङ्गलबारका दिन एउटा ज्यादै नै महत्त्वपूर्ण र ऐतिहासिक सातबुँदे सम्झौता गरेका छन् । जुन सम्झौतामा नेपाली काँग्रेसका सभापति सुशील कोइराला, एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल, 'प्रचण्ड', नेकपा एमालेका अध्यक्ष झलनाथ खनाल, संयुक्त मधेशी मोर्चाका तर्फबाट विजयकुमार गच्छदारले हस्ताक्षर गरेका छन् । उक्त सम्झौता २०६३ साल मंसिर ५ गते भूपू प्रम गिरिजाप्रसाद कोइराला र माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले गरेको शान्ति-सम्झौताको पूर्णता हो भन्ने सिद्ध हुन आएको छ ।

उक्त सात बुँदे सम्झौताको मुख्य-मुख्य बुँदा निम्नानुसारका छन्-

(१) माओवादी लडाकूहरूको समायोजन गर्ने
(२) माओवादी लाडकूहरूको पुनःस्थापना गर्ने
(३) समूह विभाजन गर्ने
(४) सहमतिबमोजिमका आयोगहरूको गठन गर्ने
(५) द्वन्द्वपीडितलाई राहत उपलब्ध गराउने
(६) विगतका सहमतिहरूको कार्यान्वयन र विश्वासको वातावरण सिर्जना गर्ने ।
(७) दिगो शान्ति र संविधान निर्माण कार्य गर्ने आदि ।

उपर्युक्त सम्झौताले मुख्यतया निम्नानुसारका कार्यहरू गर्ने दृढता व्यक्त गरेको पाइन्छ ।

(क) माओवादी सेनाका ६ हजार ५ सय लडाकूहरू नेपाली सेनामा समायोजन गरिने ।
(ख) पुनःस्थापनामा जाने माओवादी सेनाका लडाकूहरूलाई ६ लाखदेखि ९ लाख रुपैयाँसम्म उपलब्ध गराउने ।

(ग) स्वैच्छिक अवकाश लिई नगद लिन चाहने लाडकूलाई ५ लाखदेखि ८ लाख रुपैयाँसम्म २ किस्ता गरी उपलब्ध गराउने ।

(घ) २०६८ मंसिर ७ गतेभित्र पुनःस्थापना, समायोजन र स्वेच्छिक अवकाश लिने लडाकूहरू छुट्याउने ।

(ङ) एक महिनाभित्र बेपत्ता र सत्य निरूपण तथा मेलमिलापसम्बन्धी आयोग गठन गरिने ।

(च) द्वन्द्वपीडितलाई समानताका आधारमा राहत सहयोग उपलब्ध गराउने ।

(छ) कब्जा गरिएका घर-जग्गा र सम्पत्ति मङ्सिर ७ गतेभित्र फिर्ता गरिने ।

(ज) वाईसिएलको अर्धसैनिक संरचना अन्त्य गरिने ।

(झ) राजनीतिक संवादका लागि उच्चस्तरीय संयन्त्र बनाउने ।

(ञ) एक महिनाभित्र नयाँ संविधानको मस्यौदा लेखन शुरू गर्ने आदि छन् ।

यसमा धेरै कुरा कार्यान्वयन हुन गाह्रो हुने देखिन्छ किनकि शान्ति-सम्झौतामा हस्ताक्षर गर्दैमा, नारा-जुलुस गर्दैमा, गहकिला भाषण दिँदैमा, सम्मेलन र सम्मेलनमा प्रस्ताव पास गराउँदैमा शान्ति स्थापना हुन सक्दैन ।

२०६२ सालदेखि हालसम्म यस्ता धेरै शान्ति-सम्झौता र प्रस्तावहरूमा हस्ताक्षर भइसकेका छन् । यो कुनै ठूलो कुरो होइन । ठूलो कुरो त त्यो हो, जुन सम्झौता समयमै कार्यान्वयन भई लागू हुनु हो तर कार्यान्वयन हुने वेलामा सधैँ आफ्नै पार्टी र पार्टी-पार्टीबीच विवाद भइरहेकै देखिन्छ । त्यसैले हाल जनतामा यो भ्रम फैलिएको छ कि हाम्रा सबै नेताहरूले हामीलाई झुक्याएर पटक-पटक थपिएको संविधानसभाको म्याद पुनः चाहेजति थप्ने र ६ सय १ जना सांसदहरूले पद बचाई भत्ता खाने, सत्ता प्राप्त गर्ने र मन्त्री बन्ने चालबाजीको अस्त्र प्रयोग गरेको त होइन भन्ने शङ्काले सम्पूर्ण जनता त्रसित छन् किनभने नेपालका राजनीतिक दलहरू सबै 'कामकुरो एकातिर कुम्लो बोकी ठिमीतिर' भन्ने नेपाली उखान चरितार्थ गर्दै छन् । शान्ति र संविधानजस्तो महत्त्वपूर्ण कार्यतर्फ ध्यान नदिई आफ्नै स्वार्थसिद्धितर्फ मात्र लाग्ने गरेको पाइन्छ ।

एमाओवादी र मधेशी मोर्चाबीच चारबुँदे सम्झौता गरी गठन गरिएको सरकारले सातबुँदे सम्झौता भइसकेपछि पनि ओखलढुङ्गाका उज्वनकुमार श्रेष्ठको गोली हानी हत्या गरेको ठहर गर्दै सर्वोच्च अदालतले

सर्वस्वसहित जन्मकैदको फैसला गरेका माओवादी सांसद बालकृष्ण ढुङ्गेललाई आममाफी दिन मन्त्रीपरिषद्ले राष्ट्रपतिलाई सिफारिस पठाउनु, काठमाडौँको ठमेलका बुटिक र थान्का व्यापारीलाई घरतर्फ जाँदा गोली हानी हत्या गर्नु, चरा हेर्न गएका पर्यटक लुटिनु, माओवादीको वैद्य पक्षले यो सरकार ढाल्न खोज्नु आदिबाट सातबुँदे शान्ति-सम्झौता धरापमा पर्न जाने आशङ्का पैदा भइसकेको आभास हुन्छ। त्यसैले यस विषयमा सबै राजनीतिक दलहरूले समयमै विचार पुऱ्याई सचेत हुनु आवश्यक मात्र नभई अनिवार्य पनि भइसकेको छ।

त्यस्तो नभई दुर्गासप्तसती चण्डीमा उल्लेख भएअनुसार द्वेष र घमण्डका प्रतीक मधुकैटव दैत्य, अहङ्कारका प्रतीक महिषासुर दैत्य र 'मेरो गोरुको बाह्रै टक्का' भनी अरूको कुरा नसुन्ने हिरण्यकशिपु, कंस र रावण दैत्यको जस्तै रूप लिएर सबै राजनीतिक दल र पार्टीहरू हिँडेर सातबुँदे शान्ति-सम्झौतालाई कार्यान्वयन नगर्ने र जनता झुक्याएर पुनः ६ महिना संविधानसभाको म्याद थपी भत्ता खाने त्यसपछि पनि पटक-पटक थप्दै गएर सत्ता प्राप्ति गरी जनताको अगाडि मितव्ययिताको नारा लगाउने तर सत्ता जोगाउन जम्बो मन्त्रिमण्डल बनाई देशको ढुकुटी रित्याउने, एउटा सरकार गिराई अर्को सरकार बनाउन बारम्बार जोड-घटाउको हिसाब मात्र गर्ने आदि प्रक्रिया सबै राजनीतिक दलहरूले दोहोऱ्याइरहने, शान्ति प्रक्रिया र संविधान निर्माण कार्य नगर्ने चालबाजी मात्र हो भने अब जनताले सहने छैनन्। उखानै छ 'अति गर्नु अत्याचार नगर्नु 'अति सर्वत्र वर्जयेत्'। त्यसो भएमा श्रीमद्भागवत गीतामा उल्लेख भएकै छ 'यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम्' जस्तै भएर सम्पूर्ण जनता विभिन्न देवी-देवता दुर्गा भगवती, महांकाल, भैरव, महाकाली, कृष्ण, राम र नृसिंहको अवतार लिएर सबै सांसद र नेताहरूलाई नाश गर्न तत्पर रहनेछन्। समय सधैँ पर्खेर बस्दैन। यो आज छ भोलि हुँदैन।

अहिले आज, भोलि, हप्ता, महिना, वर्ष हुँदै कैयौँ वर्ष बितेको थाहा नै हुँदैन। जस्तो संविधानसभाको २ वर्षको म्याद बितेर ४ वर्ष भइसक्दा पनि सबै नेताहरू अझ सचेत भएका छैनन् किनकि यो समय भन्ने कुरा कसैको अधिनमा हुँदैन, कसैले रोकेर रोकिँदैन। 'गएको समय पर्खँदैन, बगेको खोलो

फर्कंदैन।' विश्वमा अर्बौं-खर्बौंका धनी व्यक्ति, राष्ट्राध्यक्ष, प्रधानमन्त्री र उच्च तहका व्यक्ति छन्। ती सबै बाहिर देख्दा सुखी र शान्त देखिन्छन् तर तिनीहरूको भित्री हृदय दुःख र अशान्तिले भरिएको हुन्छ। त्यसैले सबै नेताहरूले महाकवि देवकोटाको 'खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ, आफू मिटाई अरूलाई दिनु जहाँ छ' भन्ने कुरा सम्झनुपर्छ। हुने बिरुवाको चिल्लो पात' भएर 'जुन जोगी आए पनि कानै चिरेका' जस्तो नभएर हाल भएको सातबुँदे शान्ति-सम्झौताको कार्यान्वयन चाँडै नै गर्न सक्रिय हुनुपर्छ। जसले गर्दा जनताले लिने उग्ररूपबाट बच्न बचाउन सकिन्छ। हालै भएको दुईबुँदे सम्झौता र शुरू हुन लागेको लडाकु वर्गीकरण प्रक्रियाले राम्रै होला भन्ने लाग्छ। यसले शान्ति, समृद्ध र न्यायपूर्ण नेपाल बनाउन सहयोग पुगी नयाा संविधान निर्माण भई संघीय गणतन्त्रात्मक लोतकन्त्रको संस्थागत विकास हुने छ भन्नेमा दुईमत नहोला।

यस्तो अवस्थामा डा. डिल्लीरमण रेग्मी जीवित हुनुभएको भए अवश्यमेव समस्या समाधानमा सक्रिय सहयोग पुग्ने थियो होला भन्दै उहाँको ९९ औं जन्मजयन्तीको अवसरमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

डा. डिल्लीरमण रेग्मी र समसामयिक नेपाल, २०६८ मा प्रकाशित

नेपाल र नेपाली जनताको शान्ति र समृद्धि

नेपाल

हजारौँ वर्ष पहिले पौराणिक कालदेखि नै 'नेपाल' जीवित थियो भन्ने कुरा विभिन्न अनुसन्धान तथा पुरातात्त्विक खोजतलासबाट प्रष्ट भइसकेको छ। यस सन्दर्भमा हाम्रा धार्मिक तथा पौराणिक ग्रन्थहरूले 'नेपाल' लाई सत्ययुगमा सत्यवती' त्रेतायुगमा 'तपोवन' द्वापरयुगमा 'मुक्ति सोपान' र कली युगमा 'नेपाल' भन्ने गरेको हो भन्ने भनाइ छ। नेपालको इतिहासले 'नेपाल' भन्ने शब्द विभिन्न भाषा, संस्कृति र किंवदन्तीबाट उत्पन्न भएको हो। निष्कर्षमा नेमुनि ऋषिले आश्रम बनाइसकेको र उनैले पालनपोषण गरेको ठाउँ भएकोले 'नेपाल' रहन गएको हो भन्ने किंवदन्ती छ।

यहाँ विभिन्न ऋषिमुनिहरूले आश्रम बनाई बसेर यहाँको सभ्यता र संस्कृतिलाई उज्ज्वल बनाएका थिए। जस्तै : जनकपुरमा जनक ऋषि, गण्डक क्षेत्रमा गण्डक ऋषि, कपिलवस्तुमा कपिल ऋषि, तनहुँ क्षेत्रमा व्यास ऋषि आदि प्रसिद्ध थिए। भौगोलिक आधारमा यहाँ एउटै जातिमात्र नभई अनेकौं जनजाति, भाषाभाषी, धर्म र संस्कृति भएका मानिसहरूले बसोबास गरेको र अरू देशको उपनिवेश र अधीनमा नबसी स्वतन्त्र रहेको धेरै पुरानो देश हो।

जातीय तथा भाषिक विषयमा भएको जनगणना-२००१ अनुसार यहाँ करिब ९३ भाषाभाषी र करिब १०३ जातिहरू भएको अनुमान छ। नेपालको भौगोलिक स्वरूपले गर्दा एवं देश, काल र परिस्थितिवश यो देश कहिले सङ्गठित भयो भन्ने कहिले विखण्डित पनि भयो। तर पनि यो देश यहाँका जनता स्वतन्त्र र अविछिन्न शक्तिको रूपमा एकीकृत भई एक आपसमा मिलेर शान्तिपूर्वक नेपाली भएर बसेका छन्। यो नै नेपाल र नेपालीको गौरव पनि हो।

नेपालको प्राचीन सिमाना पूर्वमा आसाम, पश्चिममा गढवाल, दक्षिणमा मध्यभारत, उत्तरमा हिमालय पर्वतसम्म फैलिएको अनुमान छ। हाल नेपालको सिमाना पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म मात्र छ।

नेपाल एकीकृत रूपमा आउनुभन्दा पहिले भारतमा ब्रिटिस साम्राज्य फैलिइसकेको थियो । त्यसबखत नेपाल विभिन्न स-साना राज्यमा विभाजित थियो। त्यो देखेर ब्रिटिस साम्राज्यले यहाँ आँखा गाडिसकेको थियो। त्यस्तो नाजुक अवस्थामा पृथ्वीनारायण शाहले ती विखण्डित सबै राज्यलाई एकीकृत गरी नेपाल र नेपाली जनतालाई विदेशी हस्तक्षेपबाट बचाउन सहयोग पुऱ्याएका थिए भन्ने कुरा हामीले बिर्से पनि इतिहासले बिर्सेको छैन ।

आधुनिक नेपालको एकीकरण

उपर्युक्त अनुसार विदेशीको आँखा गढेको विभिन्न राज्यमा विभाजित भएर टुक्रिएको नेपाललाई पृथ्वीनारायण शाहले सुदूरपश्चिमको कर्णाली क्षेत्रका बाइसी राज्य, मध्यनेपालको गण्डकी क्षेत्रका चौबिसी राज्य र अनेकौं भागमा छरिएर रहेका विभिन्न राज्य रजौटाहरू गरी करिब ५२ ओटाभन्दा बढी राज्यलाई एकीकृत गरी एउटा सिङ्गो नेपाल राष्ट्र निर्माण गरेका हुन्। उनले नेपाल राष्ट्रलाई ४ वर्ण ३६ जातको फूलबारीको नाम दिएका थिए तर उनले एकीकरणपछि नेपाललाई हिन्दु राज्य, हिन्दु संस्कृति, देवनागरिक भाषा नेपालीलाई मात्र प्राथमिकतामा राखी अरूलाई अपेक्षित गरिएकोमा भने ठूलो गल्ती गरेका थिए भन्ने लाग्दछ ।

नेपालमा विकासको प्रयास

नेपाल राष्ट्रको चौतर्फी विकास गर्ने लक्ष्य लिएर भीमसेन थापाको पालामा देशलाई ३९ जिल्लामा राणाकालमा ३४ जिल्लामा विकेन्द्रीकरण गरी विकेन्द्रित प्रशासनअनुसार विकास कार्यलाई अगाडि बढाइएको थियो। त्यस बखत बडाहाकिमको पनि व्यवस्था भएको पाइन्छ ।

२०१८ साल वैशाख १ गतेदेखि नेपाल राज्यलाई १४ अञ्चल ७५ जिल्ला बनाई अञ्चलाधीश र प्रमुख जिल्ला अधिकारीको व्यवस्था गरियो । २०२९ सालमा १४ अञ्चल ७५ जिल्लाका साथै क्षेत्रीय आधारमा विकासलाई अगाडि बढाउने हेतुले पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल गरी चार विकासक्षेत्रमा क्षेत्रीय प्रमुख (निर्देशक) को समेत व्यवस्था गरियो ।

२०३७ सालमा सेती र महाकाली अञ्चललाई सुदूरपश्चिमाञ्चल गरी पाँच विकास क्षेत्र बनाइयो । हाल अञ्चलाधीशको व्यवस्था छैन भने अरू

क्षेत्रीय प्रमुख (निर्देशक) र प्रमुख जिल्ला अधिकारी एवं स्थानीय विकास अधिकारीको व्यवस्था गरी नेपाल र नेपाली जनताको शान्ति, समृद्धि र विकासमा जोड दिइएको छ।

नेपाल राष्ट्रको वर्णन

नेपालको अन्तरिम संविधान, २०६३ अनुसार 'राष्ट्र' भन्नाले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त समान अकाङ्क्षा र नेपालको स्वतन्त्रता राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान् रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टि रूपमा 'राष्ट्र' हो।

नेपाल राज्यको वर्णन

राज्य भन्नाले 'नेपाल एक स्वतन्त्र अधिराज्य, सार्वभौमसत्ता सम्पन्न धर्मनिरपेक्ष, समावेशी, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो। यही अन्तरिम संविधान, २०६३ ले संविधानसभाको पनि गठन गऱ्यो।

संविधानसभा बारे डा. रेग्मीको विचार

स्मृतिपटलमा सदासर्वदा जीवित रहनुभएका स्व. डा. डिल्लीरमण रेग्मीले २०१३ साल आषाढ ६ गते संविधानसभा बारे निम्नानुसारको विचार व्यक्त गर्नुभएको थियो– 'कुनै देशको पनि प्रजातन्त्र प्राप्तिअनुसार सबै प्रभुसत्ता जनतामा निहित गरेको हुन्छ र जनतालाई आफूले चाहे जे जुनसुकै किसिमको सरकार पनि छान्ने र स्थापना गर्ने अधिकार छ। आउने चुनावपछिको लक्ष्य विकृत गर्ने चेष्टा भयो भने प्रजातन्त्रउपर ठूलो आघात पर्नेमात्र होइन, देशमा व्यापक अशान्तिको पनि खतरा आउनेछ।'

साथै डा. रेग्मी नै सभापति एवं अध्यक्ष रहनुभएको नेपाली राष्ट्रिय काँग्रेसको २०१३ साल आषाढ ६ गते बसेको कार्यसमितिको बैठकले निम्नानुसारको प्रस्ताव पारित गरेको थियो– 'चुनाव सम्पूर्ण प्रभुसत्ता सम्पन्न विधानसभाको नीति नभई अरू कुनै कुराको नीति, जालसाझी गरी हुने हो भने नेपाली राष्ट्रिय काँग्रेस कडा विरोध गर्नेछ। हामी यो कदापि मान्न तयार छैनौं कि राजामा प्रभुसत्ता निहित छ। प्रजातन्त्र प्रणालीको नाम लिनेबित्तिकै जनतामा प्रभुसत्ता निहित हुन्छ भन्ने कुरा निर्विवाद छ। प्रजातन्त्रमा राजसंस्था राख्ने अथवा नराख्ने अन्य व्यवस्था खडा गर्ने भन्नेबारे जनतालाई नै पूरा

जिम्मेवारी प्राप्त हुन्छ ।' उपर्युक्त विचार र प्रस्ताव नरहरि आचार्यद्वारा लिखित 'संविधानसभा' नामक पुस्तकबाट लिइएको हो ।

डा. रेग्मीको उपर्युक्त विचार र पारित प्रस्ताव ढिलै भए पनि कार्यान्वयन भई २०६३ सालमा जनस्तरबाट नेपाल र नेपालीको प्रजातन्त्र स्वतन्त्रता, शान्ति समृद्धिको विकासका साथै निरङ्कुशताको अन्त्य गरी स्थायी शान्ति, समृद्धि लोकतन्त्र प्राप्तिका लागि आफ्नो अमूल्य जीवन बलिदान दिने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूको उच्च मूल्याङ्कन गरेर जनताले आफूले चाहे अनुसारको संविधान निर्माण गर्न नेपालको अन्तरिम संविधान-२०६३ अनुसार संविधानसभाको चुनाव गरी गराई ६०१ जवानको जम्बो संविधानसभा दुई वर्षका लागि गठन गरे तर ती सबै सभासदहरू स्वार्थी भई राजनीतिक खिचातानी र सत्तामोहमा मात्र अल्भिएर दुई वर्षमा निर्माण हुनुपर्ने संविधान चार वर्षसम्म पनि निर्माण हुन नसकी २०६९ साल ज्येष्ठ १४ गते विघटन भएर नेपालको राष्ट्रियता एवं नेपाली जनताको शान्ति, समृद्धि र विकासमा गम्भीर सङ्कट उत्पन्न गरायो ।

संघीय गणतन्त्रात्मक लोकतन्त्र

अन्तरिम संविधान, २०६३ को चौथो संशोधनले २०६५ साल ज्येष्ठ १५ गतेदेखि नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरी राजतन्त्रलाई अन्त्य गऱ्यो । यस्तो सङ्घीयता भारत, क्यानाडा, बेल्जियम, स्विट्जरल्यान्ड, अष्ट्रेलिया; संयुक्त राज्य अमेरिका, ब्राजिल आदि देशहरूमा पाइन्छ। यी सबै देश र त्यहाँका जनता एक आपसमा मिलेर एकीकृत भई बसेका छन् । विखण्डित भएका छैनन् । संघीयताले देशलाई विखण्डित गर्दैन तर राज्यको पुनःसंरचनाको नाममा जातीयता र क्षेत्रीयताको आधारमा विभिन्न जातिको छुट्टाछुट्टै स्वायत्त राज्य (प्रदेश) को प्रस्तावलाई स्वीकार गर्ने हो भने देश विखण्डनतिर जाने धेरै नै सम्भावना देखिन्छ। अर्कोतर्फ नेपालमा सबै धर्म र संस्कृतिमा नेपालीले आ-आफ्नो भाषा, धर्म र संस्कृतिलाई परम्परागत शैलीलाई नै मान्यता दिएर धर्मको नाममा एकआपसमा विवाद, द्वेष र झगडा नगरी एकीकृत रूपमा मिलेर बसेको अवस्थाका नेपालमा 'धर्मनिरपेक्षता'को आवश्यकता पर्लाजस्तो पनि लाग्दैन ।

नेपाल र नेपाली जनताको शान्ति र समृद्धिका लागि राज्यको पुनःसंरचना भन्दा जातीयता र क्षेत्रीयताको आधारमा विभिन्न जातिको छुट्टाछुट्टै स्वायत्त

राज्य प्रस्तावलाई स्वीकार नगरी धर्मनिरपेक्षताविनाकै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य गर्नु उपयुक्त हुनेछ होला भन्ने लाग्दछ। यसले नेपाल र नेपाललाई विदेशी हस्तक्षेप र देश विखण्डित भई टुक्रिएर जाने त्रासबाट मुक्त गराएर एकीकृत नयाँ नेपालको सिर्जना भई नेपाल र नेपालीको शान्ति, समृद्धि र आर्थिक स्तर वृद्धि भई विकासमा सहयोग पुगेर नेपाल पनि विश्वसामु एक नमुना राष्ट्र बन्नेछ।

विघटित संविधानसभाको पुनःस्थापना वा नयाँ चुनाव (निर्वाचन)

२०६३ सालमा नेपालका ज्ञात-अज्ञात असङ्ख्य शहीदहरूको बलिदानबाट नेपाल र नेपाली जनताको स्वतन्त्रता शान्ति, समृद्धिका लागि निरङ्कुशताको अन्त्य गरी लोकतन्त्र प्राप्तिका लागि गठित जम्बो संविधानसभाले कुनै काम नगरी विघटन भएर नेपाल र नेपाली जनतालाई ठूलो दुर्भाग्यपूर्ण अवस्थामा फँसाइदिएको छ। यसले नेपालमा राजनीतिक अस्थिरता, सङ्कटपूर्ण आर्थिक अवस्था, गरिबी, बेरोजगारी, महँगी, भ्रष्टाचारी प्रवृत्ति आदिले जग बसाली नेपाली जनता कठोर र नाजुक पीडादायी अवस्थामा पिल्सिरहेका छन्। यस्तो परिस्थितिमा पुनः जम्बो संविधानसभाकै पुनःस्थापना गर्नुभन्दा संसद्को नयाँ चुनाव गरी ताजा जनादेशबाट थोरै सङ्ख्याको संसद् बनाई त्यही संसद्बाट नै संविधानसभाको समेत काम गर्ने गरी जनचाहनाअनुसारको संविधान निर्माण गर्नु श्रेयस्कर हुन्छ होलाजस्तो लाग्छ।

तर हाल राजनीतिक दलहरूमा विघटित जम्बो संविधानसभाको पुनःस्थापना वा नयाँ निर्वाचन भन्ने विषयमा धेरै नै चर्को विवाद उत्पन्न भई के गर्ने, के नगर्ने भन्ने बारेमा ठोस सहमति हुन नसक्नु ज्यादै नै दुःख लाग्दो कुरा छ। त्यसको समाधान गर्न नेपालका सेरेमोनियल राष्ट्रपतिलाई पनि सक्रिय भूमिका खेल्ने अधिकार भएको देखिँदैन। उनले सबै राजनीतिक दललाई परामर्श गर्न एवं सल्लाह र सुझावसम्म दिन सक्छन्। उनले आफूलाई प्राप्त अधिकार प्रयोग गरी सबै राजनीतिक दललाई बोलाएर परामर्श एवं सल्लाह गरी छिटोभन्दा छिटो राष्ट्रिय सहमति जुटाएर नयाँ निर्वाचनमा जानका लागि सुझाव र निर्देशनसमेत दिइसकेका छन् तर पनि सबै राजनीतिक दलले आपसी द्वन्द्व असन्तुष्टि र सत्तामोहलाई त्यागेर मेलमिलाप, सहमति र सहकार्यको

सन्देश लिएर सर्वदलीय सरकार गठन गरी नेपाल र नेपालीको हितमा लाग्न सकेका छैनन्। जसले गर्दा सबै नेपाली जनता अन्धकारको भुमरीमा परेका छन्।

समस्या समाधानका लागि केही सुझाव

यसरी सङ्कटपूर्ण अवस्थाबाट गुज्रिरहेको नेपाल र नेपाली जनताको सुख, शान्ति, समृद्धि अर्थात् आर्थिक विकासका लागि जनताबाट जनताकै निमित्त कार्यरत रहेका सम्पूर्ण राजनीतिक दलहरूले आफू जनताकै लागि हौं भनेर कार्य गर्ने हो भने दलगत स्वार्थ र सत्ताप्राप्तिको मात्र अभिलाषा नराखी छिटोभन्दा छिटो सहमति गरेर जोसुकैको नेतृत्वमा भए पनि सर्वदलीय सरकार गठन गरेर संसद्को नयाँ निर्वाचन (चुनाव) गरी/गराई सानो संसद् बनाई सोही संसद्बाट जनताले चाहेअनुसारको नयाँ संविधान निर्माण गर्नु नितान्त आवश्यकता मात्र नभई अनिवार्य पनि भइसकेको छ। यसमा नेतृत्व विवाद भएमा स्वतन्त्र नेतृत्वमा चुनावी सरकार बनाउनु पनि उपयुक्त देखिन्छ। नयाँ संविधान निर्माण भएपछि मुलुकको आमूल परिवर्तन हुनेछ। गरीब, असहाय, निमुखा, महिला, मधेशी र निम्नवर्गका दलित थुप्रै नेपाली जनताको कठोर एवं पीडादायी अवस्थाको अन्त्य हुनेछ।

नेपाल र नेपाली जनताका शान्ति र समृद्धिका लागि आवश्यक आर्थिक स्तर वृद्धि गर्ने खालका निजी स्तरका स्रोत र साधनबाट सञ्चालित आयोजनाहरूको वृद्धि हुनेछ। यसले गरिबी निवारणका लागि सरकारले ल्याउन लागेको सहस्राब्दी विकास, सहकारी र गरिबी निवारण आयोजनाको विकास र विस्तार गर्न प्रोत्साहन गर्नेछ। ग्रामीण जनताको सीमित स्रोत, साधन र सक्रिय जनसहभागिताबाट सञ्चालित सबै विकास आयोजना एकीकृत भई जनताले महसुस गरेको खाँचो परिपूर्ति हुनेछ। यसो हुन सकेमा नेपाल र नेपालीको स्वतन्त्रता, सुख, शान्ति र समृद्धिको विकास भई आर्थिक स्तर वृद्धि गरी निरङ्कुशताको अन्त्य गरेर स्थायी शान्ति प्राप्त होस् भन्ने महान् चाहना राखेर आफ्नो अमूल्य जीवन बलिदान गर्ने ज्ञात-अज्ञात शहीदहरूको रगतको उच्च मूल्याङ्कन भई उनीहरूको सपना साकार हुनेछ।

अन्त्यमा, नेपालको शान्ति, समृद्धि र प्रजातन्त्रका लागि जीवनपर्यन्त (आजीवन) लागिरहेका श्रद्धेय बाबा डा. डिल्लीरमण रेग्मीज्यूको १००औं जन्मजयन्तीको पुण्यतिथीमा उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

डा. डिल्लीरमण रेग्मी : शान्ति र समृद्धि नेपाल, २०६९ मा प्रकाशित

कवि र पुस्तकालय विषयक सिर्जनाप्रवाह कार्यक्रम

मिति २०७३ साल फागुन २८ गते डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय र स्रष्टा प्रतिष्ठान नेपाल (सप्रने) को संयुक्त आयोजनामा 'कवि र पुस्तकालय' विषयक सिर्जना प्रवाह कार्यक्रम सम्पन्न भयो।



स्रष्टा प्रतिष्ठान नेपालका अध्यक्ष युवा कवियत्री अमृता अनमोलको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथिको रूपमा प्रा.डा. व्रतराज आचार्य हुनुहुन्थ्यो।

डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयका तर्फबाट श्री भोला श्रेष्ठले युवाकवि र कवियत्रीहरूलाई स्वागत गर्दै पुस्तकालय र स्रष्टाहरूको बिच घनिष्ठ सम्बन्ध रहेको कुरा बताउनुभयो। स्रष्टाले लेखेका पुस्तकहरूबाट पुस्तकालय बन्यो। पुस्तकालयबाट धेरै स्रष्टाहरू तयार भए। त्यसैले युवाहरूलाई पुस्तकालयमा आएर स्वअध्ययन गर्न आह्वान गर्नुभयो साथै डिल्लीरमण पुस्तकालयको विषयमा जानकारी गराउनुभयो।

उक्त अवसरमा ६० जनाभन्दा बढी युवाहरूले विभिन्न विषयमा कविता वाचन गरेका थिए। यसमा कवि कुमार नेपालले पनि डिल्लीरमणको व्यक्तित्वको विषयमा कविता वाचन गरेका थिए।




***

डिल्लीरमण रेग्मी

डिल्लीरमण रेग्मी
डिल्लीरमण रेग्मी तिमी नै हौ
सपूत राष्ट्रसेवक
तिमी जन्मदाता बाबा नभए पनि
कर्मदाता बाबा तिमी नै हौ
आफ्नो अमूल्य पुस्तकालय, सङ्ग्रहालय
चल अचल सम्पत्ति सबै
दान गर्ने दानवीर कर्ण, बलि र महर्षि दधिचि तिमी नै हौ
'परोपकार पुण्याय पापाय परपीडनम्'
यो मूलमन्त्र जप्ने तिमी
परोपकारीका महाधनी हौ
राजनीतिका चाणक्य तिमीले
कर्तव्यबाट विचलित नभई
प्रजातन्त्र ल्याउन सघायौ
शान्ति र अहिंसाको बिगुल फुकेर
विश्वभर गुञ्जाउने तिमी नै हौ
नेपालको इतिहास अँग्रेजीमा लेखेर
नेपाललाई विश्वमा चिनाउने तिमी नै हौ
तिम्रो यो कीर्ति सदा अमर रहनेछ
तिम्रो यो प्रशंसनीय कार्यलाई
राष्ट्रले सधैँ सम्झिरहनेछ
तिम्रो पार्थिव शरीर यस धरतीमा नभए पनि

तिमी महामानव रूपी अमर आत्मा हौ
त्यो तिम्रो अमर आत्मालाई
मेरो यो सानो शब्द गुच्छा समर्पण छ
यो सानो शब्द गुच्छाले सबैलाई
जुर्मुराई उठी सधैँ अगाडि बढ्ने प्रेरणा दिनेछ
यो नै मेरो तिम्रा लागि श्रद्धासुमन हुनेछ।

ज्ञान र सूचना समाजमा डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय २०७४ मा प्रकाशित।



डा. डिल्लीरमण रेग्मी मानसम्मान तथा उपाधि

बहुआयामिक व्यक्तित्वका धनी, शान्तिका अग्रदूत एवं दानवीर डा. डिल्लीरमण रेग्मीले नेपाल राष्ट्रलाई धेरै कुरा दिएर जानुभएको छ। नेपालमा प्रजातन्त्र स्थापनाको लागि जहानियाँ राणाशासन अन्त गर्नेदेखि लिएर नेपालको इतिहास अँग्रेजीमा लेखेर नेपाललाई विश्वसामु चिनाउनुका साथै आफ्नो बहुमूल्य पुस्तकालय र पुरातात्त्विक सामग्रीहरू राष्ट्रलाई दान गर्नुभएको छ।

उहाँले अमेरिका, चीन, भारत, बेलायत, रुस आदि विभिन्न देशको भ्रमण गरी नेपाल राष्ट्रको गतिविधि र प्राकृतिक सौन्दर्यको प्रशंसा गरी पर्यटन वृद्धिमा ठूलो सहयोग पुऱ्याउनुभएको पाइन्छ। जसको फलस्वरूप विभिन्न देशका पर्यटक तथा अनुसन्धानकर्ताहरू नेपालमा आई नेपाल राष्ट्रको उन्नति र प्रगतिमा अतुलनीय सहयोग गरेको पाइन्छ।

साथै उहाँको राजनैतिक, ऐतिहासिक, शान्ति, अहिंसा र प्रजातन्त्रप्रति सक्रिय रूपमा सहभागी भई राष्ट्र र विश्वलाई पुऱ्याउनुभएको योगदानको कदर गर्दै नेपालका विभिन्न संघसंस्थाहरूले निम्नानुसारको सम्मानपत्र, पुरस्कार अभिनन्दनपत्र, शुभकामनापत्र र आजीवन ससदस्यतापत्र प्रदान गरेका छन् तर पनि नेपाल सरकारले हालसम्म कुनै पनि कदर, सम्मान र उपाधि प्रदान गरेको पाइँदैन। नेपालका विभिन्न संघ संस्थाहरूले कदरस्वरूप प्रदान गरेका अभिनन्दन, सम्मान पुरस्कारहरू धेरै छन् तीमध्ये मुख्य-मुख्य यहाँ उल्लेख गरिएको छ।

डा. डिल्लीरमण रेग्मी र सम्मानपत्र

१. नेपालमा शान्ति स्थापनाको लागि योगदान पुऱ्याएबापत The National Federation of UNESCO Clubs in Nepal n] Nov-4-1994 मा Nepal UNESCO Peace Prize

२. नेपाल राष्ट्रिय अभिनन्दन समितिले प्रजातान्त्रिक सङ्घर्षका वीरपुरुष, सिद्धान्तनिष्ठ अन्तर्राष्ट्रिय इतिहास समिश्रण विलक्षण दानवीर र विश्व

कल्याणकारी शान्तिपुरुषका रूपमा कदर गर्दै मिति ०५६ साल माघ १९ गते अभिनन्दन गरेको ।

३. नेपाल इतिहास संघले नेपालको इतिहास तथा संस्कृतिको क्षेत्रमा पुऱ्याउनुभएको योगदानको कदर गर्दै मिति २०५८ साल वैशाख १९ गते नेपाल इतिहास संघको प्रमुख संरक्षकत्वको सम्मानपत्र प्रदान गरेको ।

४. नेपाल पुस्तकालय संघले नेपालमा पुस्तकालयको क्षेत्रमा ज्ञान सामग्रीहरू सङ्कलन संवर्धन एवं संरक्षण गरी स्थापना गर्नुभएको डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय एवं सङ्ग्रहालय राष्ट्रलाई समर्पित गर्नुभई पुस्तकालय क्षेत्रको गरिमामय वृद्धि गरी अतुलनीय योगदान पुऱ्याएबापत मिति २०५० साल वैशाख १३ गते नेपाल पुस्तकालय संघले २०४९ सरस्वती राष्ट्रिय पुरस्कारबाट सम्मानित गरेको ।

५. त्रिभुवन विश्वविद्यालयले वरिष्ठ राजनीतिज्ञ र लब्धप्रतिष्ठित इतिहासकारको रूपमा मूल्याङ्कन गरी मिति २०५४ साल पौष ३ गते दीर्घायुको कामना गरी सम्मान गरेको ।

६. डा. डिल्लीरमण रेग्मी ट्रष्टले जनताको सेवामा समर्पित भई सङ्घर्ष गर्दै आएको ६५ वर्ष पूरा भएको उपलक्ष्यमा मिति २०५६ साल माघ १९ गते अभिनन्दन गरेको ।

७. अहिंसा समन्वय नेपाल अहिंसाका पुजारी, विद्या, बुद्धिका अग्रणी, सच्चा शान्तिकामी नेपालका इतिहासका उज्ज्वल नक्षत्र आदि मूल्याङ्कन गरी २०५८ साल असोज २७ गते मरणोपरान्त सम्मानपत्र प्रदान गरेको ।

८. श्री ५ त्रिभुवन समितिको स्वर्णजयन्तीको उपलक्ष्यमा उक्त समितिको संस्थापक सदस्यको रूपमा पुऱ्याउनुभएको योगदानको कदर गर्दै मिति २०६१ साल चैत्र ९ गते मरणोपरान्त सम्मानपत्र प्रदान गरेको ।

९. सङ्गीतकला एकेडेमीले प्रजातन्त्रका पहरेदार, वरिष्ठ राजनीतिज्ञ, विश्व विख्यात एकल स्वामित्वका धनी भनी मूल्याङ्कन गरेर मिति २०५६ साल माघ १९ गते शुभकामनासहितको पञ्चमहाअभिनन्दन प्रदान गरेको ।

१०. जे.पी. प्रतिष्ठानले पूर्व प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दसमेतको दस्तखत भएको विकृतिरहित राजनीति, वसुधैव कुटुम्बकमूलाई जीवनदर्शन मानने

समाजसेवी र विद्वत्ता र दर्शनका सङ्गम आदि भनी मूल्याङ्कन गरेर २०५३ साल चैत्र २९ गते अभिनन्दन गरेको ।

११. पुष्पलाल स्मृति प्रतिष्ठानले वृद्ध वर्ष १९९९ को उपलक्ष्यमा निरङ्कुश राणाविरोधी आन्दोलनदेखि निरन्तर राष्ट्रियता जनजीविका र जनतन्त्रका विषयमा योगदान पुऱ्याएबापत प्रदान गरेका सम्मानपत्र ।

१२. बुद्ध, गान्धी तथा अन्तर्राष्ट्रिय समझदारी समितिले उक्त समितिमा शान्तिका सम्बन्धमा सक्रिय भई विभिन्न योगदान पुऱ्याएबापत २०४८ पौष ४ गते सम्मान गरेको ।

१३. The Political Science Association of Nepal मा Feleary 27-1998 मा She Polson Award 1997 को सम्मानपत्र प्रदान गरेको ।

१४. नेपाली नारी समाज तथा नेपाली साहित्य एकेडेमीलाई विभिन्न विषयमा योगदान पुऱ्याएबापत मिति २०५६ माघ १९ गते सम्मानपत्र प्रदान गरेको ।

१५. भानुको आजीवन सदस्यताको प्रमाणपत्र पाएको ।

१६. अहिंसा समन्वय समिति नेपालले अहिंसाको क्षेत्रमा सक्रिय योगदान पुऱ्याएबापत मिति ०५८ साल आश्विन २७ गते प्रदान गरेको सम्मानपत्र ।

यस बाहेक उहाँले अन्य धेरै सम्मान अवार्ड समेत पाउनुभएको कुरा उल्लेख गरिएको छ। साथै पुस्तकालयले २०६० सालमा उहाँको नामको मरणोपरान्त रु. ५ को र शतवार्षिकको उपलक्ष्यमा रु. १० को हुलाक टिकट प्रकाशित गरेको छ।

उपरोक्त सम्पूर्ण सम्मान-पत्रहरूको विवरण पुस्तकालयको म्युजियम कक्षमा सुरक्षित राखिएको हुँदा पाठक वर्गले चाहेमा देखाउन सकिने व्यवस्था पनि गरिएको छ।

अन्तमा नेपाल सरकारसँग अनुरोध गर्नुपर्ने भएको छ। यस्ता राष्ट्रका सपूत व्यक्तित्वलाई मरणोपरान्त भए पनि नेपाल राष्ट्रको उत्कृष्ट र सर्वोच्च मान पदवी 'नेपाल रत्न' सम्मानले विभूषित गर्न आवश्यक मात्र नभई अनिवार्य पनि भएको छ भन्ने कुरा राख्तै यो लेखन अन्त्य गर्दछु।

'ज्ञान र सूचना समाजमा' डिल्लीरमण-कल्याणी रेग्मी पुस्तकालयमा प्रकाशित २०७७

डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयका डा. डिल्लीरमण रेग्मीको प्रमाणपत्रको विवरण

१. डा. डिल्लीरमण रेग्मीको Doctor Academic of UZBK Academy of Sciences 1977 AD

2. Doctor of Literatur को Patna University ले प्रदान गरेको प्रमाणपत्र 18th March 1967

3. Doctor of Philosophy of Arts को Patna University ले प्रदान गरेको प्रमाणपत्र 28th Feb. 1967

4. Master of Arts in Economices को Patna University ले प्रदान गरेको प्रमाणपत्र 29th Nov. 1938

5. University of Madras ले प्रदान गरेको Degree of Master of Betters 9th August 1940

6. Bachelor of Arts को Patna University ले प्रदान रेको प्रमाणपत्र 26th Nov. 1936

7. Patna University ले प्रदान गरेको Matriculation को प्रमाणपत्र 23rd Apr 1932

***

डिल्लीरमण रेग्मी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शान्ति पुरस्कार

प्रत्येक २ वर्षमा 'डा. डिल्लीरमण रेग्मी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शान्ति पुरस्कार' 'डिल्लीरमण-कल्याण रेग्मी स्मारक पुस्तकालय विकास समितिबाट सम्मानित गर्दै आएको छ ।

डा. डिल्लीरमण रेग्मी राष्ट्रिय शान्ति पुरस्कार

- राष्ट्रिय शान्ति पुरस्कार व्यक्ति तथा संस्था दुवैलाई दिन सकिने ।
- नाम चयन गर्दा इतिहास, संस्कृति, पुरातत्त्व, विज्ञान प्रविधि, साहित्य, शिक्षा, स्वास्थ्य, विज्ञान प्रविधि, पर्यटन र समाजसेवाको साथै राष्ट्रको विकास शान्ति र अनुसन्धान आदिमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्ति वा संस्था हुनुपर्नेछ । व्यक्तिलाई बढी प्राथमिकता दिइनेछ ।
- राष्ट्रिय शान्ति पुरस्कार पाउने व्यक्तिलाई रु. १ लाख र सम्मानपत्र हुनेछ ।
- उक्त सम्मानपत्रमा महामहिम राष्ट्रपतिको हस्ताक्षर हुनेछ ।

डा. डिल्लीरमण रेग्मी अन्तर्राष्ट्रिय शान्ति पुरस्कार

- अन्तर्राष्ट्रिय शान्ति पुरस्कार पनि व्यक्ति वा संस्था दुवैलाई दिन सकिने छ ।
- अन्तर्राष्ट्रिय शान्ति पुरस्कारको नाम चयन गर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा शान्ति, नेपालको विकास, आदिमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्ति वा संस्था हुनुपर्नेछ । व्यक्तिलाई विशेष प्राथमिकता दिइनेछ ।
- अन्तर्राष्ट्रिय शान्ति पुरस्कार पाउने व्यक्तिले मायाको शान्तिको चिनोमा बुद्धको प्रतिमा र सम्मान-पत्र पाउनेछ । उक्त सम्मान-पत्रमा महामहिम राष्ट्रपतिको दस्तखत हुनेछ ।

छनौटको लागि प्रक्रिया :

- राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्ने ।
- Website, Facebook, Twitter मार्फत् प्रकाशित गर्ने ।
- विशिष्ट व्यक्तित्वहरू, विद्वान्हरू लगायतहरूसँग छलफल कार्यक्रम आयोजना गर्ने ।
- प्रत्यक्ष भेटघाट, टेलिफोन, इमेल, इन्टरनेटबाट पनि नाम सङ्कलन गर्न सकिनेछ ।
- छनौटको लागि कुनै एक सम्मानित व्यक्तिको संयोजकमा ३ सदस्यीय छनौट समिति गठन गरिएको उक्त समितिले उपरोक्त माध्यमबाट प्राप्त नामहरूमध्ये बहुमत प्राप्त नामको छनौट गर्नेछ ।

हालसम्म शान्ति पुरस्कार पाउने व्यक्तित्वहरू

डा. डिल्लीरमण रेग्मी राष्ट्रिय शान्ति पुरस्कार

- ज्यूँदा शहीद रामहरि शर्मा, २०६४
- पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल, २०६५
- पण्डित दीनबन्धु पोखरेल र विश्वसाइकल यात्री पुष्कर शाह (संयुक्त), २०६६
- पूर्वप्रधानमन्त्री द्वय गिरिजाप्रसाद कोइराला (मरणोपरान्त) र माधवकुमार नेपाल (संयुक्त), २०६८
- संस्कृतिविद् सत्यमोहन जोशी, २०७०
- इतिहासविद् प्रा.डा. तुलसीराम वैद्यलाई, २०७२
- संस्कृति तथा पुरातत्त्वविद् श्री हरिराम जोशी, २०७४
- नेपाली नागरिक महावीर पुनको राष्ट्रिय आविष्कार केन्द्रलाई २०७६

डा. डिल्लीरमण रेग्मी अन्तर्राष्ट्रिय शान्ति पुरस्कार

- दक्षिण अफ्रिकाका पूर्वराष्ट्रपति नेल्सन मन्डेला, २००६
- भारतका महान नेता महात्मा गान्धी, २००७

- अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर, २००८
- स्वीस नागरिक टोनी हेगन, २००९
- संयुक्त राष्ट्रसंघका महासचिव बान की मुन, २०११
- बर्माकी प्रजातन्त्रवादी नेतृ आङ साङ सुकी, २०१३
- रुम टु रिडका संस्थापक अध्यक्ष अमेरिकी नागरिक जोन उड्, २०१५
- युनेस्को २०१७
- रिड नेपाल तथा रिड ग्लोबलका संस्थापक डा. ऐण्टोनिया न्यूवर सन् २०१९
- साथै ई.सं. २००७ साल देखि डा. डिल्लीरमण रेग्मी Young Scholar Award बनारस हिन्दु विश्वविद्यालयको Center for the study of Nepal / malaviya center for peace Reserch का छात्र छात्राहरूमध्ये नेपाल सन्धि वा डा. डिल्लीरमण रेग्मी सम्बन्धी अनुसन्धान गर्नेहरूमध्ये उत्कृष्ट एक जनालाई भारु ५. हजार र सम्मान पत्र प्रदान गर्दै आएकोमा वि.सं. २०७४ सालदेखि डा. डिल्लीरमण रेग्मीसम्बन्धी विभिन्न विषयमा निबनध प्रतियोगिता र अनुसन्धान गराई उचित पुरस्कार एवं प्रमाणपत्र प्रदान गर्दै आएको छ।

डा. डिल्लीरमण रेग्मी युवा छात्र पुरस्कार

त्रिवि पुस्तकालय तथा सूचना केन्द्रीय विभागबाट सुश्री रक्षा खड्का

Users Status and Patentitial

Users of Dilli Raman Kalyani Regmi Memorial Librarary विषयमा तयार पारेको शोधपत्रको लागि २०७६

निबन्ध प्रतियोगिता

नेपालको इतिहासमा डा. डिल्लीरमण रेग्मीको देन विषयक निबन्ध प्रतियोगिता २०७३

(१) रमेश घिमिरे – अमृत साइन्स क्याम्पस प्रथम

(२) माधवहरि पौडेल – नेपाल कमर्श क्याम्पस द्वितीय

(३) सुरेश रावल – शहीद स्मारक कलेज तृतीय

शान्ति अहिंसा र मानवीय मूल्य मान्यतामा डा. डिल्लीरमण रेग्मी निबन्ध प्रतियोगिता २०७४

(१) प्रशान्त काप्री – ग्रामीण आदर्श बहुमुखी क्याम्पस नेपाल प्रथम
(२) माधवहरि पौडेल – नेपाल कमर्श क्याम्पस द्वितीय
(३) लक्ष्मी राना – नेपाल ल क्याम्पस प्रदर्शनीमार्ग तृतीय

'अनुसन्धानमा पुस्तकालयको भूमिका' निबन्ध प्रतियोगिता २०७५

कोमल नेपाल– बेलकोट गढी ६, नुवाकोट प्रथम
सुवास मल्ल – पुतलीबजार ३, स्याङ्जा द्वितीय
समर बराल – पोखरा ६, कास्की तृतीय
भावना पौडेल – विराटनगर १२, मोरङ सान्त्वना
राम थापा क्षेत्री– नीलकण्ठ ३, धादिङ सान्त्वना

पुस्तकालय व्यवस्थापन र कर्मचारीहरू

डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति-नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गत रहेको छ। पुस्तकालय सञ्चालन र व्यवस्थापन गर्न ७ सदस्यीय समितिको व्यवस्था गरेको छ। उक्त सदस्यहरूमा १ जना अध्यक्ष र २ जना सदस्यहरू शिक्षामन्त्रीबाट २ वर्षका लागि लब्ध प्रतिष्ठित व्यक्तिहरूबाट मनोनित हुने व्यवस्था रहेको छ भने अन्य ४ जना सदस्यहरूमा शिक्षा मन्त्रालय, अर्थमन्त्रालयबाट सहसचिव स्तरको सदस्य रहने व्यवस्था छ। साथै पुरातत्त्व विभागबाट एक जना प्रतिनिधि र सदस्य-सचिवमा पुस्तकालय प्रमुख रहने व्यवस्था छ।

***

शब्दचित्रमा डा. डिल्लीरमण रेग्मी

नाम : डा. डिल्लीरमण रेग्मी

जन्म : सन् १९१३ डिसेम्बर १७ (वि.सं. १९७० पौष ३ गते बुधबार)

मृत्यु : सन् २००१ अगस्त ३० (वि.सं. २०५८ भाद्र १४ गते बृहस्पतिबार)

पिता : रोहिणीरमण रेग्मी

माता : मुक्तिदेवी रेग्मी

विवाह : पहिलो विवाह सन् १९३३ मा कल्याणी पाण्डेसँग, र दोस्रो विवाह सन् १९५३ मा नूतनकुमारी पाण्डेसँग

सन्तान : श्रीमती कल्याणी रेग्मीको सुगर्भबाट ३ छोरी र १ छोरा

शिक्षा : सन् १९२६ मा रानीपोखरी संस्कृत पाठशालाबाट प्रथमा

सन् १९३२ मा पटना विश्वविद्यालयसँग आबद्ध दरबार हाइस्कुलबाट मेट्रिक

सन् १९३६ मा पटना विश्वविद्यालयबाट अर्थशास्त्रमा अनर्स सहित बि.ए.

सन् १९३८ मा अर्थशास्त्रमै एम.ए. र सन् १९४० मा मद्रास विश्वविद्यालयबाट एम.लिट्.

सन् १९६१ मा पटना विश्वविद्यालयबाट अर्थशास्त्रमा पी.एच.डी र सन् १९६५ मा डी.लिट्.

समाजसेवा तथा राजनीति : ९० सालको भूकम्पमा एक स्वयंसेवक सङ्गठन बनाई पीडित व्यक्तिहरूको उद्धार गर्ने कार्यको शुभारम्भबाट डा. रेग्मी समाजसेवामा प्रवेश। त्यसपछि भारतमा ब्रिटिश उपनिवेशको अन्त्यका लागि महात्मा गान्धीको नेतृत्वमा शुरू भएको आन्दोलनको प्रभावस्वरूप नेपालमा पनि राणा शासनको अन्त्य हुनुपर्छ र प्रजातन्त्रको स्थापना हुनुपर्छ भनेर शान्ति आन्दोलन गर्ने सोचसहित राजनीतिक जीवनको आरम्भ। भारतको स्वतन्त्रता आन्दोलनमा पनि सरिक भई सन् १९४१ मा भारतमा पक्राउ परी ५ वर्षसम्म बनारस र लखनउको जेलमा

बन्दीजीवन बिताउन बाध्य। वि.सं. २००३ सालमा भारतमा नै नेपाली राष्ट्रिय काँग्रेसको स्थापना गरी वि.सं. २००४ सालमा बनारसमा भएको अधिवेशनबाट सो को सभापतिमा निर्वाचित भई राणा शासनको अन्त्यका लागि सङ्घर्षरत। वि.सं. २०१४ सालमा नेपाली काँग्रेस र नेपाल प्रजा परिषद्सँग मिलेर संयुक्त मोर्चा खडा गरी आम चुनावको माग राख्दै सत्याग्रहमा अग्रस्थानमा रही आवश्यक कार्यको सम्पादन। वि.सं. २०४४ सालमा घरमा नै नजरबन्द भई प्रजातन्त्र पुनर्स्थापनाको लागि अनशन बसी जन आन्दोलनको समर्थन र प्रजातन्त्रको प्राप्तिपश्चात् देशको बिग्रँदो परिस्थिति र पार्टीहरूको गैरजिम्मेवारपूर्ण रवैयाको विरोध गर्दै रहनु तथा जीवनको अन्तिम घडीसम्म माओवादी समस्याको शान्तिपूर्ण निकासका लागि आफू मध्यस्थ भई सरकार-माओवादी बीच वार्ता गराउने इच्छा व्यक्त गर्दै रहनु।

ट्रष्टको स्थापना : वि.सं. २०३७ मा डा. डिल्लीरमण रेग्मी सदनलाई डा. डिल्लीरमण रेग्मी कल्याणी रेग्मी पुस्तकालय, सङ्ग्रहालय तथा अनुसन्धान केन्द्रको नाम दिएर श्री ५ वीरेन्द्रमा जाहेरी गरी सन् १९८१ मा रु. १० करोड मूल्याङ्कन भएको सो परिसर सामानसहित श्री ५ को सरकार शिक्षा मन्त्रालयलाई हस्तान्तरण गर्ने वचन दिएर दानी व्यक्तित्वका रूपमा सुपरिचित। वि.सं. २०५३ सालमा आफ्नै अध्यक्षतामा डा. डिल्लीरमण रेग्मी ट्रष्टको स्थापना र सञ्चालन।

लेखक तथा इतिहासकारका रूपमा : अँग्रेजी भाषामा नेपालको इतिहास लेख्ने पहिलो नेपाली इतिहासकारका रूपमा सर्वपरिचित। राणा शासनको विरोधमा चलेको आन्दोलनलाई सहयोग पुग्ने खालको A Century of Family Autocracy in Nepal नामक पुस्तक तथा नेपाल भारत सम्बन्ध, मानवशास्त्र, सामाजिक शास्त्र आदि विषयमा थुप्रै पुस्तक तथा लेख रचनाहरू प्रकाशित गरी नेपाललाई विश्वसामु चिनाउन प्रयत्नशील।

आचरण विचार र रुचि : 'सेवा नै धर्म हो र धर्म नै सेवा हो' भन्ने सिद्धान्तनिष्ठ प्रगतिशील तथा बुद्ध, गान्धीका अनुयायी शान्तिकामी विद्वान् देशभक्त व्यक्तित्व।

डा. डिल्लीरमण रेग्मी स्मृति ग्रन्थ २०६० बाट साभार

डा. डिल्लीरमण रेग्मी ट्रष्ट

डा. रेग्मीले पुस्तकालय तथा सङ्ग्रहालयको विकास, विस्तार र निरन्तरताका लागि २०५३ सालमा डा. डिल्लीरमण रेग्मी ट्रष्ट स्थापना गर्नुभएको थियो। त्यस ट्रष्टको संरक्षकत्व आफैले लिनुभई उपाध्यक्षमा पूर्वप्रधानमन्त्री एवं नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइरालालाई बनाएको थियो। उक्त ट्रष्टमा अक्षयकोषका लागि ३५ लाख रुपैयाँसमेत जम्मा गर्नुभएको थियो। डा. डिल्लीरमण रेग्मीको स्वर्गारोहणपछि उक्त ट्रष्टको पदाधिकारीहरू निम्नानुसार रहेका थिए।

श्री बेनीबहादुर कार्की, पूर्वसभामुख	– अध्यक्ष
प्रा.डा. मोहनप्रसाद लोहनी	– महासचिव
श्री भीमबहादुर अधिकारी	– कोषाध्यक्ष
डा. मृगेन्द्रराज पाण्डे	– सदस्य
डा. प्रभा बस्नेत	– सदस्य
प्रा.महेशकुमार उपाध्याय	– सदस्य
श्री लोकबहादुर श्रेष्ठ	– सदस्य
श्रीमती रिद्धिबाबा प्रधान	– सदस्य
श्री गणेशबहादुर थापा	– सदस्य
डा. मीना ओझा	– सदस्य
श्रीमती सानीमैयाँ राणा	– सदस्य
श्री विश्वनाथ ढकाल	– सदस्य
श्री युवराज पाण्डे	– सदस्य
श्री प्रयागदत्त तिवारी	– सदस्य
श्रीमती गोमा उपाध्याय	– सदस्य
प्रा.डा. त्रैलोक्यनाथ उप्रेती	– विशेष आमन्त्रित सदस्य

डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति

२०५८ साल भाद्र १४ गते डा. डिल्लीरमण रेग्मीको निधनपश्चात् उहाँकै इच्छाअनुसार नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा 'डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति गठन (आदेश) २०६०' राजपत्रबाट जारी गरी पुस्तकालय तथा सङ्ग्रहालय सञ्चालन र व्यवस्थापनका लागि सात सदस्यीय सञ्चालक समितिको व्यवस्था गरिएको छ।

उक्त व्यवस्था अनुसार कर्मचारीहरूको समेत व्यवस्थापन भएको छ। जसअनुसार डा. डिल्लीरमण रेग्मीको ९१ औं जन्मजयन्ती २०६१ साल पौष ३ गतेबाट पुस्तकालय तथा सङ्ग्रहालय सर्वसाधारणले अध्ययन, अनुसन्धान र अवलोकन गर्न पाउने गरी खुल्ला गरियो। यसपछि सञ्चालन खर्च नेपाल सरकार शिक्षा मन्त्रालयमार्फत् व्यवस्था भएअनुसार यसको सञ्चालन हुँदै आएको छ।

उद्देश्यहरू :

- डा. रेग्मीको जीवनदर्शन एवं सिद्धान्तको प्रचार-प्रसार गर्ने।
- प्रत्येक दुई-दुई वर्षमा डा. डिल्लीरमण रेग्मी शान्ति पुरस्कारबाट शान्ति र अहिंसाको क्षेत्रमा योगदान पुऱ्याउने स्वदेशी तथा विदेशी व्यक्तित्वहरूलाई सम्मान गर्ने।
- शान्ति, अहिंसा, मानवीय मूल्य, मान्यता र राष्ट्रका जल्दाबल्दा विषयसँग सम्बन्धित गोष्ठी, कार्यशाला, अन्तरक्रियालगायत निःशुल्क पुस्तकालय तथा सूचना सेवा प्रदान गर्ने।
- इतिहास, राजनीतिशास्त्र एवं दर्शनशास्त्र आदि विविध विषयमा अध्ययन र अनुसन्धानका लागि शान्ति केन्द्रको रूपमा विकास गर्ने।
- स्वदेशी तथा विदेशी पुस्तकालयहरूसँग नेटवर्किङ गरी पुस्तकालय सेवा प्रदान गर्ने।
- आय-आर्जनका लागि अन्य विविध क्रियाकलाप गर्ने।

पुस्तक सङ्कलन :

यस डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयमा नेपाल सरकार शिक्षा मन्त्रालयलाई हस्तान्तरण गर्दा करिब २५ हजार पुस्तक तथा पत्र-पत्रिकाहरू थिए। अहिले यो सङ्कलन बढेर ३५ हजार पुगेको छ।

विकास समितिमा हालसम्मका सञ्चालकहरू :

२०६०

डा. त्रैलोक्यनाथ उप्रेती	– अध्यक्ष
डा. प्रभा बस्नेत	- सदस्य
डा. अन्जनीकुमार शर्मा	- सदस्य
शान्तबहादुर श्रेष्ठ	- सदस्य
जनार्दन नेपाल	- सदस्य
विष्णुराज कार्की	- सदस्य
पशुपतिनाथ अधिकारी	- सदस्यसचिव

२०६०

महेशकुमार उपाध्याय	- अध्यक्ष
प्रभा बस्नेत	- सदस्य
शान्तबहादुर श्रेष्ठ	- सदस्य
जनार्दन नेपाल	- सदस्य
विष्णुराज कार्की	- सदस्य
पशुपतिनाथ अधिकारी	- सदस्यसचिव

२०६४

डा. विष्णुहरि नेपाल	- अध्यक्ष
प्रा.डा. कृष्णबहादुर थापा	- सदस्य
शान्तबहादुर श्रेष्ठ	- सदस्य
रामेश्वरराज अर्याल	- सदस्य
जनार्दन नेपाल	- सदस्य
विष्णुराज कार्की	- सदस्य
पशुपतिनाथ अधिकारी	- सदस्यसचिव

२०६६

डा. जङ्गबहादुर गिरी	- अध्यक्ष
जनार्दन नेपाल	- सदस्य

भीमबहादुर अधिकारी	- सदस्य
उद्धव आचार्य	- सदस्य
दीपेन्द्रप्रसाद गुप्ता	- सदस्य
यज्ञमान महर्जन	- सदस्य
पशुपतिनाथ अधिकारी	- सद्रस्य सचिव

२०६८

डा. जंगबहादुर गिरी	- अध्यक्ष
जनार्दन नेपाल	- सदस्य
दयानाथ शर्मा	- सदस्य
उद्धव आचार्य	- सदस्य
डा. ज्ञानेन्द्र पौडेल	- सदस्य
अखिलेश कुमार सिंह	- सदस्य
पशुपतिनाथ अधिकारी	- सदस्य सचिव

२०७०

प्रेम छोटा	- अध्यक्ष
महाश्रम शर्मा	- सदस्य
दामोदर रेग्मी/मधुसूदन पोखरेल	- सदस्य
प्रा. ज्ञानेन्द्र पौडेल	- सदस्य
श्यामसुन्दर राजवंशी	- सदस्य
भोलाकुमार श्रेष्ठ	- सदस्य-सचिव

२०७२

डा. तुलसीप्रसाद भट्टराई	- अध्यक्ष
डा. लवदेव अवस्थी	- सदस्य
राजेन्द्रप्रसाद शर्मा/जीवन सिटौला/मुकुन्द पौडेल	- सदस्य
शान्ति मिश्र	- सदस्य
चित्रप्रसाद देवकोटा	- सदस्य

श्यामसुन्दर राजवंशी - सदस्य
भोलाकुमार श्रेष्ठ - सदस्य सचिव

२०७४

डा. तुलसीप्रसाद भट्टराई - अध्यक्ष
वैकुण्ठप्रसाद अर्याल - सदस्य
राजेन्द्रकुमार पौडेल - सदस्य
इन्दिरा दली - सदस्य
चित्रप्रसाद देवकोटा - सदस्य
श्यामसुन्दर राजवंशी - सदस्य
भोलाकुमार श्रेष्ठ - सदस्यसचिव

२०७५

डा. तुलसीप्रसाद भट्टराई - अध्यक्ष
वैकुण्ठप्रसाद ~~नेपाल~~ अर्याल - सदस्य
यज्ञप्रसाद ढुंगेल - सदस्य
इन्दिरा दली - सदस्य
चित्रप्रसाद देवकोटा - सदस्य
श्यामसुन्दर राजवंशी - सदस्य
भोलाकुमार श्रेष्ठ - सदस्यसचिव

२०७६

इन्दिरा दली - अध्यक्ष
कृष्णप्रसाद काप्री - सदस्य
झलक राम अधिकारी - सदस्य
दशरथ थापा - सदस्य
सन्दिप खनाल - सदस्य
भोलाकुमार श्रेष्ठ - सदस्यसचिव

वर्तमान २०७७

इन्दिरा दली	- अध्यक्ष
दीपक शर्मा	- सदस्य
प्रा.डा. ध्रुवकुमार घिमिरे	- सदस्य
दशरथ थापा	- सदस्य
सन्दीप खनाल	- सदस्य
भोलाकुमार श्रेष्ठ	- सदस्यसचिव

वर्तमान कर्मचारीहरू

भोलाकुमार श्रेष्ठ	- पुस्तकालय प्रमुख
कुमार नेपाल	- पुस्तकालय सहायक
चन्द्रकुमार ओभ्ग	- कम्प्युटर अपरेटर एवं लेखापाल
पुजन दाहाल	- रिसेप्सनिष्ट
जितेन्द्रराज श्रेष्ठ	- सवारी चालक
सविना चौलागाईं	- कार्यालय सहयोगी
तारा खड्का	- कार्यालय सहयोगी
ग्याल्वो तामाङ	- सुरक्षा गार्ड
लक्ष्मी ट्वानावासु	- सुरक्षा गार्ड
मचाकाजी डंगोल	- माली

पुस्तकालय परिसर :

डा. डिल्लीरमण रेग्मीको आफ्नै निवास रहेका ४ ओटा भवनमा पुस्तकालय, सङ्ग्रहालय, आधुनिक सभाकक्ष एवं कार्यालय रहेका छन् साथै विभिन्न देवी-देवताका मूर्तिले सुशोभित बगैँचा, रूखहरू, विविध प्रजातिका फूलका बोट आदिसँगै चराचुरुङ्गीको आवाजले परिसरलाई मनमोहक बनाइरहेको हुन्छ। सुन्दर, शान्त वातावरणमा बच्चाहरू खेल्ने, पढ्नेदेखि वयस्क पाठकहरूलाई अध्ययन गर्ने थलोको रूपमा यो विकसित भएको छ।

यस्तो सुरम्य सरस्वती मन्दिरमा यहाँहरू सबै अध्ययन-अनुसन्धान गर्न आउनुहोस्। तपाईंहरूलाई डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय हार्दिक स्वागत गर्दछ।

खुल्ने र बन्द हुने समय :

आइतबारदेखि बिहीबारसम्म– बिहान १०:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म र शुक्रबार अपराह्न १२:०० बजेदेखि बेलुकी ५:०० बेसम्म। साथै कात्तिक १६ गतेदेखि मात्र १५ गतेसम्म बिहान १०:०० बजेदेखि बेलुकी ४:०० बजेसम्म र शुक्रबार अपराह्न १२:०० बजेदेखि बेलुकी ४:०० बजेसम्म।


वेवसाईड फेसबुक सुविधा

यस पुस्तकालयका विषयमा जान्न चाहने जो कोही व्यक्तिहरूले यस पुस्तकालयको वेवसाइड www.dkrmlibrary.org र www.facebook.com/dkrmlibrary मा क्लिक गरी पुस्तकालयको ताजा परिचयात्मक जानकारी पाउन सक्ने व्यवस्था गरिएको छ।

***

फोटो ग्यालरी

डा. डिल्लीरमण रेग्मीका केही एकल तथा सामुहिक फोटोहरू








डा. डिल्लीरमण रेग्मी : बहुआयामिक व्यक्तित्वमा प्रकाशित

























































Dr. Dilli Raman Regmi : Political Activities is a Decade (1941-1951) बाट साभार गरिएको ।



डा. डिल्लीरमण रेग्मी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार समारोह





डा. डिल्लीरमण रेग्मी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शान्ति पुरस्कार (२०७६) वितरण समारोहमा लेखक




डा. डिल्लीरमण रेग्मीसम्बन्धी निबन्धप्रतियोगिताका विजेताहरूका साथ लेखक

डा. डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समितिका पूर्व अध्यक्षहरू












महात्मा गान्धी जयन्तीको अवसरमा






इन्दिरा दली
(बोर्ड अध्यक्ष)
डा. डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय

डा. डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयका कर्मचारीहरू




भोलाकुमार श्रेष्ठ
पुस्तकालय प्रमुख



कुमार नेपाल



चन्द्रकुमार ओझा




पुजन दाहाल




जीतेन्द्र श्रेष्ठ



मचाकाजी डंगोल



तारा खड्का



सबिना बस्नेत (शान्ता)



लक्ष्मी महर्जन



ग्याल्बो तामाङ

ज्ञान, सूचना र समाजमा डा. डिल्लीरमण रेग्मी पुस्तक २०७४ बाट साभार

लेखकपरिचय

नाम : कुमार नेपाल

जन्म मिति : २००६/५/३

आमाको नाम : पद्मकुमारी नेपाल

बुवाको नाम : जयनिधि शर्मा नेपाल

श्रीमतीको नाम : विजया नेपाल

जन्मस्थान र स्थायी ठेगाना : ल.पु.म.न.पा वडा नं. ११ शङ्खमूल ललितपुर

शैक्षिक योग्यता : विए, बिएड

तालिम

शिक्षासम्बन्धी ७ महिना भारतमा

प्रशासन तालिम ३ महिना

हुलाक तालिम ३ महिना

प्राथमिक शिक्षक तालिम १० महिना

जनसङ्ख्या शिक्षा तालिम

संलग्नता

आजीवन सदस्य

बागमती सेवा समिति

मामुण्डा माई संरक्षण समिति

ज्येष्ठ नागरिक समाज नेपाल

पूर्व कर्मचारी परिषद्

मणीदो बचत तथा ऋण सहकारी संस्था

सदस्य : हातेमालो साहित्य प्रतिष्ठान

विभिन्न साहित्यिक प्रतिष्ठानबाट सञ्चालित कार्यक्रमहरूमा कविता कथा आदि रचना वाचन ।

भ्रमण

भारत, बङ्गलादेश, बैंकक, हङ्कङ, फिलिपिन्स, जापान, सिङ्गापुर आदि ।

कदर एवं सम्मान

- लीलाध्वज थापा साहित्य प्रतिष्ठान, स्रष्टा समाज काठमाडौँ र जगतद्गुरु शङ्खमूल घामबाट समेत गरी ६ वटा कदरपत्र प्राप्त ।
- ज्येष्ठ नागरिक, चामुण्डा माई संरक्षण समिति र श्रीमद्भागवत पितृभूमि ज्ञान महायज्ञ शङ्खमूलबाट समेत ३ पटक सम्मानित भएको ।
- शिक्षा क्षेत्रमा प्रशंसनीय कार्य गरेबापत छब्बिसौँ शिक्षा दिवस २०५७ मा पदकसहित पुरस्कार एवं प्रमाणपत्र प्राप्त ।

प्रकाशित


'चोट' कवितासङ्ग्रह– २०७६

विभिन्न पत्रपत्रिका, गो.प.र अन्य विभिन्न स्मृतिग्रन्थहरूमा लेख रचना, कविता, कथा आदि प्रकाशित ।


अन्य

नेपाल सरकार, हुलाक सेवा, शिक्षा मन्त्रालय र अन्तरगत कार्यालयहरूमा ३० वर्षभन्दा बढी सेवा गरी तालिम अधिकृत र अधिकृत भई शिक्षकहरूलाई तालिम दिएको र ६५ जिल्लामा गई अन्य कार्य गरेको हाल डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयमा कार्यरत ।

●



लेखकका मातापिता



परिवारका साथ लेखक



पारिवारिक जमघट ।



कुमार नेपाल

यस पुस्तकबाट स्वर्गीय रेग्मीको व्यक्तित्व र उहाँका योगदानबारे थप जानकारी हासिल गर्न सहज हुने मेरो विश्वास छ। अघिल्लो पुस्ताका अधिकांश मानिसहरू स्वर्गीय रेग्मीको व्यक्तित्वबारे जानकार नै छन्। यद्यपि स्वर्गीय रेग्मीसँग सम्बन्धित विविध विषयलाई मिहिन ढङ्गले उल्लेख गरिएकाले उहाँबारे जान्न चाहने सबैका लागि यो पुस्तक उपयोगी हुने देखिन्छ।

गङ्गाप्रसाद उप्रेती

नेपालको लोकतान्त्रिक आन्दोलन, राजनीति र इतिहास लेखनको क्षेत्रमा आफ्नो छुट्टै विशिष्ट स्थान बनाउन सक्षम डा. डिल्लीरमण रेग्मीको जीवनी र कार्यलाई केलाउनु र पाठकहरूलाई चिनाउनु यस कृतिको विशेषता हो। त्यसैले म फेरि एकचोटि लेखक कुमार नेपाललाई डा. रेग्मीका विषयमा यति महत्त्वपूर्ण पुस्तक लेखेर पाठकसामु पुऱ्याउन खोज्नुभएकोमा हार्दिक बधाई र धन्यवाद दिन चाहन्छु।

इन्दिरा दली

विभिन्न साहित्यिक संस्थामा संलग्न कुमार नेपाल सरल एवं मृदुभाषी हुनुहुन्छ। उहाँले विभिन्न संस्थाहरूबाट पदक, पुरस्कार एवं सम्मान प्राप्त गर्नुभएको छ भने विभिन्न पत्र-पत्रिकाहरूमा लेख, रचना, कविता, कथा आदि प्रकाशित भएका छन्।

ठाकुर शर्मा भण्डारी

ISBN 9937-9411-7-2

प्रकाशक
दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल
चाबहिल, काठमाडौं, ४४८६४७६

9789937941174